वर्ष २१/ पूर्णाङ्क ६०/ फागुन २०६४

(मासिक)

दायित्व

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६

सम्पादन सल्लाहकार
ठाकुर शर्मा
फोन नं. ४-४२०६१०

व्यवस्थापक
लक्ष्मी पन्त
फोन नं. ४-४८६४७६

सह-सम्पादक
यादव भट्टराई
फोन नं. ४-७८३२६४

विशेष सहयोगी
केशवराज पन्त
फोन नं. ४-४६४९८६

सहयोगी
विष्णु ज्ञवाली
विज्ञान पन्त

आवरण सज्जा
राजेश मानन्धर

कम्प्युटर
अरुण रिमाल
९८४१३८९१४८

कार्यालय
घ-२७२/७०, चावहिल-७
काठमाडौं
फोन ४-४७४९८३
पो. ब. नं. ६७६६, काठमाडौं

सहयोग
संस्थागत रु. ५०/-
व्यक्तिगत रु. २५/-

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल
e-mail: dayitwa@hotmail.com

मुद्रण:
सूर्योदय छापाखाना

दायित्व वाङ्मय प्रतिष्ठान, नेपालः केन्द्रीय कार्यसमिति

रामप्रसाद पन्त	अध्यक्ष	९८४१५२६०१७	बालकृष्ण शर्मा	सदस्य	९८४१२५२८७९
ठाकुर शर्मा	उपाध्यक्ष	९८४१२४५३३१	भागवत ढकाल	सदस्य	९८४१२७१२२६
यादव भट्टराई	महासचिव	९८४१२६९००९	देवी नेपालं	सदस्य	९८४१४४४१३५
केशवराज पन्त	सचिव	९८४१३४८८३६	ममता शर्मा नेपाल	सदस्य	९८४१३७०४१५
कमलप्रसाद ज्ञवाली	कोषाध्यक्ष	९८४१२९८५१४	अनिल कोइराला	सदस्य	९८४१२५०४५२
अर्जुन विरक्ति	सदस्य	९८५१०६५४७६	जयदेवकृष्ण श्रेष्ठ	सदस्य	९८५१०६३२५८
माधव घिमिरे	सदस्य	९८४१४५०८४०	रेवतीरमण पोखरेल	सदस्य	९८४१२६९००८

सम्पादकीय.....

- नेपाली पत्रकारिताको इतिहासमा साहित्यिक पत्रकारिता सबैभन्दा पुरानो हो र योगदानको दृष्टिले पनि जेठो हो । तर साहित्यिक पत्रकारिताप्रति सत्तासीनहरूको आँखा नपुगेर यो कान्छोजस्तो हुनपुगेको छ । साहित्यिक पत्रकारिताको आलोक विशाल छ, आकार फराकिलो छ । यो पेशा खालि पत्रिका निकाल्ने कुरामा मात्र सीमित हुन सक्दैन । साहित्यिक स्तम्भ लेख्ने र विद्युतीय सञ्चार माध्यमबाट साहित्यिक पत्रकारिताका बारेमा लेख्ने र बोल्नेहरू पनि साहित्यिक पत्रकार हुन् भन्ने हामीले बुझ्नुपर्छ ।

- वि.सं. १९५५ सालमा प्रकाशित 'सुधासागर' देखि सुरू भएको साहित्यिक पत्रकारिताले १०९ वर्ष पूरा गरिसकेको छ । यसबीचमा धुप्रै साहित्यिक पत्रिकाहरू पनि देखापरे । साहित्यलाई जोडेर केही पत्रकारिता सम्बन्धी पुरस्कारहरू पनि स्थापित गरिए । तर स्रोत र साधनको अभावमा धेरै पत्रिका र पुरस्कारहरूको गति रोकियो । केही धुकुरधुकुर चलिरहेका छन् ।

- यसरी साहित्यिक पत्रकारिताले गति लिन नसक्नुमा एक अर्थमा साहित्यिक पत्रकारहरू सङ्गठित हुन नसक्नु र पत्रकारिताको नाममा स्थापित संस्थाहरू क्रियाशील नहुनु नै हो । यस अतिरिक्त सरकारी स्तरबाट साहित्यिक पत्रिकाप्रति दरिलो नीति नअपनाउनु र पत्रकारहरूको शिष्टता, सरलता र उदारभावनाप्रति गलत फाइदा उठाउनु हो ।

- साहित्य, कला र संस्कृति भनेका देशका गहना हुन् र यिनले देशको स्वरूपलाई सुन्दर र गरिमामय बनाई राख्छन् । देशको असली रूप पहिचान गर्छन् र स्वदेशी हुनुको भिन्नतालाई विश्व समक्ष पहिचान गराउँछन् । यो कुरा सहृदयी, स्वाभिमानी र देशप्रेमी नागरिकले मात्र बुझ्न सक्छ, न कि हृदयविहीन अराजक पक्षले ।

- देशमा अहिले लोकतन्त्र आएको छ । राजनीति गर्नेहरू भन्दाहुन् - हामीले सङ्घर्ष गरेर आएको हो । तर आज सत्ताको मदहोसमा मदोन्मत्त भएकाहरूलाई थाहा छैन, लोकतन्त्र ल्याउनुमा साहित्यकर्मीको पनि हात छ । कलाकर्मीहरूको पनि हात छ । भाषा-संस्कृतिका अनुयायीहरूको पनि हात छ ।

- अहिले जताततै लोकतन्त्र छाएको छ । सबै वर्ग, समुदाय र जनजातीहरूमा लोकतन्त्रले महत्व पाएको छ । तर साहित्यकार र साहित्यिक पत्रकारहरूलाई भने लोकतन्त्रले झन् निरूत्साहित तुल्याएको छ । यसर्थ कि संस्कृति मन्त्रालयबाट साहित्य, संस्कृति र कलासँग आबद्धसंस्थाहरूलाई टोकनको रूपमा प्रदान गर्दै आएको आर्थिक सहयोग कटौती गरिएको छ, प्रज्ञा परिषद्को अभावमा नेपाल प्रज्ञाप्रतिष्ठानबाट प्रदान गरिदै आएको साहित्यिक पत्रकारिता सहयोग कोष र साहित्यकार उपचार कोष फ्रिज गरिएको छ । कालान्तरमा त्यस कोषको वितरणबाट साहित्यिक पत्रिका र साहित्यकार फलभोगी हुने हुन् या होइनन् कुनै निश्चितता छैन ।

- यसरी राज्यपक्षबाट साहित्यिक पत्रिका, साहित्यिक पत्रकार र साहित्यकारहरूको ढाड भाँच्ने काम भइरहेको अवस्थामा साहित्यिक पत्रकारितालाई व्यवस्थित र क्रियाशील बनाउदै पत्रकारिताको विकास गर्ने उद्देश्यले नेपाल साहित्यिक पत्रकार संघ-२०६३ गठन भएको छ । यस संस्थाले छोटो समयावधिमा पनि धेरै उपलब्धिपूर्ण काम गरेको छ । जसमध्ये साहित्यिक पत्रकारिता सम्बन्धी हेटौंडा घोषणापत्र २०६४ लाई प्रमुखरूपमा लिन सकिन्छ ।

- साहित्यिक पत्रकारिताले लिने प्रतिबद्धतासहित सार्वजानिक गरिएको १२ बुँदे घोषणापत्रमा संघको भवन निर्माणार्थ जग्गा उपलब्ध हुनुपर्ने, पत्रकारितासँग सम्बन्धित संस्थाहरूमा संघको प्रतिनिधित्व हुनुपर्ने, प्रेस काउन्सिल नेपालले साहित्यिक पत्रकारितालाई अलग्गै मान्यता दिनुपर्ने, नेपाल प्रज्ञाप्रतिष्ठानमा रहेको साहित्यिक पत्रकारिता सहयोग कोष तथा साहित्यकार उपचार कोषलाई कार्यान्वयन गर्नुपर्ने, सरकारीस्तरबाट साहित्यिक पत्रिका खरिद गर्ने व्यवस्था हुनुपर्ने, प्रेसपास उपलब्ध गराउनु पर्ने, प्रेसकाउन्सिल नेपालद्वारा साहित्यिक पत्रिकाहरूलाई पनि वर्गीकरण गरी सुविधा उपलब्ध गराउनुपर्ने, साहित्यिक पत्र-पत्रिकाको बिक्री वितरणको व्यवस्था साझा प्रकाशनमार्फत् हुनुपर्ने, अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारको सुनिश्चितताका लागि संविधानसभामार्फत् यथाशिघ्र सङ्घीय गणतन्त्रात्मक राज्यको स्थापना हुनुपर्ने आदि माग रहेका छन् ।

- नेपाल साहित्यिक पत्रकार संघले लिएको उक्त प्रतिबद्धतासँग आबद्धहुँदै दायित्व पनि अगाडि बढिरहेको छ । साथै संघ बलियो नभइकन साहित्यिक पत्रकार बलिया हुँदैनन्, साहित्यिक पत्रकार बलिया नभई साहित्यिक पत्रकारिता बलियो हुँदैन, साहित्यिक पत्रकारिता बलियो नभई सम्पूर्ण साहित्य जगत् बलियो हुँदैन । साहित्य, कला र संस्कृति सम्मृद्ध नभइकन सुन्दर नेपालको नयाँ स्वरूप निर्माण हुन सक्दैन भन्ने कुरामा दायित्व विश्वास राख्दछ ।

दायित्व

(साहित्यिक मासिक)

विषयक्रम

सूचना	पेज नं.	स्रष्टा
कथा/लघुकथा		
अपराधबोध	४४	ललिता दोषी
दोषी को ?	४८	नारायण गोदारे
चेली-भावना	५२	मधुसूदनप्रसाद घिमिरे
उनी र म	५५	गीता लामिछाने
समयले मन नपरेको मान्छे	५८	दिनमान गुर्मछान 'दिगु'
दुई लघुकथा	६७	विष्णु न्यौपाने
बुढो मसलाको रूख	६८	जयशङ्कर महर्जन
लेख/निबन्ध		
लज्जा	१४	गोविन्दप्रसाद घिमिरे
धुनिबेसीमा काव्यधुनी	२१	रामप्रसाद पन्त
नाटकमा नाट्यसौन्दर्य	३२	गुणराज काफ्ले
यमराज सन्मुखे नेता उबाच	६०	युवराज मैनाली
संस्मरण/यात्रासंस्मरण		
मेरा वैकुण्ठ दाइ	१	फणीन्द्रराज खेताला
दाइ तपाईको साथमा केही हतियार छ ?	३५	बासुदेव गुरागाई
समीक्षा/समालोचना		
धनश्याम राजकर्णिकारका दुई कृति	५	प्रा. गोपीकृष्ण शर्मा
'जापानी छन्दमा नेपाली कविता'	११	राधेश्याम भट्टराई
चार कृतिको परिक्रमा गर्दा	१७	ठाकुर शर्मा
कलमको चक्र: धराबासीको 'आधाबाटो'	२४	प्रकाशमणि दहाल
दुई कृति: एक दृष्टि	२९	यादव भट्टराई
घलेजीको मन-मन्थन	४१	मुक्तिनाथ शर्मा
'बिबश जिन्दगी' को सफल परिणति	६६	बिजयराज न्यौपाने
कविता/गीत/गजल/मुक्तक/हाइकु/सेदोका		

खड्गबहादुर चापागाई- १०/ मुकुन्द पथिक- ३४/ रासा- ३४/ धुस्वाँ सायमि- ३९/ मोहनबहादुर कायस्थ- ४०/दामोदर पुढासैनी 'किशोर'- ४३/ विश्व सिग्देल- ४७/ मोहन दुवाल- ५०/ आर.के. अदिप्त गिरी- ५१/ प्रमोद स्नेही- ५१/ प्रतिभा गुरागाई- ५४/ हेमन्तप्रसाद दहाल- ५७/ मधुस न्यौपाने- ६०/प्रभाती किरण- ६१/ ब्रम्मप्रिय प्रेमस्वरूप- ६१/दुर्गा चापागाई- ६५/ कैलाश गुरुङ- ६५/ सुमन आचार्य- ७१/जय गौडेल- ७२/

कृति परिक्रमा

सुमित्रा बाँस्कोटा- ६२/ अरुण खत्री 'नदी'-६३/

लघुकथा

दुई लघुकथा

✍ विष्णु न्यौपाने

१. अबोध

राजु एक लगनशील विद्यार्थी अनि एक कोमल हृदय भएको बालक। आफ्नो दायित्वप्रति उसले हिजोको गृहकार्य सबै भ्याएको छ। उनकी आमा राजुलाई खाना खुवाउँछिन् र लुगा लगाइदिएर स्कूल पठाउँछिन्।

राजु निकै उत्साहित भएर स्कूलतर्फ लाग्छ। मनमनै कल्पिन्छ, आहा! मिसले आज मलाई धन्यवाद दिनुहुनेछ। आज उहाँले नयाँ पाठ पढाउने भन्नुभएको छ। खेलकुदमा पनि भाग लिएको छु। खेलमा मैले जित्ने कोशिस गर्नेछु आदि..... यत्तिकैमा ऊ, विद्यालयको गेटनिर आइपुग्छ। उसका लागि त्यो विशाल गेट पहाडझैं लाग्दछ। त्यो फलामेपाताको भयङ्कर ढोका बन्द भएकोमा ऊ आश्चर्यमा पर्छ। आज छुट्टि पनि होइन, किन बन्द भो भन्दै उसले चिच्याउँछ। ढोकाको काँपबाट, "ढोका खोल्नुहोस् न"।

ऊ लगातार केहीबेर चिच्याएपछि कतैबाट आवाज आउँछ- आज हाम्रो हडताल छ। त्यो अबोध बालकले एकोहोरो भन्यो - 'त, के भयो ?' तपाई हडताल गर्नुहोस्। म आफ्नो गृहकार्य देखाएर अनि खेलकुदमा भाग लिएर फर्किहाल्दछु। नत्र, मिस फेरि मसँग रिसाउनुहुन्छ। आज नै गृहकार्य देखाउनु छ भन्दै ढोका खोल्ने प्रतीक्षामा बाहिर कुरिरहन्छ, कुरिरहन्छ।

२.धोका

मुग्लान गएको मानिससाई हुलाकीले एउटा चिठ्ठी ल्याएर बुझायो। उसले उत्साहसाथ खोल्यो र पढ्यो। अर्धाङ्गीनीको रहेछ। चिठ्ठीमा लेखिएको थियो। 'प्रणाम, कुशल मङ्गल रहनुहोला।' तपाईंले लगाइदिएको अङ्गुठी र मायाको अथाह सागरमा धेरै दिन आस गरेर बस्न सकिएन। अरूको निगाहले धेरैदिन बाँच्न दिएन, चोखो माया साँच्न दिएन।

त्यसैले बुढा मुखियाले मलाई कान्छी बनाउने प्रस्ताव आफै लिएर आयो। मैले जाने निर्णय गरें। तपाईंको अङ्गुठी उनैकहाँ धितो छ। तपाईं पनि उतै घरजम गर्नुहोला तर बिन्ति बिहे गरेर मलाई भैं उनलाई एक्लै नछोड्नुहोला बाध्यताले धोका दिनेछ।

गजल

✍ जय गौडेल

म बोक्दैछु ठूलो दवाव जिन्दगीको
सधैं खट्कने भो अभाव जिन्दगीको।

दियौ दूर बस्ने सुझाव जिन्दगीको
भयो दूर मेरो झुकाव जिन्दगीको।

मभित्रै लुकेको छ त्यो काल कालो
लगाएर एउटा नकाब जिन्दगीको।

लगाएर पानी सजाएर राख्न
फुलेकै छ रातो गुलाब जिन्दगीको।

थुपारेर नानाथरी पुस्तकहरू ती
कहाँ बुझ्दछौ यो किताब जिन्दगीको।

यता हुन्छ नाफा उता हुन्छ घाटा
नमिल्ने भयो यो हिसाब जिन्दगीको।

नदेखाऊ भट्टी म देख्दैछु तिसै
नयनमा अधरमा शराब जिन्दगीको

स्याङ्जा, रापाकोट-५

आफूले पाउने रकम पेन्सन र अन्य कुनै कुराको विचारै नगरी आफूले जिन्गीभर सांचेर राखेको तलब दुई-तीन लाख लिएर आएको थियो। उसंग त्यति रकम छ भनी न आफूलाई न अरू कसैलाई थाहा थियो। त्यो रकम उसले आफ्नो टिनको छाप्रोको चारकुनामा प्लास्टिकमा बेरी वर्षौंपछि पनि केही नहोस् भनी बेरेर गाडिदियो।

यसरी उसले राष्ट्रसेवक भई वर्षौंको परिश्रमले कमाएको रकम मोटोमा बिलिन गरायो। सानो रकमले पनि राष्ट्रका केही व्यक्तिहरू ठूलाठूला भएका छन् भन्ने पनि उसमा हेक्का रहेन। न आर्थिक, न सामाजिक, न राजनीतिक, न धार्मिक क्षेत्रमा आर्थिक अनुदान नै दिन सब्यो।

श्रावणको महिना थियो। हेर्दैमा डरलाग्दो मसलाको रूखले घेग्न नसक्नेगरी अचानक ठूलो आँधिबेहरी आयो। त्यसबेला सेतोफर्सी आफ्नो परिवार, यौवनकाल र सैनिक क्याम्पको सपना देख्दै थियो। आफ्नो नयाँ सरूवा भइआएको प्रमुखलाई हत्याराहरूले मार्ने धम्की दिंदै थिए। प्रमुखलाई बचाउन पऱ्यो भनी आफ्नो हातमा रहेको लौरो लिई खिया लागेको छाप्रोको सानो दुलोबाट लौरोलाई बन्दुक ठानी बाहिरपट्टि तेस्र्यायो र आफ्नो मुखबाट 'ठिस्यूँ' भनी आवाज निकाल्यो। त्यसै समयमा ठूलो आवाजसहित आएको आँधिबेहरीले बूढो मसलाको रूख डाँडै हल्लिने गरी गड्याम्म ढल्यो र संगसंगै उसलाई पनि च्याँप्यो। र, एउटा राष्ट्रसेवकको मृत्यु भयो।

भोलिपल्ट वरपरका मानिसहरूले रूख ढलेको देखे। तर, तिनीहरूलाई के थाहा टिनको छाप्रोमा केही मरेको छ भन्ने। तीमध्ये एकजनालाई याद आयो- यो रूख सेतोफर्सी जन्मेको दिन वृक्षरोपण गरिएको थियो, जसको नाम आर्मीमा भर्तीहुंदा 'गोरे राई' मा परिणत गरिएको थियो। उसले त्यो टिनको छाप्रोमा गई नियाल्यो। त्यहाँ एकजना बूढो मेरेको देख्यो र चिच्चायो - 'गोरे दाइ !'

× × ×

देशलाई शुभकामना

✍ सुमन आचार्य

प्रत्येक हृदयको स्वर्णिम नेपाली पानामा
लेखिएको एउटा झेली इतिहास
आफैंलाई पराजित गरेर
अगाडि बढ्ने अनौठो कल्पनामा
जुनकिरीको पुच्छरले बम नसल्कियोस्
सह-अस्तित्व चाहिएको बेला
गोली नफलोस् हाम्रो माटोमा
आमाको आत्मा घायल पारेर
फेरि पनि युद्ध नहोस् देशमा
प्रत्येक नेपाली काखबाट
फेरि, बारूदको धुवाँ आउने छैन
बन्दुकको नालमा बुद्ध नदेखून् कोही
मान्छेकै पूजामा मान्छे प्रसाद छैन
शान्तिको घाँटी नकसून् कोही
पखालेर सगरमाथा बगाइने छैन रगतमा
आमाको बलात्कारमा सम्झौता गरेर
फेरि पनि युद्ध नहोस् देशमा
प्रत्येक नेपाली टाउकोमा सधैं
स्वाभिमान र साहस फलोस्
एउटाको आँसु अर्को पुछ्ने चाहत मिलोस्
डकैती नहोस् अधिकार सुरक्षामा शक्ति मिलोस्
गाली नहोस् नेपालीमा देशभक्ति मिलोस्।

भरतपुर-१, धनुषा।

दायित्व वाङ्मय प्रतिष्ठानका नव-सदस्यहरूको सङ्क्षिप्त परिचय

नाम थर : शेषराज सिवाकोटी
जन्ममिति/जन्मस्थान : २०१६ भदौ४, सुन्धानी गा.वि.स.- ४, दोलखा
बाबु/आमा : रुक्मणीराम सिवाकोटी/ओमकुमारी सिवाकोटी
शैक्षिक उपाधि : कानूनमा स्नातक
प्रकाशित कृति : एक्काइस
मुख्यविधा : कानून/साहित्य/इतिहास
पुरस्कार/सम्मान : भुपालमान सिंह साहित्य पुरस्कार - २०५८/प्रेस काउन्सिल पुरस्कार २०५४
आबद्ध संस्था : ज्ञानगुन साहित्य प्रतिष्ठान/ ज्ञानगुन प्रकाशन
सम्प्रति : श्रम अदालत काठमाडौं

नाम थर : रामचन्द्र बस्नेत
साहित्यिक नाम : विद्रोही सार्की
जन्ममिति/जन्मस्थान : २०१२ श्रावण १८ गते /हुमिन गा.वि.स.- ८, पाल्पा
बाबु/आमा : ज्ञानबहादुर बस्नेत/ज्यानकुमारी बस्नेत
शैक्षिक उपाधि : एम.पि.ए./एम.ए अर्थशास्त्र अध्ययनरत/कृषि शिक्षा डिप्लोमा/बि.एल.
प्रकाशित कृति : दायित्व लगायत विभिन्न पत्रपत्रिकाहरुमा रचना प्रकाशित/प्रशासन पत्रिका सम्पादन
मुख्य विधा : गद्य/पद्य
पुरस्कार/सम्मान : इन्तुरेडद्वारा आयोजित निबन्ध प्रतियोगितामा द्वितीय
आबद्ध संस्था : अध्यक्ष-सामाजिक परिबर्तन तथा नीति अनुसन्धान केन्द्र
सम्प्रति : निजामती सेवा

नाम थर : छविरमण सिलवाल
जन्ममिति/जन्मस्थान : २०२७ कार्तिक १५ गते /मेथिनकोट गा.वि.स.- २, काभ्रे
बाबु/आमा : स्व. देवीप्रसाद सिलवाल/ दीर्घलक्ष्मी सिलबाल
शैक्षिक उपाधि : स्नातक
प्रकाशित कृति : १)सहृदयी स्वरहरु (संयुक्त कवितासङ्ग्रह) २) सिर्जनाका लहरहरु (समीक्षासङ्ग्रह)
प्रकाशोन्मुख कृति : तीनवटा
मुख्यविधा : कविता
पुरस्कार/सम्मान : नबकबिता पुरस्कार- २०५३/युवावर्ष हीराबहादुर साहित्य पुरस्कार २०६३
आबद्ध संस्था : संस्थापक अध्यक्ष-काभ्रेली साहित्य समाज/सहसचिव- सुनकोसी साहित्य प्रतिष्ठान/ सल्लाहकार- रोसी वाङ्मय प्रतिष्ठान/ संरक्षक- जनमत प्रकाशन/ सदस्य-सुगन्ध प्रकाशन/ सर्वदा वाङ्मय प्रतिष्ठान/नागार्जुन साहित्य प्रतिष्ठान/ पेरोल साहित्य प्रतिष्ठान/ गजलमञ्च नेपाल
सम्प्रति : व्यापार/लेखन

नाम थर : प्रतापजङ्ग शाह
जन्ममिति/जन्मस्थान : १९९१ माघ श्रीपञ्चमी, नुवाकोट
हाल बसोबास बौकोट, चाबहिल-६, काठमाडौं
बाबु/आमा : स्व.लोकजङ्ग शाह/शुभलक्ष्मी शाह
शैक्षिक उपाधि : स्वाध्ययन
प्रकाशित कृति : विभिन्न पत्रपत्रिकाहरुमा लेख रचना प्रकाशित
प्रकाशोन्मुख कृति : एक
आबद्ध संस्था : सत्सङ्ग समिति
सम्प्रति : समाजसेवा/महाभारतको विशेष अध्ययन

आत्मसंस्मरण

मेरा वैकुण्ठ दाइ

फणीन्द्रराज खेतान

संसारलाई नाट्यशाला र मनुष्यरूपी प्राणीलाई यो नाट्यशालामा नाटक गर्ने पात्रको रूपमा व्याख्या गर्दै धेरै विद्वान्ले आफ्नो मत जाहेर गरेका पुराना वा आधुनिक धारणा पढिएको थियो र त्यही भनाइ व्यवहारमा आएको पनि देखिएको थियो वा देखिँदै आएको छ। अहिले पनि गम्भीर विषयमा आधारित ग्रन्थको अध्ययन गर्दा उक्त भनाइको बारेमा व्याख्या गरेको पाइन्छ। अर्थात् 'जीव र जगत्' को कस्तो सम्बन्ध छ र 'वास्तविकता के हो?' भन्ने चिन्तन र मनन गरेको पाइन्छ। जब म यस्ता बारेमा ग्रन्थको अध्ययन गर्छु अथवा पढ्ने गर्छु त्यतिबेला मेरो मस्तिस्कमा आफ्नो जीवनको दौडमा केही समय वा लामै समयसम्म सँगै दौडिएका व्यक्तिको सजीव चित्र देखापर्छन्। आज यहाँ तिनै व्यक्तिमध्येको एक व्यक्तिको बारेमा मैले आफ्नो कलम दौडाउन थालेको छु।

माथि मैले कलमको दौड त भनें, कलमसँगै मसँग मेरो विचार पनि दौडिएको हुन्छ। यसको अन्त्यचाँहि त्यस्तो ठाउँमा पुगेर हुन्छ जहाँ गोल-पोष्ट राखिएको हुन्छ। सुरुदेखि अर्थात् मेरो जीवनको तीन वर्ष उमेरदेखि आठ वर्षे उमेरसम्म उनी र म त्यो दौडमा सँगै हुनछौं तर उनी धेरै अगाडि पुगिसकेका हुन्छन् पैला हुँदै गोल पोष्टभित्र भकुण्डोसँगै प्रवेश गरेर हराउँछन्। यो खेलमा गोलपश्चात् उमङ्ग र उल्लासको वातावरण पैदा भएको थिएन। बरू दर्शकबीचमा डाँको छोडाइ, रोदन र आँसुको भेल थियो अथवा आँसुको बाढी थियो। आजको कारूणिक खेलका नायक थिए तीस वर्षका बैकुण्ठ दाइ।

बैकुण्ठ दाइ मेरा साक्षै दाइ पनि होइनन् वा थिएनन्। उनीसँग मेरो जीवनावधिमा मुस्किलले ६ वर्षको मात्र सहवास थियो, त्यो पनि केवल बाल्य र पूर्व कैशोर्यावस्थामा अर्थात् म तीन वर्षको छँदादेखि (यो मेरी आमाको भनाइअनुसार) नौ वर्षमा प्रवेश गर्नु केही अघिसम्म मात्र। किनभने १९८७ साल साउनसम्म मात्र, किनभने त्यही साउनको अन्त्यतिर उहाँको स्वर्गवास भएको थियो। त्यतिबेला उहाँ की पत्नी गर्भवती हुनुहुन्थ्यो र आमा बूढी हुनुहुन्थ्यो। यस्ता कुरा म आमाले अरूसँग कुरा गर्दा सुनेको हुँ, किभने त्यतिबेला म केटाकेटी नै थिएँ। मसँग त्यस्ता कुरा गरिँदैन थियो तर अलि बुझ्ने भएपछि उहाँबारे धेरै कुरा थाहा पाएँ। जब हाम्रो परिवार काठमाडौंबाट सर्लाही जिल्लाको भेलही गाउँमा प्रवेश गरेको थियो। हाम्रै परिवारसँग आफ्नी करिब ६० वर्षकी बूढी आमा र युवा पत्नीलाई साथमा लिएर आउनु भएको थियो रे। उहाँ सर्लाहीको त्यो गाउँसहित अन्य सात मौजाको काममा सघाउने कामका निम्ति आउनु भएको थियो। त्यहाँ जमिन्दारी थियो। उहाँको काठमाडौंको भैंमाल भन्ने ठाउँमा घर थियो रे। त्यहाँ उहाँको सौतेनी दाजु बस्नु हुन्थ्यो रे। मसँग बैकुण्ठ दाइको स्नेहमही हिमचिमको माध्यम हुनुहुन्थ्यो उहाँ पत्नीकी, जसलाई आमाहरू दुलही सम्बोधन गर्नुहुन्थ्यो भने म चाँहि भाउजू। दाइ पिताजीहरूलाई ठेक्का र जमिन्दारीको काममा सघाउनु हुन्थ्यो भने भाउजुचाहि घरभित्रको काममा आमाहरूलाई। मैले यहाँ पिताजी र आमाहरूलाई भनें, त्यसको खास कारण मेरा पिताजीका छ दाजुभाइमध्ये त्यतिबेला पाँच हुनुहुन्थ्यो। जेठाबा पहिले नै स्वर्गीय भइसक्नु भएको थियो पत्नी र

ब्यारेक छाडेर जानुपर्ने भयो। लामो सुसेली हाली ऊ धचबक्क बस्यो र त्यहीं निदायो। उसलाई आफू कहाँ छु र के गर्दैछु भन्ने पनि थाहा थिएन। उसले मम्फ्यो बालककालको याद। त्यसबेलाको सम्झना देश र जनताको रक्षा गर्ने एक नागरिक बन्नेछु भन्ने थियो।

भोलिपल्ट ऊ सबेरै उठ्यो। आफ्नो प्रमुखलाई ढोग गऱ्यो। प्रमुखको अनुहार न त मलिनो थियो न त चिन्ता। उसले 'हुन्छ' भन्यो। ऊ प्रमुखबाट बिदाबारी भई निस्कन लाग्दा सबैलाई उसले नमस्कार गऱ्यो। सबैको अनुहार मलिनो र गहभरि आँशु, उसको मुखमा न बोली न हँसाई।

काठमाडौंको बसमा चढ्न लाग्दा पुराना साथीलाई भेटेर उसले नमस्कार गऱ्यो, अरूले पनि फर्काए र भने 'सेतोफर्सी' दाइ। तपाई पनि अबकाश पाई घर फर्कन लागेको ?' तर ऊ केही बोलेन। शिरमात्र हल्लायो। त्यसपछि 'साथी म बिदा पाउँ है' भनी नमस्कार गरी आफ्नो बाटो लाग्यो। उसलाई सैनिकभर्ती जिन्दगीभर बिताउने थलो रहेनछ' भन्ने बल्ल हेक्का भयो।

यसरी दर्जनौ साथीहरूलाई नमस्कार गर्दै आफ्नो घर फर्कंने क्रममा काठमाडौंको तीनकुने, माछापोखरी, नुवाकोटको बसपार्कमा पुग्यो। एकछिनको विश्राममा कसैले अब यो दिन नेपाल बन्द ! यो दिन उपत्यका बन्द ! यो दिन धादिङ, रसुवा र नुवाकोट बन्द ! यो ठाउँमा आर्मी र माओवादीको भिडन्त भयो, यहाँ यतिजना मरे। यो स्थानमा पेस्तोल हानेर मान्छे मऱ्यो भन्ने कुराहरू यत्रतत्र बसेका मान्छेहरूले भनेको सुनेर उसलाई उकुस-मुकुस भइरहेको थियो। त्यसै समयमा उसले आफ्नो पुरोनो बटालियनप्रमुखलाई भेट्यो र नमस्कार गऱ्यो। काठमाडौं आइपुग्दासम्म उसको आधा जिउ घटिसकेको थियो। उसको अवस्था देखेर प्रमुखले -'तपाइलाई के भयो ? सच्चो भएन कि मेरो घरमा बसौं' भन्यो। घर जान लोगेको छु, कृपया नछेक्नुहोला श्रीमान्' भन्यो।

बिचरा सेतोफर्सी सकिनसकी बसमा चढ्यो। तर सिट नभएकोले भुइँमा बसी आफ्नो यात्रा सुरू गऱ्यो। खलासीले ठाउँहरूको लिदै भएको थियो। पैतिसकिलो आइपुगेपछि त्यो ६८ वर्षको बुढो ओलिएर यताउता गर्न थाल्यो। आफ्नो घर जाने बाटो पनि अल्मलियो। दुई/तीन घण्टापछि बल्ल ठम्यायो- मेरो घर जाने बाटो यही हो भनी। यताउति हेऱ्यो, आफू जन्मेको दिन रोपेको मसलाको रूख त्यही हुनुपर्छ भनी सोच्यो। त्यो मसलाको रूखफेदमा माहुरीले चाका लगाएको आधा भाग खाएकोले खोक्रो ठूलो भ्वाङ थियो। त्यसै पनि ढल्ला ढल्लाजस्तो थियो। ठूलो हुरी आयो कि ढल्ने अवस्थामा पुगेको थियो। त्यही रूखलाई निशान गरी सेतोफर्सी लौरो टेक्दै हातगोडाहरू कपाउँदै भीरबाट तलतिर झर्छु कि भनी डराई-डराई भिरालो, गल्ट्याङ-गुल्टुङ, धराप र बाङ्गोटिङ्गो बाटो उछिल्दै तीन घण्टापछि बल्लतल्ल आफ्नो घर पुग्यो।

आफूलाई चाहिने एक-दुई पाथी चामल र दुई-तीन किलो दाल लिई ऊ आफ्नो घर जाँदै थियो। आफू जन्मेको टुप्पोमा आइपुग्दा पनि होस भएन- आफू जन्मेको यही ठाउँ हो भनी। यताउति हेऱ्यो र यही हो मेरो जन्मथलो भनी ठोकुवा गरेर त्यहीं ध्याच्च बस्यो र सुसेली हाल्यो। रूखलाई दुई-तीनपल्ट वरिपरि घुमेर हेऱ्यो तर फेदमा खोक्रो देखेर उसको मन पोल्यो। 'मेरो हालतजस्तै भएछ यसको पनि' भनी टिनको छाप्रातर्फ लाग्यो। त्यस छाप्रोमा केही बेर नियालेर हेऱ्यो। त्यहाँ कोही नबस्ने भएकोले ठाउँठाउँमा खियाले खाई प्वालैप्वाल परेको थियो। बर्षाको पानी धेरन छाप्रोलाई गाढो परिरहेको थियो, मानौं ठूलो हुरी बतास आयो कि उडाउला जस्तो। आफू हुकंदा जुन किसिमले वातावरण थियो, अब त्यस्तो थिएन। त्यस ठाउँको वातावरणमा धेरै परिवर्तन भएको होला भनी सम्झेको थियो तर त्यस्तो थिएन। त्यो ठाउँ झन् बिरानो सुनसान र बसोबासशून्य भएको उसलाई अनुभव भयो।

हुन्छ भनी खुट्टा समाउन पुग्यो। सैनिक अवाक् हुनपुग्यो। 'बाबु' ! तिमी पनि सैनिकमा भर्ती हुने ?' भनी सोध्यो र प्रत्युत्तरमा 'हो हजुर' भन्यो। त्यसो भए वि.सं. १९७७ माघ २ गते त्रिशुलीको मैथली क्याम्पमा आउनु, त्यहाँ जाँच लिई भर्ना गर्छु भन्यो। त्यो ठिटोलाई माघ दुई गते भनेको के हो त्यो पनि थाहा थिएन। न त उसका साथी सङ्गातीहरूनै धेरै थिए। अनि पुनः प्रश्न गऱ्यो - दुई गते भनेको के हो ? प्रत्युत्तरमा - 'आजको १५ दिन पछि आउनु है' भन्यो। 'हस्' ! भनी फर्क्यो।

त्यसपछि बिर्सेला भनेर दिनदिनै टिनको छाप्रोमा धकाहरू कोर्दै पन्ध्र दिनपछि मैथली क्याम्पमा गयो। सबै जाँचहरूमा पहिला पहिला हुँदै गयो। हबल्दारले ठिटोले पहिलो खुट्टा समातेको याद गऱ्यो र 'बाबु' ! तिमीले पछि देशको ठूलो सेवा गर्न सक्छौं, ल तिमी आजदेखि भर्ती भयौं ', भन्यो। नभन्दै ठिटो व्यायाम र दौडमा अरूभन्दा पाँच मिनेट अगाडि नै सिध्याउंथ्यो। ठिटोलाई सैनिकका जुनसुकै व्यायामहरू सजिलै लाग्थ्यो। सैनिकको १८ महिने तालिम उसलाई साधरण जस्तै भयो। जङ्गलमा बिताएको रात, बिहान र बेलुका सधैं बुट सम्मी सैनिकको भर्ती उसलाई स्वर्गजस्तै लाग्दथ्यो। समय-समयमा त्यही बाटो भई आवत-जावत गर्दा, बाटोपर्दा आमाबाबुलाई डोग गर्न जाँदा, आफू जन्मदा रोपेको मसलाको रूख ठूलो हुँदै गएको साथीभाइलाई देखाउंथ्यो। हेर्दाहेर्दै भयङ्कर अग्लो हुँदै गइरहेको थियो- त्यो रूख।

सैनिकहरूको अदल-बदल र सरूवाको सिलसिलामा ऊ विकट ठाउँमा हिउँको डिक्काको पहाडै-पहाड, हिँडडुल गर्न सकस हुने, बढी उचाई भएकोले कहिलेकाहीँ श्वास फेर्न कठिनाइ हुने र खाना पकाउँदै तत्कालै कपाकप खानुपर्ने ठाउँमा पुगेछ। खान एक मिनेट ढीला भयो कि भात पनि चामल हुने त्यो चिसो अनकन्टार ठाउँ, कुनै दिन खानै नपाइने, कुनै दिन जङ्गलको कन्दमुल, अरिङ्गाल भारेर खानुपर्ने, स्कुस तासेर खानुपर्ने यस्तो विकट ठाउँ हुम्ला र जुम्लाको दोभान थियो - त्यो ठाउँ। तैपनि आफूलाई यो कुनै दुखःकष्ट होइन भन्ने लाग्दथ्यो। सबैको अगाडि ऊ वीर, बलवान्, सीधा, सोझो र इमान्दार देखियो। यसरी आफ्नो एक तहभन्दा माथिका सम्पूर्ण व्यक्तिलाई नमस्कार गर्ने र उनीहरूले अन्हाएको काम कारवाही नाई भन्दैनथ्यो र फत्ते गरिहाल्थ्यो। यसरी रातदिन नभनी आफ्नो दिलोज्यानले काम गर्थ्यो। त्यो पौरख र वीरता देखेर क्याम्पका प्रमुखले यो सेतोफर्सी मेरो निजी हेरचाहमै राख्छु भनी आफ्नै रेखदेखका लागि राख्न थाल्यो। उसको कामकाज देखेर सबै प्रमुखहरूले स्याबासी दिन्थे। काम प्रशस्त लगाउँथे तर उसलाई ती कामहरू सबै साधारण लाग्थ्यो।

कामकै सिलसिलामा सरूवा भई आएका सबै प्रमुखहरूले मन पराउने भएकोले ऊ कहिले पनि घर जाने मौका पाएन। घर जान छुट्टि लिन पनि सक्दैनथ्यो। समय बित्दै जाँदा उसलाई चिन्तेहरू कोही मरे, कोही सरूवा भएर कहाँ गए कहाँ। उसका आमाबाबु स्वर्गवास हुँदा मैथली क्याम्पमा सेतोफर्सीको बाबुआमा मरे भनी खबर गर्न जाँदा त्यस ठाउँमा मानिसहरूले त्यस्तो व्यक्ति हामीले चिनेका छैनौं, भने। दोस्रो र तेस्रो पटक पनि खोजतलासमा जाँदा त्यही जवाफ पाएकोले प्रश्न गर्नेहरू सबैजना फर्केर आए। बुढाबुढीको किरिया अरू कसैले गरिदिए। सेतोफर्सीको नाम अर्कै राखिएको थियो। त्यो नाम थियो- गोरे राई।

उसले लोमो अवधिसम्म इमान्दार र बफादार भएर फुर्तिसाथ काम गरिरह्यो। उमेर बितेको पत्तै भएन उसलाई। तर एक दिन यस्तो आयो कि उसले अवकाश-पत्र पायो। अब पऱ्यो सेतोफर्सीलाई फसाद। पाँच दशकसम्म आफूले दिलोज्यानले भ्याएसम्म रातदिन नभनी कार्य गरेको थलोबाट ऊ घर फर्कनुपर्दा आकाशबाट हवाइजहाज भुईंमा गड्याङ्ग खसेजस्तो भयो। उसलाई रातभरि निद्रा आएन र आफ्नो ब्यारेकमा रातभरि तीन-चार फन्को लगायो। यतिका वर्षसम्म काम गरेको यो

एक छोरालाई छोडेर वैकुण्ठ दाइ घरकै परिवारका सदस्य र उहाँ कि पत्नी पनि आमाहरूकी सहयोगी परिवारकै सबैभन्दा कान्छी नारी सदस्य। उहाँकी आमा मेरी हजुरआमा (विधवा) की सहयोगी सदस्य। त्यसैले हाम्रो त्यो ठूलो जहानमा उहाँहरूको स्थान पनि समान थियो। त्यति ठूलो परिवारमा केटाकेटीको सङ्ख्या केवल पाँच जतिमात्र। त्यसमा सबभन्दा ठूलो बा जेठो पाँच वर्ष प्रवेश गर्ने तरखरमा रहेको मन, अर्थात् छ दाजुभाइमध्येका पाँचौ भाइका छोरा म हो, मेरो घरमा मान्यजनले बोलाउने नाम थियो मन। बज्यै, पिता, मातावाहेक अरूले मलाई मन बाबु भन्थे। वैकुण्ठ दाइकी दुलही भाउजू मलाई बडो माया गर्नुहुन्थ्यो। त्यसैले म उहाँसँग भयाम्मिइन्थें र उज्यालो भएपछि बेलुकीसम्म धेरैजसो समय उहाँसँगै हुन्थें। कुनैकुनै दिन उहाँकै कोठामा निदाउँथें र उहाँ मलाई मेरो सुत्ने कोठामा लगेर सुताइदिनुहुन्थ्यो। यसरी म, दाइ र भाउजूसँग नजिकिएको थिए।

वैकुण्ठ दाइ केवल मार्य गर्ने मात्र होइन, उपध्याई गरेका बेला सजाय पनि गर्नुहुन्थ्यो। त्यसैले म उहाँको अदप राख्थें र उहाँसँग डराउँथें। तर सबभन्दा राम्रो उहाँको एउटा बानी थियो, त्यो हो हामी केटाकेटीसँग उहाँ केटाकेटी नै भएर व्यवहार पनि गर्नुहुन्थ्यो। खरको टाटी गोबर-माटोको लिउन लगाएको भए पनि र खरकै छानो भएको भए पनि , ठूलो आँगन चारैतिर ओसारा र कोठाहरू भएको त्यो चौघरा-घरको बीचमा हावाघर नाम दिएर बनाएको गोलो घर थियो। यो चारैतिर खुल्ला, तर बाँस र काठले घेरेर एकातिरबाट पस्न हुने गरी बनाइएको थियो। साँझपख अक्सर गर्मीका बेला बज्यै, पिताजीहरू त्यहीं बसेर घरेलु सल्लाहबाट गर्नुहुन्थ्यो। एक छेउमा बाहिर चटाई ओछ्याएको हुन्थ्यो, जहाँ हामी केटाकेटी बस्थ्यौं र वैकुण्ठ दाइले भनेका राजा, राजकुमार, राक्षस, भूतप्रेत आदि रसिला र आश्चर्यलाग्दा कथा सुन्थ्यौं। हाम्रो यो कथा गोष्ठीमा कहिलेकाहीँ आमाहरू, दरबारकी दिदी, भाउजू पनि सामेल हुनुहुन्थ्यो। यही घरसँग जोडिएको यस्तै तर सानो आँगन र पाँच या छ कोठा भएको उत्तरतिर अर्को तर पुरानो घर थियो। नयाँ घरको उत्तर लङ्मा भान्छा र भँडार थियो। पुरानो घरमा कामदाहरू बस्थे र गाईभैंसी र घोडाको दाना राख्ने कोठा पनि थियो। गोठ-तबेला र धन्सार कचहरी घर दक्षिणपट्टि छुट्टै थिए। यी सबै मूल घरभन्दा बाहिर थिए।

हुन त मेरा जेठा बा माइला बा, साहिँला बा, कान्छा बाका छोराहरू क्रमशः कृष्णदेव, बलदेव, प्रद्युम्न र धन दाजु नै थिए तापनि उहाँहरूमध्ये बलदेव, कृष्णदेव पढाइको सिलसिलामा बनारसमा र कहिले काठमाडौंमा नै बस्ने भएकोले र प्रद्युम्न दाइ अलि भिन्दै स्वभावको भएकोले धन अक्सर वीरगञ्जमै बस्ने र समबयस्क हुनाले त्यति खास हुँदैन थियो तर बलदेव दाइमा भने भिन्दै गुण थियो। उहाँ अक्सर केटाकेटीसँग जिस्कने र खेल्न अति मन पराउनुहुन्थ्यो। मलाई त कहिलेकाहीँ काँधमा बोकेर दगुर्नु पनि हुन्थ्यो। तर वैकुण्ठ दाइ भने अर्कै स्वभावको हुनुहुन्थ्यो। उहाँको लगाइ, शरीरको बनावट, रोगन सबै अर्कै खालको थियो। हमेसा सफासुग्घर बस्नु पर्ने, नम्र, क्रियाशील मेरा पिताजी र अरू सबै मान्यजनप्रति आज्ञाकारी र परिश्रमशील हुनुहुन्थ्यो। उहाँलाई कसैले पनि आफ्नो परिवारबाहेकको व्यक्तिको रूपमा हेर्दैनथे र व्यवहार पनि गर्दैनथे। मेरी आमाले मलाई बताएअनुसार उहाँको घर काठमाडौं सहरको पूर्व भैंमाल भन्ने ठाउँमा रे। यो कुरा एक दिन म अलि जान्ने भए सोध्दा भन्नु भएको हो।

हुन त उहाँ बिहान उज्यालो भएदेखि एक प्रकारले काममै व्यस्त हुनुहुन्थ्यो। दिनभर घरबाहिरै रहने उहाँ दिउँसो खाने समयबाहेक अवकास लिएर आराम गरेको मलाई थाहा थिएन। एक पटक म ६ वर्षको मात्र थिएँ, त्यतिबेला एक दिन साविकजस्तै दाइ र भाउजू दुबै बिहान कोठाबाट निस्कनु भएन। यो कुरा उहाँकी आमाले मेरी आमालाई भन्नु भएछ। वैकुण्ठ दाइकी आमा अलि कान सुन्नुहुन्थ्यो। आमा हतारिँदै उहाँहरूको कोठातिर गएर बोलाउनु

भएछ । अनि भाउजूले ढोका खोलेर बाहिर ओसारा (पिंढी) मा निस्केर पहिले आमाको दर्शन गर्नुभएछ र भन्नु भएछ 'हामी दुबैलाई ज्वरो आएर रातभर सुत्न सकेका छैनौं । राती कसलाई उठाउनु ! उहाँ मखौं निदाउनु भयो, म उठनै लागेकी थिएँ तपाईं (त्यतिबेला हाम्रो घरमा 'हजुर र ज्यूनार होस्, आइस्योस्' जस्ता शब्दले प्रवेश पाएको थिएन) ले बोलाइहाल्नु भयो । वैकुण्ठ दाइ-जोडिलाई ज्वरो आएको कुरा घरभित्र सबैतिर फिजियो माइला बा र साहिंला बा तुरून्त आएर भित्र कोठामा गएर सबैकुरा सोध्नु भएछ । आमाले पहिले नै सबै कुरा बुझ्नुभएको थियो । अब कुरा आउँछ किन वैकुण्ठदाइलाई यति महत्त्व दिइएको थियो त ? त्यसको खास कारण थियो -उहाँ कर्मठ, लगनशील र कर्तव्यपरायण व्यक्ति हुनुहुन्थ्यो ।

वैकुण्ठ दाइलाई किन मैले यति महत्व दिएर उहाँलाई आफ्नो संस्मरणमा :ल्याएँ त्यसको खुलासा पनि यहाँ गरिनु आवश्यक छ । मानिसको जीवनमा जन्मेदेखि उसको उमेर बढ्दै जाँदा हरेक व्यक्तिसँग संगम, सम्पर्क, हिमचिम, सम्बन्ध र परिचय हुँदै जान्छ । त्यसमा कसैसँग सुरूदेखि लामो समयसम्म र कसैसँग अल्पसमयसम्म पनि जोसँग लामो समयसम्म सम्पर्क हुन्छ ऊ एक सम्बन्धी रहन्छ । र, क्रय-विक्रयका हिसाबकिताबले गर्दा ऊ सम्झनामा आइरहन्छ । उहाँका बारेमा पनि त्यही भएको हो । अहिले यो ७९ वर्षको उमेरमा आएर म बुझ्दै छु कि किन उहाँ सबैको वैकुण्ठ हुनुहुन्थ्यो । त्यतिमात्र होइन अनि केवल उहाँ मात्रै पनि होइन उहाँकी आमा (त्यो बेला हाम्रो परिवारभित्रकी दोस्रो पाको उमेरकी, पहिलो हुनुहुन्थ्यो साहिला बाकी सासू) र दुलही । यी तीनैजना आँखामा हाले पनि नझिम्काउने खालमा पर्नुहुन्थ्यो । त्यतिबेला म केटाकेटी नै भएकोले अरू कुरा कसरी बुझ्ने र जान्ने ? जसले माया र ममता देखायो उसैसँग भयाम्मिन पुग्थें । तर त्यतिमात्र कहाँ हो र, वैकुण्ठ दाइसँग भयाम्मिने मात्र होइन डराउँथें पनि । यसरी डराउनु पर्ने सिलसिलामा तीनवटा घटना म अहिले पनि सम्झन्छु ।

पहिलो घटना सुरू वैशाख महिनातिरको । म छ वर्षको थिएँ । घरबाहिर खेल्ने, घुम्ने मेरा समबयस्क संगी थिए । हरिया, सहदेवा र किसना । हरिया मेरो पिताजीको अर्दली सीतारामको छोरो थियो । पिताजी काम विशेषले मलङ्गवा बस्ने भएकाले सीताराम उहीं बस्ने गर्थ्यो । त्यसैले हरिया अक्सर हामी कहाँ बस्थ्यो । सहदेववा र किसना छिमेकैका महादेवका छोरा थिए । महादेव हाम्रो गोठको काम गर्थे । यही सिलसिलामा एक दिन शनिवार या आइतवार थियो , हाम्रो बिहान चल्ने पाठशाला (गर्मी महिनामा) दिउँसोमा बिदा थियो । खाना खाइसकेपछि दुईवटा भैंसी चराउन र अहास खेल्न लैजाने जिम्मा एउटा आफूले र अर्को सहदेववा (ऊ आठ वर्षजतिको थियो) लाई दियो । भैंसी फुकाएर लैजान लागे । दुबै बाबुछोरा भैंसीमाथि चढेका थिए । पछाडिको भैंसीमा सहदेववा थियो । हरिया र सहदेववा भैंसीमा चढेका थिए । मलाई सान गरेर बोलाए । म पछि लागें । अलिपर पुगेर म पनि चढेर उनीहरूको बीचमा बसें । खेतमा पुगेर चढ्दै जाँदा अहालमा पुगेर भैंसी बस्यो त्यतिबेला हरियाबाहेक हामी सबै खस्यौं र अहालमा डुब्यौं र महादेवले देखेछन् र दुबैलाई झिकेर पाखा लगाए । भिजेको हिलो लुगासहित घर पुऱ्याए मलाई । भित्र पस्ने ढोकैमा वैकुण्ठ दाइले भेट्नु भयो र कुरा सोध्नु भयो । महादेवले बताएपछि मेरो पाखुरामा समातेर पहिले गालामा दुई चड्कन दिनु भो र आमाकहाँ पुऱ्याउनु भयो । अरू केही कुरा हुनपूर्व नै भाउजूले मलाई कुवामा लिएर जानु भो र साबुनले नुहाएर अर्को कपडा फेराउनु भयो । यस्तै अर्को पटक उहाँले दिउँसो मध्याह्नमा आँपको बगिचामा सहदेवबा र म बसेर काँचो बिज्जु आँपको टिकोला नुनसँगै खाँदै गरेको देख्नु भो र मलाई समातेर कान निमोठ्नु भो र पाखुरामा समातेर घिच्याउदै तानेर आमाको सामुन्ने खडा गर्नु भो र चड्कन दिनुभो । तर हरेक पल्ट मेरो उपध्याईको सजाय मेरी आमाकै अगाडि पुऱ्याएर मात्र दिने गर्नुहुन्थ्यो । मलाई बेलाबेलामा दिमागमा के-के

कथा

बुढो मसलाको रूख

जयशङ्कर महजन

काठमाडौं त्रिशूलीको बीचमा पर्ने 'पैतीसकिलो' भन्ने स्थान, जुन ठाउँ उपत्यकाबाट नजिक भएर पनि निकै विकट थियो- त्यसबेला । पैतीसकिलोबाट पश्चिम-दक्षिण ठाडो उकालो । आधाघण्टा हिंडेपछि एउटा टिनको छाप्रो आइपुग्छ । त्यस छाप्रोमा अधबैसे बुढाबुढी बस्ने गर्दथे । छाप्रोसम्म पुग्न लक्काजवान ठिटोलाई झण्डै एकघण्टा उकालो चढ्नुपर्थ्यो । छाप्रो यस्तो स्थानमा थियो कि करूवा वा गाग्री गुल्ट्यो कि आधाघण्टा तल झरेर लिन जानुपर्थ्यो भने फर्कन एक घण्टा लाग्थ्यो । त्यस्तो डरलाग्दो टाकुरारूपी झुप्रो नै तिनीहरूको बासस्थान थियो । अन्य घरहरू एकदेखि दुई किलोमिटर दूरीमा फाट्टफुट्ट थिए । जहाँबाट गणेश हिमाल, अन्य हिमाल तथा पहाडहरू आँगनमै उभिएका, हरिया जङ्गल सिंडीजस्ता फाँटहरू र झरनाहरू ओरालो लागिरहेका जस्ता देखिन्थे ।

उमेर ढल्केर बुढ्यौलीतिर लम्किसकेका भए पनि उनीहरूको सन्तानमोहमा रत्तिभर पनि कमी भएको थिएन । सन्तानको चाहनाले गर्दा यस उमेरमा पनि सन्तान जन्माउन आतुर थिए । बुढेसकालमा उनीहरूलाई पालनपोषण र हेरचाह गरोस् भन्ने उद्देश्यले सन्तानको चाहना थियो । बुढेसकालमा अब तिनीहरूको पाल्ने छोरा वा छोरी जन्मिए हुन्थ्यो भन्ने आशाका साथ बाँचिरहेका थिए । नभन्दै आशाको दियो बाल्ने । हेर्दैमा लोभलाग्दो, हृष्टपुष्ट, स्वस्थ्य तथा तन्दुरूस्त बालकको जन्म भयो । तिनीहरूको खुसीको सीमा रहेन । खुसीको यसै उपलब्यमा आफ्नो आँगनमा एउटा मसलाको रूख रोपेर मलजल गर्ने काम पनि सुरू गरे । छोराको जन्मबाट निकै हर्षित हुनपुगेका बुढा विभिन्न ठाउँका ज्योतिषहरूलाई छोराको चिना देखाउन हतारिए । चिनाबाट ग्रहदशा आदि सबै हेरेर ज्योतिषीहरूले भविष्यमा बालक बुद्धिमान्, शक्तिशाली, राष्ट्रभक्त हुने, देशको सेवागर्ने निर्क्यौल गरेपछि त झन् हर्षले ती बुढाको भुइँमा खुट्टा रहेन ।

नभन्दै बालक पाँच वर्षको उमेरमा खैरेको जस्तो शरीर कालोकपाल शान्त स्वभाव भएको बालकलाई देखेर घुम्न गएका एकजना शिक्षकले सेतोफर्सी भन्ने नामकरण गरे । त्यस बालकको पछिसम्म सेतोफर्सीबाटै प्रचलित चिनारी भएछ ।

एकपटक बुढाबुढीका साथ पैतीसकिलो घुम्न आएका बालकले हरियो लुगा लगाई पिठ्युँमा पोकाहरू बोकी हिंडिरहेका मानिसहरूलाई देखेर बाबुलाई सोध्यो - बुबा ! त्यो के हो ? के गर्न आएको ? त्यो लामो लौरो पछाडि काठको बिंड भएको के हो ? त्यो किन त्यसरी सकिनसकी भारी बोकेर हिंडेको, भनी सोध्न थाल्यो । बाबुले तिनीहरू भनेका देशको रक्षा गर्ने र हामीलाई सुरक्षा गर्ने राष्ट्रसेवकहरू हुन्, त्यो लौरो भनेको बन्दुक हो भनी प्रत्युत्तर दिँदै गयो ।

यति भनेपछि बालकको दिमागमा जहिले पनि ती सैनिकहरूको याद आइरह्यो । आफू पनि सैनिक भई राष्ट्र र जनताको सेवा गर्न पाए हुन्थ्यो भनी मनमा जहिले पनि कुरा खेलाइरहन्थ्यो । पैतीसकिलोदेखि आफ्नो घरसम्म जानलाई सैनिकलाई पनि एकघण्टा लाग्थ्यो भने सेतोफर्सी पैतीसकिलो घुम्न आएको समयमा सैनिकहरू त्यसैगरी आइरहेको समयमा पछाडि लौरो लिएर हिंड्ने हबल्दारलाई दाइ आफू पनि सैनिकमा भर्ती

उनले भोगेका छिमेकी पहाडमा भोगेर आएको हुँदा र करिब-करिब उनको कान्छो भाइ भन्न सुहाउने समयबाट गुज्रिँदै आएर पनि होला, यस कलमकारलाई यो संस्मरण निकै घतिलो, पढ्दा स्वादिलो र पढेर नसकी नछोडौं जस्तो भइरह्यो। निवृत्त जीवनका क्षणहरूलाई उनले राम्रो सदुपयोग गरेजस्तो लाग्यो। त्यसैले मलाई अन्त्यमा गएर धन्यवाद त्यो शिष्ट औपचारिकता मात्र होइन। आफूलाई घत लागेका कुरा घच्चच्याएको प्रमाण हो यो पाठकीय दृष्टिकोण।

मैले नेपाली भाषासाहित्य नै अहिले आएर पढ्दै छु। उनले इन्जिनियरिङ पढे तर दाँज्ने हो भने उनले भाषाशैली कस्तो सरल छ, सुबोध छ, कस्तो छोटो-छरितो छ र भन्न खोजेको कुरा स्पष्ट छ। मेरो भाषा भद्दा, तर्किंदो, अस्पष्ट र अपारदर्शी छ। साँच्चै नै मलाई उनको भङ्गित शैली खुब मन पऱ्यो। एउटा स्वस्थ धुतुमुने छ-आठ महिनाको बच्चालाई काखैमा लिएर चप्प म्वाइ खाउँ जस्तो। निकै ठाह लाग्यो। सायद अरू पाठकलाई पनि यस्तो लाग्न सक्छ।

हरेक घटनाको अन्त्यमा घटनाको सारसन्देश दिएर लेखकले पाठकलाई नवीन पोष पिसाइरहेजस्तो लाग्छ। पढ्दै गएको घटनाबाट हुन आउने घत लाग्दो शिक्षा पाठकको घटमा घोप्टिन्छ र छयाल्ल- ब्याल्ल हुन्छ। हो, यस किसिमको अनुभूति मैले पढ्दा गरेको छु। भन्न सक्दिन, भन्ने भाषा पाउन्नँ तर 'मुखमा नआएको पेटमा आएको' आभास भने भई नै रहन्छ।

यस संस्मरणलाई पुनः पाठकले सम्झिरहने साइनो यसमा प्रयोग गरिएको उखान-टुक्का, अनुकरणात्मक शब्द, द्वित्व उदाहरण, घतिला काव्यात्मक टुक्रा, संस्कृत र हिन्दीका समेत विशेष उद्गारहरूले सस्मरणलाई पठनीय बनाएका छन्। 'माइतीको कुकुर पनि प्यारो', 'आए आँप गए झटारो', 'बैंसले जातभात भन्दैन', 'भोकले भोजन भन्दैन', 'मन नपराएको व्यक्तिको लुगा पनि गनाउंछ' जस्तै कैयौं उखानले यहां बखान गरेका छन्। स्त्रिया चरित्रं पुरूषस्य भाग्यम्.....।

'बिहाइन्ड द सिन', 'धुरूधुरू नरोऊ है आमा....', 'प्यार किया तो डरना क्या' जस्ता अनेकौं संस्कृत, अङ्ग्रेजी, हिन्दी र गीति उद्गारले संस्मरणलाई अविस्मरणीय पारेका छन्। नेबारको छोरो, पढाइ छ-इन्जिनियरिङको डिजाइन तर पनि संस्कृतका उद्गार, गीत र कविताको ट्वाक्क अचार प्रसङ्वश दिन उनी खप्पिस देखिन्छन्।

भाषाशैलीमा मौलिकता, घटनामा रोचकता, समसामयिकता, निष्पक्षता, यथार्थताजस्ता दर्जनौं विशेषताहरूले उनको संस्मरण अविस्मरणीय हुनेछ भन्दा झूट प्रशंसा हुने छैन। यति हुँदाहुँदै पनि सिलो खोजेमः केही कमी-कमजोरीहरू नभेटिएलान् भन्न सकिन्न होला। मैले भने केही खुल्दुली प्रश्नगत जिज्ञासामा मात्र राखेको छु। यो संस्मरण सुरूमा पढ्दैमा यो प्रौढका लागि कि बाल र युवालाई ? सरामा हेर्दा बालबालिकालाई काम लाग्ने गरी सन्देशमूलक ढङ्गले राख्न खोजेको जस्तो पनि पाउंछु र समग्रमा हेर्दा पाउन्नँ पनि। लेखकले लेख्नु अगाडि त्यस्तो योजना चाहिँ केही नबनाई लेखिएको हो कि ?

काल, गाम-ठाम, घटनाका शृङ्खलाहरू मिलाएर अझ व्यबस्थित पार्न पाएको भए कस्तो हुन्थ्यो होला ?

धने खबीकी छोरी कमलीको रूपरङ्गको चियोचर्चा लेखकले निकै गरेका छन्। आफ्नै उमेरको बैंस पस्दो ठिटौली आवस्थाका स्वप्निल रातको स्वप्नदोषधरि लेखकले बताएका तर आफ्नो बिबाह कहिले भयो ? निम्मायार्सगको पहिलो विवाहको सम्झनाका क्षण राखिदिएको भए निम्माया मात्र होइन, हामी पनि मसक्क मस्केर आ-आफ्नो ती दिन संस्मरण गर्थ्यों होला ?

लेखकको डोरीलाई दोरी, बोक्सीलाई चौसी, मध्यनजरलाई मध्यनगर भनेको बाल तोते भाषा पनि मीठै लाग्यो। मुखपृष्ठमै बन्दीपुर, भित्र बन्दीपुर, मुखपृष्ठ र बाह्य पृष्ठमा मोहनबहादुर कायस्थ, भित्र मोहनबहादुर कायस्थ (एउटै डिकोमा) पाउंदा प्राविधिक त्रुटिहरू नै होलान् भनी प्रुफ गरें।

अन्त्यमा मोहनबहादुर कायस्थ बाहिर हेर्दा राम्रो, न अग्लो न होचाँ, न मोटो न दुब्लो, न कालो न राती, मिलेको कद, रूपरङ्ग, गोरो, सफा, सुकिलो देखिएफैं भित्र पनि सफा-सुन्दर पाउंदा उहांलाई भन्दा पनि उहांको लेखनीलाई हार्दिक धन्यबाद ! उहांको पठनीय कृतिमा हाम्रो पिरती बसेको छ, त्यो दिगो रहोस्।

- समजुङ

आउंथ्यो। दिमागमा आएपछि त्यो कुरा पूरा गर्न मन लागिरहन्थ्यो। एक दिन म एक्लै यताउता गरिरहेको थिएँ। किनकि त्यो दिन समलयस्क पनि कोही थिएनन् साथीहरू। बिहान गर्मीको दिन। मलाई भोक लागेको अनुभव भयो। आइतबारको दिन पाठशाला बिदा थियो। म भान्सा कोठामा गएँ, त्यहाँ भान्से बाजे दुर्गादत्त र पार्वती दुबै थिए। पार्वती छुट्टै अँगेना चूलोमा अरू केही पकाउँदै थिइन्। दुर्गादत्त भान्सामा केही गर्दै थिए। मैले उनीसँग खान भात मागें, सुनेको नसुन्यै गरे। तीन-चार पटक भन्दा पनि वास्ता नगरेपछि म सरासर भान्सामा गएर उनीलाई समातें। त्यति बेला नै अचानक दुर्गादत्त कराउन थाले काइँसी वज्यै मन बाबुले भान्छा छोड्दिए। छिटो आउनु पऱ्यो भान्सामा। पार्वतीले 'के गरेको यस्तो मन बाबु तिमीले भान्सा छोएर अब नाश भएन, यबो भात कसले खाने ?' भनिन्। 'भान्सा छोइयो, मनले छोंयो' यो हल्ला परिवारभरि छरियो। आमाहरू जम्मा हुनु भो, एकछिनपछि साईला बा, सानो बा र बैकुण्ठ दाइ पनि आउनु भयो। त्यो त्यसबेला उहांहरू तमासे हुनु भो, म तमासा बनें, रंगमञ्च बन्यो भान्सा ! त्यहाँ पनि म अपराधी बनें र बैकुण्ठ दाइ वर्तमानको प्रहरी हवल्दार, त्यो बेला त केवल चड्कन मात्रै होइन, पाखुरामा समातेर चिच्याउँदै आँगनमा लगेर धचानँ भो। त्यतिबेला पनि मलाई 'कठैबर' भनेर अरू बढ्ढी सजायबाट बचाउने उहांकै पत्नी भाउजू नै हुनुहुन्थ्यो। तर मैलो त्यो बेला आफूले के अपराध गरें भन्ने बुझेको थिइनँ। त्यो दिन म आफ्नो पारिवारिक इजलासमा एक त्यस्तो अपराधीका रूपमा खडा थिएँ जसलाई आफूले गरेका अपराधबारे केही थाहा थिएन। किनभने म सधैं जसो दुर्गादत्तलाई छुन्थें, उनी मलाई बोकेर डुलाउँथे। आज पनि मैले केबल उनीलाई मात्र छोएको थिएँ। भात पकाउने भाँडा र चूलो छोएकै थिइनँ।

तर बैकुण्ठ दाइमा गुन धेरै थिए। उहाँ हमेसा मलाई नबिग्रोस् भन्ने सोच लिएर निगरानी गर्नुहुन्थ्यो, यद्यपि उहांको घर र खेतीपाती, लगान उठाउनेदेखि लिएर अरू पनि धेरै जिम्मेबारी थिए। ती सबैको जिम्मेवारी पूरा गर्दागर्दै पनि उहाँ हामी केटाकेटीसँग रमाउन, बेलुकीपख आँगनमा बसेर हामीलाई मीठामीठा कथा सुनाउन र खेलाउन पनि पछि पर्नु हुँदैनथ्यो। उहांमा धेरै गुन थियो। छयासी साल जेठको पैलो हप्ता हामी बसेको घर र संगैको अर्को घर आगलागीमा पऱ्यो। सबै ध्वस्त भयो। एक महिनासम्म हामी महादेव मन्दिर र अरूका घरमा शरणार्थी भएर बस्यौं। त्यसबेला पनि उहाँले महिना दिन भित्रमा पैलेकै जस्तो घर तयार गर्न लाउनु भयो। यो पालीको घर बाँस र काठको भित्ता र खपडाको छाना भएको थियो। हामी असारको पन्ध्र गतेतिर नयाँ घरमा सऱ्यौं। तर बैकुण्ठ दाईले त्यो नयाँ घरको राम्रो र धेरै दिनसम्म उपभोग गर्न पाउनु भएन। भयो के भने, आखिरी साउनतिर एक दिन उहाँ दिउँसो बाहिरबाट घर पस्नु भयो, उहाँलाई दिसा र बमन भयो, यस्तो धेरै पटक भैरह्यो। देहातको ठाउँ, अर्क कपूर र पुदिनाको अर्क खुवाइयो। आमाहरू आपसमा कुरा गर्नुहुन्थ्यो, 'बैकुण्ठलाई हैजा लाग्यो।' त्यो रोगबाट त उहाँ निको हुनुभयो। तर त्यसको केही दिनपछि उहांलाई फेरि जरो आयो। त्यतिबेला मलङ्गवाबाट डाक्टर ल्याएर दुई दिन राखी औषधी गराए पनि निको भएन। एक दिन दिउँसो मध्याहनमा उहाँ बित्नु भयो, साठी बर्षकी आमा र पाँच महिनाको गर्भ बोकेकी पत्नीलाई छोडेर।

× × ×

बुद्धिले कर्म डोरिन्न, डोरिन्छ बुद्धि कर्मले
सुनको मृग देख्दैमा सीताराम अलग्गिए।
भन्दछन् ओखती अर्ती नमीठै हुन्छ सर्वदा
तीता टर्रा दुवै उस्तै हितकारी भने सदा ।

'तीतामीठा कुरा'बाट

समालोचना

घनश्याम राजकर्णिकारका दुई कृति

✍ प्रा. गोपीकृष्ण शर्मा

प्रतिष्ठित उद्योग-व्यवसायी घनश्याम राजकर्णिकार (जन्मः १९९८, कमलपोखरी, काठमाडौं) नेपाली साहित्यका पनि विशिष्ट साहित्यकार हुन् । पिताको नामबाट संस्थापित र चर्चित कृष्ण पाउरोटी उद्योगका प्रबन्ध सञ्चालक व्यवसायी घनश्याम राजकर्णिकारले औपचारिक शिक्षातर्फ अर्थशास्त्र विषयमा एम.ए. समुत्तीर्ण गरेका हुन् भने जमर्नीबाट प्रोफेसनल एजुकेशन एण्ड एडभान्स ट्रेनिङ पनि प्राप्त गरेका हुन् । २०३० को दशकदेखि दार्शनिक चिन्तन, संस्मरण र यात्रा साहित्यमा साधनाशील घनश्याम राजकर्णिकारका अहिलेसम्म ८ कृतिहरू प्रकाशित भएका छन् । उनका प्रकाशित कृतिहरू हुन्- केही चिन्तन केही मन्थन (२०३५), विदेशको यात्रा स्वदेशको सम्झना (२०३७) , देश प्रदेशको भ्रमण केही संस्मरण (२०४६), सम्झनाको लहरमा लहरिदै जाँदा (२०५२), पवित्र सम्झना आमाको (२०५५), बौद्ध तीर्थयात्रा ? नालन्ददेखि लुम्बिनीसम्म (२०६०), गजराज राजकर्णिकारको वंशावली (२०६१) र बुद्धज्योतिका केही रश्मि (२०४६) । रत्नश्री सुवर्णपदक, सयपत्री राष्ट्रिय सम्मान, दीपा जनमत सम्मान आदिबाट सम्मानित घनश्याम राजकर्णिकार विभिन्न सङ्घसंस्थासँग पनि आबद्ध देखिन्छन् ।

यात्रासाहित्य, चिन्तन र संस्मरणहरूमा कलम चलाउने घनश्याम राजकर्णिकारले बुद्धको सम्झना कल्याणको कामना (२०३९) नामक कृतिको पनि सम्पादन गरेका छन् । खास गरी नियात्रा साहित्यतर्फ राजकर्णिकारको विशेष योगदान छ । यात्रासाहित्यलाई बढी रोचक र स्तरीय नतुल्याउने कौशल उनलाई प्राप्त छ र यिनका कृतिहरू त्यतिकै रूचिपूर्ण र आस्वाद्य बनेका छन् । यिनको भ्रमण राष्ट्रिय वा अन्तर्राष्ट्रिय जुनसुकै होस्, ती स्थानहरूको चित्रात्मक वर्णन गर्ने शैली यिनमा छ र त्यस किसिमका यात्रावर्णनहरू पाठकलाई मोहित गराउने खालका छन् । यहाँ राजकर्णिकारका दुई कृतिहरूको सङ्क्षिप्त चर्चा प्रस्तुत गरिएको छ ।

१) बौद्ध तीर्थयात्राःनालन्दादेखि लुम्बिनीसम्म

२०६१ सालमा हृदयेशा तामाकारसमेतबाट दोस्रो संस्करणका रूपमा प्रकाशित नियात्रासङ्ग्रह 'बौद्ध तीर्थयात्रा नालन्दादेखि लुम्बिनीसम्म' बुद्धसंग सम्बन्धित पावन तीर्थहरूको परिचय दिने यात्रासाहित्य हो । यसको प्रथम संस्करण २०६० सालमा जनमत प्रकाशनबाट प्रकाशित भएकी थियो र एक वर्षभित्रै पाठकबर्गको माग अनुसार दोस्रो संस्करण प्रकाशित भएको देखिन्छ । यो तीर्थयात्रा नितान्त पारिवारिक हो र ट्राभेल एजेन्सीमार्फत् व्यवस्था मिलाइएकोले सुविधाजनक र खर्चिलो पनि रह्यो । लेखक घनश्याम राजकर्णिकार र श्रीमती शान्ताका साथै लेखककी बहिनी मुनु र बहिनीज्वाई नारायण गोविन्दसमेत चारजनाको समूहले सम्पन्न गरेको सात दिने यात्रालाई यस कृतिले प्रस्तुत गरेको छ । कृतिमा प्रमुख सात शीर्षक छन् - १) यात्रारम्भ, २) नालन्दा, ३) राजगिर, ४) बोधगया, ५) सारनाथ, ६) कुशीनगर र ७) लुम्बिनी । २०५८ साल चैत्र १३ गते पूरा तयारीका साथ काठमाडौंबाट जोकोन एयरमा पटना पुगेको पृष्ठभूमिलाई यात्रारम्भले सङ्केत गरेको छ । पटना पुगेपछि भारतको बिहार र उत्तरप्रदेशमा अवस्थित बौद्ध तीर्थस्थलहरूको यात्रा आरम्भ हुन्छ । उनीहरू त्यसैदिन दिनको ४ बजे नालन्दा पुग्छन् । बुद्धको जीवनीबारे राम्रो ज्ञान राख्ने र बुद्धर्शनका विद्वान् घनश्याम राजकर्णिकारलाई नालन्दाको पौराणिक

समीक्षा

'विवश जिन्दगी' को सफल परिणति

✍ विजयराज न्यौपाने

बहुमुखी प्रतिभाका धनी, इन्जिनियर भइकन साहित्यकार मोहनबहादुर कायस्थको **विवश जिन्दगी-४** (संस्मरण बन्दीपुर छंदाको) हाले पढ्ने अवसर पाएँ । वि.सं २०५९ फागुनमा निम्माया कायस्थबाट प्रकाशन भएको भए तापनि मेरो पढ्ने अवसर अहिले आएर जुऱ्यो । मोहन कायस्थको आफ्नो लेखनी र प्रकाशनको चौथो शृङ्खला पुगिसकेकाले पनि र इन्जिनियरिङ कलात्मकता बाक्यरचना, शब्द, उखान आदिको चयनमा पनि झल्केकाले सरल र छरितो प्रस्तुति शैलीसमेतले गर्दा मलाई पढ्दै जाँदा निकै छोयो र मैले पनि पाठकीय समीक्षाको हिसाबले कलम छोएँ । म कुनै समीक्षक होइन तापनि पढ्दै जाँदा लागेका कुरा लेख्ने धृष्टता भने गरेको छु ।

डिमाइ साइजमा ११० पृष्ठमा लेखिएको यस **विवश जिन्दगी -४** मा कायस्थजीको सात-आठ वर्ष बाल्यावस्थादेखि बीस-एक्काइस वर्षको युवा उमेरसम्मका संस्मरणहरू लेखिएका छन् । मध्यपहाडी मनोरम प्राकृतिक छटाले छाँदा हालेका दुराडाँडा, फोखे नेटा, बाखेजगत, बन्दीपुरजस्ता गाउँको बसाइका प्राकृतिक, सामाजिक, शैक्षिक, आर्थिक, राजनीतिक, साहित्यिक वातावरणका घतलाग्दा घटनाहरू, यथार्थ अनुभूतिहरू र त्यो बेला (चालिस-पचास वर्ष अघिका) र यो बेलाका समानता र भिन्नताहरूको समेत सटीक चित्रण यसमा उत्रेको छ । पाठकको आफ्नो बाल्यावस्थाका अनुभूतिहरू कायस्थजीका अनुभूतिहरूसँग दुरूस्त दरिन जाँदा पनि (मलाई) यसले बढी छोएको हुनुपर्छ । पचास वर्षका कुरा सञ्जयले एउटा कोठामा बसेर धृतराष्ट्रलाई महाभारत-युद्धको वर्णन गरेझैं उनले नेपाल बसेर दुराडाँडा र बन्दीपुर हेरी वर्णन गरेका छन् । समाजका सामाजिक गतिविधि, समाज रूपान्तरणको गति बुझ्न यस संस्मरणले सघाउ पनि पुऱ्याउनेछ । समाजमा विद्यमान यथार्थ अवस्था बुझ्न सामाजिक समस्याहरूको निराकरण गर्न र समाजलाई अग्रगमनको बाटोमा डेऱ्याउन पनि यस संस्मरणले मदत पुऱ्याउनेछ तर चाहियो त्यस किसिमका संवेदनशील जननेता । त्यति बेलाको समाज र संस्कार अहिले पनि मिल्दोजुल्दो पाइन्छ । यति हो, धेरै पात्र बदलिए पनि तिनको सक्कली चरित्र भने बदलिएको पाइँदैन । त्यो बेला पनि एउटाको भाषण अर्कोले बिथोलेझैं, भरतशमशेरको भाषण काङ्ग्रेसले र विश्वेश्वरको भाषण गोर्खेले बिथोलेझैं अहिले पनि बिथोल्ने दोहोरी चलिरहेकै छ । अहिले यो बेला पनि अष्टावक्रीय सरकार भए पनि शारीरिक संरचनाले भाँचिएर कुरुपता हुनु त स्वाभाविकै हो, तर मानसिक या भनौं भावात्मक ढङ्गले पनि यत्रो आन्दोलनबाट आएकाहरूले सुन्दरता, एकात्मकता प्रकट गर्न पछि परेको देख्दा देश उही २००७ सालपछिको अवस्थाभन्दा माथि जान नसकेको यथार्थको आभास यसै संस्मरणबाट हुन आउँछ ।

लेखक कायस्थको बालमस्तिष्कको तारिफ गर्नै पर्दछ कि आजभन्दा पचासौं वर्षअगाडिका दृश्यात्मक घटनाहरूलाई सांच्चै रेकर्ड गरेर, तस्वीर खिचेर वा कम्प्युटर गरेर बचाइराखेका (सेभ गरिराखेका) रहेछन् । भाषा उनको आजको भए पनि घटना जस्ताको तस्तै त्यो बेलाकै समेटेका छन् । शिक्षा, स्वास्थ्य, राजनीति, जातिपाती, घरव्यवहार, व्यापार, घरमाइतीजस्ता कति-कति घटनाहरू उनको मस्तिष्कमा खात लागेर बसेका रहेछन् । जति पत्र उघार्दै गयो उति पत्रहरू निस्कने अभ्रखजस्तो लाग्यो- उनको यो संस्मरण । सायद निम्नमध्यवर्गीय जिन्दगीको विवशता आफूले पनि तिनै

घायल दिल

✍ दुर्गा चापागाईं

नबाँध मलाई झूटा
बोचा बन्धनका अठोटहरूले
नसताऊ मलाई हृदयका माझमा
क्षणिक मुस्कानका बेगहरूले ।

तिरस्कृत छु म तिम्रा ती झूठा यादहरूले
भिजेका छन् तरेलीहरू
आँसुका डिकाहरूले
एम्ला छन् मेरा रातहरू
केवल साथ छन् पीडाका घाउहरू
हाँसु त हाँसो किन्न पाइन्छ कहाँ ?
रूनका लागि आँसु छैन यहाँ
बाँकी पीडा छन् छातीमा ।

हर्ष उल्लास खोसी लग्यौ
तिम्रा साथमा
न चस्काऊ मुटु मेरो
झन् पीडा भै दुख्छ
खाटा बस्न देऊ घाउ
नत्र भत्भती पोल्छ ।

नजिस्क्याऊ मलाई दोमनमा पारी
घायल दिलमा पिरतीका छुरा धसी
कि त बाँच्न देऊ मुस्कान छरी
नत्र जलाइ देऊ तिमै वरिपरि ।

विराटनगर

देशको पीडा

✍ कैलाश गुरूङ

कान थुनेर नबसौं जनता
देशलाइं पीडा अति नै भइसक्यो ।
बन्द हड्ताल आपसी द्वन्द्वले
देशको मन साहै नै रोइसक्यो ॥

अरू कुरा नमिले नि
मातृभूमिबारे एउटै बोली बोलौं
आफू मात्र सही ठान्ने प्रवृत्ति र
कुचलनलाई त्यागौं ।
एक-जुट भई काम गरौं,
एक आपसमा माया बाँढौं ॥

भागबण्डा र आपसी कलहले,
देशको आत्मा साहै नै रोइसक्यो ।
आँखा चिम्सी नबसौं जनता,
देशलाई चोट लाग्ला झैं भइसक्यो ॥

ठूला-ठूला कुरा गर्छौं
बनाउने सुन्दर शान्तभूमि ।
कुरा अनुसार काम गरे बन्छ
देश स्वर्गभूमि ।
अनि बन्छौं सबै हामी
संसारै भर चर्चित नामी ॥

लोभ, लालच, आपसी स्वार्थले,
देशको शिर झुक्ला झैं भइसक्यो ।
मुख बाँधेर नबसौं जनता,
देशको घाउ गहिरिदै गइसक्यो ॥

महत्त्वबारे पहिले नै थाहा भएको थियो । नालन्दा विश्वविद्यालयका भग्नावशेषहरू, स्तूपाहरूका अवशेषहरू हेर्दै राजकर्णिकारसहितका यात्रीहरू पुलकित हुन्छन् । चिनिया यात्री ह्वेन साङले समेत पाँचौं शताब्दिमा यस विश्वविद्यालयमा तन्त्र विद्या सिकेको प्रसङ्ग आउँछ । बाह्रौं शताब्दितिर मुस्लिम आक्रमणले नालन्दा ध्वस्त भएको ऐतिहासिक घटना सम्झेर घनश्याम राजकर्णिकार दुखित पनि हुन्छन् ।

बुद्धत्व प्राप्ति पछि भगवान् बुद्धले धेरै समय बिताएको स्थल राजगिरमा यात्रुहरू पुग्छन् । त्यहाँ गाइडबाट धेरै कुरा थाहा हुन्छ । राजा बिम्बिसारले त्यस वखत बुद्धधर्म ग्रहण गरेको प्रसङ्गले समेत त्यस ठाउँको महत्त्व देखापर्छ । वेणुवन र करन्दनिवासजस्ता ठाउँहरूमा भगवान् बुद्धले दिएका उपदेशहरूको बारेमा पनि गाइडबाट जानकारी हुन्छ । राजगिरमा नै व्यापारी अजायपिण्डकले उदारतापूर्वक विहार निर्माण गरी प्रदान गरेको विवरण समेत यात्रुहरूलाई अवगत हुन्छ । राजगिरमा नै अवस्थित सप्तधारा, स्वर्णभण्डर (सोन भण्डार), गृधकूट पर्वत, विश्वशान्ति स्तूप आदि स्थलहरूले बुद्धकालीन इतिहासलाई यथार्थ रूपमा सम्झाएको अनुभूति नियात्राकारलाई भएको छ ।

राजगिरको भ्रमणपछि बौद्ध तीर्थयात्रीहरू बोधगया जान्छन् । बोधगयामा अवस्थित विशाल बुद्धप्रतिमाले उनीहरूको ध्यान आकृष्ट हुन्छ । त्यहाँका नेपालमन्दिर, थाइमन्दिर र महाबोधि मन्दिर हेर्न लायकका हुन्छन् । बोधगयाका मन्दिरहरूले नियात्राकार घनश्याम राजकर्णिकारलाई पाटनको महाबुद्ध मन्दिरको सम्झना गराउँछ । त्यस मन्दिरमा उनकै पिता कृष्णबहादुर राजकर्णिकारले २०१० सालमा पल्टेर आराम गरिरहेका बुद्धको मूर्तिको स्थापना गरेका थिए । आफ्ना पिताद्वारा स्थापित उक्त मूर्तिको फोटोलाई नियात्राकारले पुस्तक लोकार्पणका अवसरमा आमन्त्रितहरूलाई वितरण गरेको सम्झना हुन्छ । बोधगयामा वज्रासन, बोधिवृक्ष, सप्तस्थान, बोधिसरोवर, सुजातामन्दिरजस्ता विविध स्थल र तिनमा भगवान् बुद्धको तत्कालीन संलग्नताबारे पनि नियात्राकार राजकर्णिकारले उल्लेख गरेका छन् ।

बौद्ध तीर्थयात्रीहरू यसपछि सारनाथ पुग्छन् । बुद्धले सर्वप्रथम उपदेश दिएको स्थानका रूपमा सारनाथ प्रसिद्ध छ । त्यहाँ अवस्थित चौखण्डी स्तूप, नयाँ मूलगन्धकूटी मन्दिर र यस भित्रको बुद्धप्रतिमा यस मन्दिरकै भित्तामा अङ्कित बुद्धसम्बन्धी विविध चित्रहरू धर्मस्तूप धर्मराजिक स्तूपको भग्नावशेष अनागरिक धर्मपालको समधिस्थल, पुरातत्व सङ्ग्राहालय र सिंहस्तम्भजस्ता पुरातात्त्विक स्थलहरूको तीर्थयात्रीहरू कृतकृत्य तुल्याउँछन् ।

यसपछि बौद्ध तीर्थयात्रीहरू कुशीनगर पुग्छन् । बुद्धले परिनिर्वाण प्राप्त गरेको स्थलका रूपमा कुशीनगर प्रसिद्ध छ । त्यहाँ भगवान् बुद्धको महापरिनिर्वाण मूर्ति भए छेउ उभिएर नियात्राकार घनश्याम राजकर्णिकार भक्तिभावपूर्ण वन्दना गर्छन् र बाहिरफेर दीपावली पनि गर्छन् । महापरिनिर्वाण मन्दिर र स्तूप, रामाभार स्तूप, जापान-श्रीलङ्काका मन्दिर र भग्नावशेषहरूको अवलोकन गरिन्छ ।

यसरी बुद्धले निर्वाण प्राप्त गरेको स्थलको अवलोकन गरेपछि बौद्ध यात्रीहरू नेपाले प्रवेश गरेर बुद्धको जन्मस्थल लुम्बिनीमा यात्रा गर्छन् । त्यहाँ नियात्राकारलाई बुद्धबारे ओशोको धारणाको सम्झना हुन्छ । लुम्बिनीमा मायदेवीले स्नान गरेको पोखरी, अशोक स्तम्भ, बुद्धको जन्म अङ्कित नवीन मूर्ति, निर्माण हुँदै गरेको लुम्बिनी बारिका भित्राष्ट्रहरूबाट बनाइएका धर्मशालाहरूजस्ता अवस्थलहरूबाट तीर्थयात्रीहरू प्रफुलित हुन्छन् । यस प्रकार नालन्दाबाट थालनी भएर लुम्बिनीसम्मको बौद्ध तीर्थयात्रा समापन हुन्छ र तीर्थयात्रीहरू भैरहवा हुँदै वायुयानबाट काठमाडौं फर्कन्छन् ।

नियात्रा-साहित्यका रूपमा रहेको कृति बौद्ध तीर्थयात्रा ले यात्रासम्बन्धी अनुभूति दिएकै छ, यसका साथै बुद्धको अवतरण पछि महापरिनिर्वाणसम्म बुद्धले पुगेका ठाउँ, बुद्धत्व प्राप्तिको स्थल उपदेशशङ्खला र बुद्धदर्शननको गम्भीरताजस्ता पक्षलाई पनि स्पष्ट पारेको छ । यसरी प्रस्तुत कृतिका दुई पार्श्व स्पष्ट देखिन्छन् यात्रा सन्दर्भ र बुद्धका ऊर्ध्वगामी चरित्रहरू अथवा यसो भनौं लुम्बिनीमा जन्मेका सिद्धार्थ गौतमले बोधगयामा बुद्धत्व प्राप्त

गर्दै भारतका विविध स्थलमा कार्यक्षेत्र बनाएर निर्वाण प्राप्त गरेको सङ्क्षिप्त बुद्धजीवनीलाई घनश्याम राजकर्णिकारले यस कृतिमार्फत् प्रस्तुत गरेका छन् । यसरी एक पन्थ दो काम भएको छ । यहाँ लेखकको विशेषता के छ भने उनी जहाँ जहाँ जान्छन् त्यहाँ उनी माय पुगेका हुँदैनन्, पाठकहरू पनि साथसाथै पुगेका हुन्छन् । यस कृतिले एकातिर विभिन्न स्थलको यात्राबाट प्राप्त हुने, नयाँनयाँ परिचयको आस्वाद दिएको छ भने अर्कातिर बुद्धको महिमा योगदान र दर्शनबारे पनि जानकारी गराएको छ । पढ्दै जांदा पाठक पनि लेखकसँगै ती ठाउँहरूमा पुगेको हुन्छ र त्यहाँको विशेषता जान्ने मौका मिलेकोमा कृतकृत्य हुन्छ । चित्रात्मक वर्णनले लेखका पुगेका ठाउँहरूको स्पष्ट तस्वीर हाम्रा सामु आउँछ । यो नियाबाकारको विशेषता पनि हो । समालोचक डा. दयाराम श्रेष्ठले यस कृतिबारे टिप्पणी गरेका छन् - 'लेखक जुनजुन ठाउँमा पुग्छन् ती-ती ठाउँहरूसँग सम्बन्धित पौराणी कथाशहरू दिँदै जान्छन् जसले गर्दा यो पुस्तक (बौद्ध तीर्थयात्राः नालन्दादेखि लुम्बिनीसम्म) एक प्रकारले बुद्धसंग सम्बन्धित पौराणिक आख्यानहरूको सङ्ग्रहजस्तो हुन पुगेको छ । तर वास्तवमा यात्रासंस्मरणको शैलीलाई लेखकले पूर्ण सचेतताका साथ यसमा निर्वाह गरेको हुँदा यथास्थान साहित्यिक कलात्मकता देखिन गएको छ ।

२) बुद्धज्योतिका केही रश्मि

नेपाल राज्यको लुम्बिनीमा जन्मेर एशियाकै ज्योतिका रूपमा सम्मानित भगवान् बुद्धको जीवन र दर्शनबारे गाहिरो अध्ययन भएका चिन्तक घनश्याम राजकर्णिकारले 'बुद्धज्योतिका केही रश्मि' नामक कृति प्रस्तुत गरेका छन् । २०६४ सालमा प्रथम पटक प्रकाशित यो ग्रन्थ विद्वान् घनश्याम राजकर्णिकारको बुद्धदर्शनसम्बन्धी निबन्धसङ्ग्रह हो । यस कृतिमा गृहत्याग गरेर प्रब्रज्या ग्रहण गरेपछि बुद्धको दिनचर्या र उपदेशहरूका साथै बुद्धसंग गासिएका कथाहरूको बृहत् भण्डारबाट केही अंश लिएर आफ्नै शैलीमा प्रस्तुत गरिएको छ । यीमध्ये कतिपय रचनाहरू कान्तिपुर, गोरखापत्र, आनन्दभूमि, धर्मकीर्ति आदि पत्रपत्रिकामा प्रकाशित भइसकेका अभिव्यक्ति हुन् भने केही उनकै पूर्व प्रकाशित कृतिबाट लिएर पुनः सम्पादित लेख रचना हुन् । विपश्यना सम्बन्धी अन्य केही रचना सर्वप्रथम यसमा समाबेश गरिएका छन् ।

यस कीर्तिमा बुद्धसँग सम्बन्धित १६ बटा लघु आयामका चिन्तनहरू छन् । १) बुद्ध र ईश्वर, २) बुद्धका प्रेरणदायक उपदेश, ३) बुद्धको शान्ति सन्देश, ४) बुद्ध र मैत्री भावना, ५) बुद्धको धैर्य र सुन्दरीको कर्तुत, ६) बुद्धको शिक्षा दिने तरिका, ७) बुद्धको धर्म चर्चामा एकदिन, ८) बुद्ध यस्तो हुनुहुन्थ्यो, ९) बुद्धको कल्याणकारी उपदेश, १०) बुद्ध, अनाथपिण्डक र जेतवन विहार, ११) विपश्यनाः मेरो सुकर्मको एक खुटकिलो, १२) विपश्यना ध्यानकेन्द्रः के देखें, के अनुभव गरें, १३) बुद्धको ध्यान भावना : विपश्यना, १४) बुद्धको महापरिनिर्वाणः एक चर्चा, १५) बुद्धको छवि दक्षिणपूर्व एशियामा, र १६) बुद्धको जन्मस्थल लुम्बिनी ।

यी सबै रचनालाई लेखकले 'बुद्धज्योतिका रश्मि' भनेका छन् । एशियाकै ज्योति भगवान् बुद्ध स्वयं प्रकाशपुञ्ज हुन्, ज्ञानप्रकाशका केन्द्र हुन् । यसरी बुद्ध स्वयं नै ज्ञान ज्योति हुन्, ज्ञान सूर्य हुन् । यसका प्रेरणप्रद जीवन चर्या र उपदेशहरू तिनै ज्ञान प्रकाशमा रश्मिहरू हुन्, किरणहरू हुन् । कीर्तिको शीर्षकलेनै बुद्धका जीवन सन्दर्भ तथा देशनाहरूलाई सङ्केत गरेका छन् यसरी ज्ञानका किरणहरू यहाँ झलमलायका छन् र तीनले मानव जीवनलाई मार्ग प्रदर्शन पनि गरेका छन् ।

'बुद्ध र ईश्वर' शीर्षक रचनामा ईश्वर मान्ने ,ईश्वर नमान्ने र ईश्वरप्रति निरपेक्ष रहने तीन प्रवृत्तिप्रति भिन्नभिन्न उत्तर दिएर बुद्धले शून्यवादी दर्शनको प्रवर्तन गरेको उल्लेख छ । 'बुद्धको प्रेरणदायक उपदेश' मा डेढ वर्षीय छोराको मृत्युले रन्थनीय कि कृपा गौतमीलाई भगवान् बुद्धले मान्छे नै नमरेको घरबाट तोरीका दाना ल्याउन पठाएको र मृत्युविहीन कती नपाइएको सन्दर्भ दर्शाएर गौतमीलाई आश्वस्त पारेको विवरण उल्लेख छ । 'बुद्धको शान्ति सन्देश' मा अङ्गुलिमानजस्तो हत्यारालाई पनि प्रेम भावना दर्शाएर शान्तिदूतका

सिकायो । सहारा र अभिभावक बन्नुपर्ने बाबु नै शत्रु भएपछि या त उनले निराशाको पलायन भोग्नुपर्थ्यो या आत्मनिर्भरताको साहसी यात्रा गर्नुपर्थ्यो । निर्मला कथामा आमा जीवित छंदा निर्मलाको स्वभाव नै छुट्टै थियो । अनेकौं निरर्थक खालका कुराहरू पनि बडो रूचिपूर्वक सुनाउने गर्दथी ऊ । हरेक कुरामा जिज्ञासा राख्दथी ऊ । मानिसमा ब्रहमाण्ड अटाउन सकेको कारणले गर्दा नै होला उनीहरूका कथा कहिल्यै पनि सकिदैनन् । त्यसैकारण माया ठकुरीले पनि मानिसहरूकै विभिन्न पक्षलाई समेटी उनीहरूका भोगाइ र अनुभूतिमा आफ्नो भोगाइ र अनुभूति सामेल गरेर कथा रचना गरिरहेकी छन् । जीवनका भित्री कुण्ठा र रहर अनि बाहिरी भोगाइ र अनुभवलाई उनका कथाहरूले पहिल्याउने प्रयास गरेका छन् । कथाकार माया ठकुरीलको कलम यसरी नै अबिरल बगिरहोस् ।

प्रकाशकः रत्न पुस्तक भण्डार
मूल्यः रू ६५/- पृष्ठ : ८७
संस्करण : प्रथम, २०६४

ग) ज्योतिका गीतहरू

काठमाडौंमा जन्मेर अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर हासिल गरेकी ज्योति पौडेलका गीतहरूको सङ्ग्रह 'ज्योतिका गीतहरू' २०६४ सालमा निस्केको छ । यसभित्र ज्योतिद्वारा लेखिएका स्वदेश र प्रकृतिसम्बन्धी २४ बटा र प्रेम र रहस्य सम्बन्धी ५३ बटा गीतहरू राखिएका छन् । विदेशमा बसेर पनि स्वदेशको मायामा ज्योति पौडेलको देशभक्ति, प्रकृतिप्रेम आदि भाव समेटिएका गीतहरूलाई स्वदेश र प्रकृतिखण्डमा तथा प्रेम तथा अन्य भाव भएका गीतहरूलाई चाहिँ प्रेम र रहस्यखण्डमा राखिएको पाइन्छ । विदेश अर्थात् अमेरिकामा बसेर पनि उनले नेपाललाई सम्झेर राष्ट्रकी माया धेरै लागेको जस्तो मलाई लाग्यो । नेपाल प्यारो देश आफ्नो जन्मभूमि मलाई सधैं माया गर्ने नेपाल हिमालमाथि किरणको रेखा पर्ने देश भनेर गीतकार ज्योतिले छलङ्ग पारेकी छन् ।

बुद्धको देश शान्तिको क्षेत्र धर्तिको स्वर्ग यो
नेपाल आज अशान्ति हिंसा फैलेर नर्क यो ।

'स्वदेश र स्वजनलाई सम्झेर गाएका गीतमा उनको आँसु भिजेको छ, हाँसो पनि आँसुले मुछिएको छ र निर्मल ज्योतिमा सजल नीर चढेजस्तो छ ।' गीतकार ज्योतिका बाबु राष्ट्रकवि माधव घिमिरेले भनेका छन् ।

म राष्ट्रको पहिचान हूँ- फूल लालीगुराँस
संसारभरि फैलाउँछु सौन्दर्य र सुबास ।

आफ्नो देशको राष्ट्रिय फूल लालीगुराँसलाई संसारभरी नै फैलाउँछु भन्दै यो गीत उनले रचेको देखिन्छ । सरल भाषाका माध्यमद्वारा गीत रच्न रूचाउने गीतकार ज्योति पौडेलको अझ रामो गीतसङ्ग्रह निस्कन सक्नेछ भन्ने आशा गर्न सकिन्छ ।

प्रकाशकः ज्योति पौडेल
प्रकाशन वर्ष : २०६४
मूल्य रू : १००/- पृष्ठ : ८०

घ) मारिनोसेलोको जून

कथाकार राजुबाबु श्रेष्ठको 'मारिनोसेलोको जून' नामक कथासङ्ग्रह २०६३ सालमा प्रथम पटक निस्केको छ । यसभित्र उनले लेखेका पन्धबटा कथा रहेका छन् । राजुबाबुको यस सङ्ग्रहमा परेका कथाहरूले समाजका विभिन्न पक्षहरूमा घुसेर त्यसका गुणदोषलाई पाठक समक्ष प्रस्तुत गर्ने प्रयास गरेका छन् । उनले मुलुक भित्रैका जनजातिमाझ विद्यमान सांस्कृतिक पक्षका विकृति, विसङ्गतिलाई केलाएका रहेछन् । कथा सरल र मान्छेको मन छुने खालको हुनपर्दछ भन्ने कथाकार राजुबाबुको मान्यता रहेका छ । मारिनोसेलोको जून कथाले सर्बियन बस्ती रहेको एउटा गाउँ ग्रावानीचाको वर्णन गरिएको छ ।

'राजुबाबुका कथाहरूले दिएको सन्देशमा सशक्त रूपमा देखिएको अर्को कुरा के छ भने राजनीतिक महात्वाकाङ्क्षा, सत्ताको अनन्त प्यासले धर्तीको माटोलाई विभाजित गर्न, टुकयाउन खोजे पनि मानिसको मन, उसको भावनालाई विभाजित गर्न र टुकयाउन सक्तैन'- वरिष्ठ कथाकार रमेश विकलको भनाइ छ । साहित्यको सबैभन्दा पुरानो विधा कथा हो । बितेको घटना र स्मृति सबै कथाकै रूपमा व्यक्त हुन थाल्यो । साहित्यको लोकप्रियता कथाले पछिसम्म बोक्यो । जुनसुकै विधाभित्र पनि कथा लुकेको हुन्छ ।

'गृहयुद्धको घाउ' कथा हाम्रै देशको यथार्थ पीडा बोकेका विदेशी कथा हो । यसले आफ्नै दाजुभाइसंगको युद्ध एकदमै मार्मिक र पीडादायक हुन्छ भन्ने सन्देश दिएको छ ।

प्रकाशकः बगर फाउन्डेसन नेपाल
संस्करण : प्रथम २०६३ बैशाख
मूल्य : रू १००/- पृष्ठ : १०८

कृति परिक्रमा

✍ अरूणा खत्री 'नदी'

क) मधुरिमा (सामाजिक उपन्यास)

बि.सं. २०१५ सालमा गजुरी धादिङमा जन्मेकी रूकु कार्कीको मधुरिमा सामाजिक उपन्यास २०६३ सालमा छैटौं कृतिको रूपमा प्रकाशित भएको छ। यो उपन्यास अठार परिच्छेदमा रचिएको छ। यसभन्दा अगाडि उनले कवितासङ्ग्रहहरू र आफ्नै अनुभूतिका आधारमा एउटा जीवनकथा लेखिसकेकी छन्। मधुरिमा नेपाली समाजमा यत्रयत्र भेटिने विभिन्न वर्ग र तप्काका नारीसम्वेदनाको अभिव्यक्ति हो। यस उपन्यासमा परदेश गएका पुरूषहरूबाट पत्नीका नाममा के-कस्ता धोका र षड्यन्त्र हुन सक्छन् भन्ने कुरा देखाइएको छ। 'हाम्रो समाजमा असङ्ख्य घटना घट्छन्, तीमध्ये कतिपय परदेशी घटनाले हाम्रो मन धेरै भावुक र सम्वेदनशील बनाइदिन्छ' उपन्यासकार रूकु कार्कीको भनाइ छ।

रुकु कार्की उपन्यास विधामा नवोदित लेखिका हुन्। मधुरिमा, मल्लिका र महेश एउटै बाबुका सन्तान भए पनि महेशले मात्र बाबुआमाबाट पाउनुपर्ने स्नेह पाएको हुन्छ। उसलाई आफ्नी आमाको जोडले घर नजिकै बोर्डिङ स्कुलमा भर्ना गरिदिएका हुन्छन्। यस उपन्यासमा रूकुले आफूद्वारा सिर्जित पात्रहरूका साथसाथै उपन्यासका पाठकहरूलाई पनि नेपालका विभिन्न दर्शनीय स्थलको भ्रमण गराएकी छिन्। जुन एकदमै प्रभावकारी बन्न पुगेको छ। मेजरले छोरी मधुरिमालाई शङ्करदेव क्याम्पसमा भर्ना गरिदिएपछि काठमाडौंमा संयोगवश मधुरिमाको भेट एउटै क्याम्पसमा पढ्ने अविरलसँग हुन पुग्छ। मधुरिमा क्याम्पसमा पढ्न आउदा अविरलले तिनलाई नियालेर हेर्छन्। एकसाथ दुवैका आँखा जुधेर मधुरिमाले आफ्नो शिर निहुन्याउँछिन्। मधुरिमा भावनाको गहिराइमा चुलुम्म भएर हराइरहेजस्ती हुन्छिन्। त्यही रूपमा केटाको आकर्षक हेराइले छोइरहन्छ।

कथामा मधुरिमाबाहेक अरू महिलापात्र पनि छन्। ती सबै पात्र काल्पनिक नै भए पनि समाजमा जीवन्त नारी हुन्। छोरा नहुँदा पिल्लिएर मर्ने मधुरिमाकी आमा, सौतेनीभाव बिर्सन नसक्ने उनकी अर्की आमा, सौतनी सासू, पन्थिनी, मल्लिका, अविरलकी प्रेमिका मेरी र फूलमाया समाजमा चिनिएकै पात्र हुन्। अविरलले क्यानाडामा मेरीसँगै अँगालिएर दश बर्ष बिताउँछ। त्यसपछि मेरीले धोका दिई सम्बन्ध बिच्छेद गर्छ। त्यही धोकामा अविरल प्रताडित हुन्छ। अनि माव ऊ रन्थनिएर आफ्नो देश नेपाल फर्कन्छ। घरमा पुग्दा मधुरिमा बिरामी भएर बिछ्यौनामा परिसकेकी हुन्छिन्। अविरलले पश्चातापका जतिसुकै आँसु चुहाए पनि उनी बाँच्तिनन्। कथाको साराश यही हो।

प्रकाशक: राजेश कार्की

संस्करण : पहिलो २०६३

मूल्य रू : १००।- पृष्ठ सङ्ख्या: १२३

ख) आमा जानुहोस् (कथासङ्ग्रह)

कथाकार माया ठाकुरीको आमा जानुहोस् नामका कथासङ्ग्रह २०६४ सालमा निस्केको छ। यस सङ्ग्रह भित्र उनीद्वारा रचना गरिएका जम्मा पन्ध्रवटा कथाहरू रहेका छन्। आख्यानतर्फ उनका पाँचवटा कथासङ्ग्रह त प्रकाशित भई नै सकेका छन्। आमा जानुहोस् उनको छैटौं कथासङ्ग्रह हो। जुन अभिरूचि र सक्रियताका साथ उनले कथा लेखिरहेकी छन् त्यसलाई हेर्दा अझै पनि उनीबाट ठूलो सङ्ख्यामा कथाहरू लेखिने सम्भावना छ। प्रतिघात कथाले कथाका पात्र प्रभाकरको जीवनशैली भित्रपर्ने यस्ता अनेक कुराहरू छन्, जो उसको परिवारलाई चाहे छैन। महिनामा दुईचार रात कार्यालयमा काम भएको बहाना गरी घरबाट बाहिर रात बिताउनु पनि उसको जीवनशैली भित्रपर्ने एउटा अनिवार्य अंश हो। कठिन बाल्यकालका अनुभवले कथाकार माया ठकुरीलाई भावप्रवल मात्र बनाएन, साहसी, चिन्तनशील , कर्मठ र आत्मनिर्भर हुन पनि

रूपमा अनुयायी बनाइएको चर्चा छ। 'बुद्ध र मैत्री भावना' मा कतैबाट गाली वा कुटाइ र मर्ने गरी प्रहार भए पनि त्यस कार्यलाई सकारात्मका रूपमा लिएर मैत्रीभाव दर्शाउनुपर्छ भन्ने सन्देशलाई पूर्ण नामका व्यापारीबाट उदाहरण साथ प्रस्तुत गरिएको छ। 'बुद्धको धैर्य र सुन्दरीको कर्तुत' मा बुद्धलाई नैतिकताबाट पतीत तुल्याउन केही दुर्जनहरूले सुन्दरीलाई भिक्षुणीका रूपमा सेबागर्न पठाएको र गर्भ रहेको अनि मारेका भनी झुठो आरोप लगाउँदा पनि बुद्ध विचलित नभएको कथा प्रसङ्गलाई अगाडि ल्याइएको छ। 'बुद्धको शिक्षा दिने तरिका' मा बगिरहेको खोलालाई तत्काल गोरू गाडाहरूले धमिल्याउन सक्छ तर पखँदै गरेपछि त्यो सङ्लेर खान लायक पानी पनि हुन्छ भन्ने उदाहरण दिएर जीवन यात्रामा बीचबीचमा आउने बाधा अडचन हरूबाट अत्तिनुहुँदैन भन्ने सन्देश दिएको छ।

'बुद्धको धर्मचर्चामा एकदिन' तथागत बुद्धले धर्मचर्चा सुन्न आउने एक साधकलाई 'जन्म-जन्मान्तरको बन्धन अर्थात् राग, द्वेषमोहको गाठो फुकाली शील, समाधि, प्रज्ञाको बाटोमा लागेर आफ्नो तन, मनलाई पवित्र गर्दै जाने मानिसले नै अन्ततः मुक्ति प्राप्त गरी छाड्छ' भन्ने धर्म देशना गरिएको छ। 'बुद्ध यस्तो हुनुहुन्थ्यो' मा अङ्गुलिमान कृषा गौतमीको आत्मिक उद्धार गर्ने तथागत बुद्ध समभावका हुनुहुन्थ्यो पूजापाठ तथा भजन कीर्तनले होइन, राग-द्वेष आदि मनोविकार निर्मूल पारेर चित्तशुद्धि मार्फत् मुक्ति प्राप्त हुने उपदेश दिनुहुन्थ्यो भन्ने उल्लेख छ।

'बुद्धको कल्याणकारी उपदेश यस कीर्तिकै विशिष्ट चिन्तन हो' यसमा तथागत बुद्धले आफ्ना पाँच शिश्यलाई सर्वप्रथम चार आर्यसत्यको उपदेश दिएको चर्चा छ। ती हुन्- १) दुःख, २) दुःखको कारण, ३) दुःखको विरोध, र ४) दुःखको निरोध गर्ने उपाय। बुद्धका अनुसार दुःखका तीन रूप छन् - जरा, व्याधि र मरण। यिनका कारण ठम्याइ निरोध गर्ने सद्मार्गमा लागेर मुक्ति पाउन सकिन्छ। यसैगरी धर्मचक्र प्रवर्तनमा निहित मध्यम मार्गको अनुसरण गर्दै आर्य अस्टाङ्गिक मार्ग अन्तर्गत आठ विधिहरू बताइएका छन् - १) सम्यक् दृष्टि, २) सम्यक् सङ्कल्प, ३) सम्यक् वचन, ४) सम्यक् कर्म, ५) सम्यक् आजिव, ६) सम्यक् व्यायाम, ७) सम्यक् स्मृति, र ८) सम्यक् समाधि।

प्रेममय दृष्टि, पवित्र चिन्तन, मीठो बोली, उदारतापूर्ण सेवाकर्म, न्यायपूर्ण आजीविका, दान-शान्ति-सत्ययुक्त व्यायाम-आचरण, आध्यात्मि स्मृति र विपश्यना ध्यान-समाधिजस्ता कृयाकलापले मुक्ति वा निर्वाण प्राप्त हुन्छ। यसप्रकार बुद्ध दर्शनका महत्त्वपूर्ण सारालाई यस रचनाले स्पष्ट पारेको छ। यसबाट लेखकको बुद्धसम्बन्धी पारमार्थिक ज्ञान प्रशस्त भएको पनि पुष्टि हुन्छ।

'बुद्ध, अनाथपिण्डक र ज्ञेणवन विहार' मा तथागत बुद्धको महिमाशाली वर्णनका साथै राजगिरमा श्रावस्तीका व्यापारी आनाथपिण्डकको दानशील आचरणको चर्चा छ। अनाथहरूलाई पिण्ड वा भोजन दिने हुनाले उनको नाम अनाथपिण्डक रहेको थियो। बुद्धको देशना अनुसार आर्य अष्टाङ्गिक मार्गको अनुसरण गर्दै धनी व्यापारी अनाथपिण्डकले सारिपुत्रलाई साथमा लिएर श्रावस्तीमा बौद्धविहार गराउने निश्चय गरे त्यहाँ जेत राजकुमारको रमणीय बगैचालाई स्वर्ण मुद्राहरू दिनुपरे पनि बिहार बनाउन लिनुपर्ने भयो। जेत राजकुमारले पछि विना मूल्य उक्त बगैंचा प्रदान गरे। जेतवन विहार निर्माण गरियो। यो विहार तथागत बुद्धमा अर्पण भयो। यस खालको प्राचीन शिक्षापद अख्यानलाई प्रस्तुत गरेर लेखकले दानशीलताको महत्त्व प्रस्तुत गरेका छन्।

यसपछि विपश्यना ध्यानसँग सम्बन्धित तीन शीर्षकहरू छन् - विपश्यना: मेरो सुकर्मको एउटा खुटकिलो, विपश्यना ध्यानकेन्द्र: के देखे के अनुभव गरे र बुद्धको ध्यान भावना: विपश्यना। लेखक विपश्यना ध्यानकेन्द्रमा दश दिने ध्यान शिविरमा भाग लिन गएको, विपश्यना ध्यानबाट चित्त शुद्धि हुँदै शान्तिप्राप्त गरेको र बुढानिलकण्ठको मुहान पोखरीमा अवस्थित ध्विपश्यना ध्यानकेन्द्रले सञ्चालन गर्ने गरेको दश दिने ध्यान शिविरबाट धेरैलाई मानसिक शान्ति प्राप्त भएको अनुभवलाई यहाँ प्रस्ट पारिएको छ। विपश्यना बुद्ध वाङ्मयको शब्द हो र यसको अर्थ हुन्छ। विशेषरूपले आफूभित्र नै

पश्यना वा हेर्नु । अन्तरमुखी भएर आफूभित्र ध्यान गर्नु विपश्यना हो । यो विपश्यना ध्यान भगवान् बुद्धले नै सञ्चासनमा त्याएको ध्यान वा योग हो । यसले चित्त शुद्धि हुन्छ र परम आनन्दको प्राप्ति हुन्छ । 'भवतु: सब्ब मङ्गलम्' को मूल मन्त्रलाई फैलाउने विपश्यना ध्यानबाट ज्ञान प्राप्ति हुन्छ भन्ने तथ्यलाई 'बुद्धको ध्यान भावना: विपश्यना' शीर्षकले स्पष्ट पारेको छ ।

'बुद्धको महापरिनिर्वाण: एक चर्चा' मा तथागत बुद्धको महापरिनिर्वाण असि वर्षको उमेरमा कुशीनगरमा भएको उल्लेख छ । राजगिरबाट पावानगरी हुँदै भिक्षु आनन्दसँगै कुशीनगर पुगेका तथागत बुद्धले बुद्धत्व प्राप्तिको समयमा सुजाताले दिएको खीरसँगै अहिले निर्वाण हुने बेलामा चुदनाम गरेका व्यक्तिले भिक्षुसंग र भगवान् बुद्धलाई अर्पण गरेको वरिष्ठ भोजनको पनि सम्झना गर्नुभएको छ । अन्त्यमा सुभद्र परिब्राजकलाई अन्तिम शिक्षा प्रदान गरेर भगवान् बुद्ध वैशाख शुल्क पूर्णिमामा महानपरिनिर्वाणमा समाहित हुनुभयो ।

'बुद्धको छवि दक्षिण-पूर्व एशियमा' भन्ने शीर्षकमा लेखकले समुन्द्रपारका देशहरूमा आफूले यात्रा गर्दा देखेका बौद्धमठ, विहार र गुम्बाहरूका साथ त्यहाँ बुद्ध भिक्षुहरूको रमाइलोसँग समेतको सम्झना गरेका छन् । दक्षिण कोरियामा पत्थरले निर्मित विश्वप्रसिद्ध २७ मिटर अग्लो बुद्ध प्रतिमाका साथै काष्ठकलाको विशाल बौद्ध मन्दिरले त्यहाँ बुद्धको छवि विस्तारित भएको देखाउँछ । दक्षिण कोरियामा करिब चारहजार बौद्ध मन्दिर, असिलाख बौद्धमार्गी र सयहजार बौद्ध भिक्षुहरू रहेको जानकारी पनि लेखकलाई प्राप्त भएको छ । यसै गरी हङ्कङमा, जापानमा र थाइल्याण्डमा पनि मन्दिर, स्तूप र गुम्बाहरूबाट बुद्धको प्रभाव विस्तारित भएको अवगत हुन्छ ।

'बुद्धको जन्मस्थल: लुम्बिनी' शीर्षक रचना यस कृतिको अन्तिम रचना हो । रानी मायादेवीले रामो सपना देख्नसाथ ब्राह्मणहरू चक्रवर्ति राजा वा महामना बुद्ध' जन्मने भविष्यवाणी गर्छन् कपिलबस्तुबाट माइतिघर देवदह जाने क्रममा बीचबाटोमा पर्ने लुम्बिनी उद्यानमा राजा शुद्धोधनकी पत्नि मायादेवीबाट एक बालकको जन्म हुन्छ र सिद्धार्थ नाम राख्निछ । राजको बाल्यकालको साथी असिता त्यही बालकको दर्शन गर्न आउँछन् । उनी सिद्धार्थपछि बुद्धका नामले विश्वविख्यात हुन्छन् । सिद्धार्थ जन्मेको दुईसय पचास वर्षपछि सम्राट् अशोकले लुम्बिनीमा अशोकस्तम्भ राख्छन् । वि.सं. १८९६ मा पाल्पाका तत्कालीन तैनाथवाला खड्गशम्सेरले उत्खलन गराएपछि डा. फुहररको समेत प्रयासले ब्रह्मलिपिको अध्ययन पश्चात् बुद्धजन्मेको स्थल भन्ने निर्धारित हुन्छ । यसरी बुद्धको जन्म नेपालराज्यको लुम्बिनीमा भएको निर्विवाद हुन्छ भनेर लेखकले बुद्धको जन्मस्थलम लुम्बिनीमा उल्लेख गरेका छन् ।

उपसंहार

अर्थशास्त्रमा उच्च शिक्षा अध्ययन गरेर विदेशबाट प्रोफेसनल एजुकेशन तथा एडभान्स ट्रेनिङसमेत हासिल गरेका घनश्याम राजकर्णिकार विशेष गरी यात्रा साहित्यका बहुचर्चित साहित्यकार हुन् । यीनले स्वदेश र विदेश भ्रमण गरेर विभिन्न नियात्रासङ्ग्रहहरूको रचना गरेका छन् । यीनमा पनि राजकर्णिकार नियात्रा केन्द्रित दुई पुस्तकहरू विशेष चर्चित छन् । ती हुन्- विदेशको यात्रा: स्वदेशको सम्झना र देशप्रदेशको भ्रमण: केही संस्मरण । यी कृतिहरूका धेरै संस्करण प्रकाशित छन् र यात्रा साहित्यमा यिनको विशेष स्थान पनि छ । यात्रास्थलको परिचय तथा यात्राप्रक्रिया वर्णनमा मानवीय संवेदना र राष्ट्रिय अनुभूतिलाई समेत अन्तर्मिश्रण गरेर रोचकतासाथै कौतुहल पूर्ण आकर्षण प्रदान गर्ने कौशल घनश्याम राजकर्णिकारलाई प्राप्त छ र त्यसो हुनाले यिनका नियात्रा कीर्तिहरू बढी पढिन्छन् । यसै शृङ्खलामा नियात्रासम्बन्धी अर्को कृर्ति 'बौद्धतीर्थ यात्रा: नालन्दादेखि लुम्बिनीसम्म' प्रकाशित भएको छ र यसको पनि दोस्रो संस्करण आइसकेको छ । एक साताव्यापी बौद्धतीर्थ यात्रामा काठमाडौबाट प्रस्थान गरेर काठमाडौ फर्कंदासम्म बीचमा पर्ने मार्गरेखा, होटलहरूमा बसाइ, ती ती स्थानहरूका बौद्ध मन्दिर,

कृति परिक्रमा

✍ सुमित्रा बस्कोटा

हड्बु र नोल्बु (बालकथा)

'श्यामप्रसाद विश्लेषण र मूल्याङ्कन' (वि.सं २०४७) कृतिबाट समालोचना क्षेत्रमा पदार्पण गरेका धर्मराज अधिकारीको दोस्रो प्रकाशित कृति 'आँखीझ्यालबाट हेर्दा श्यामप्रसाद शर्मा' (वि.सं. २०६३) हो । समालोचनात्मक लेख, कथा, कविता, धारावाहिक रूपमा लेख्दैआएका धर्मराज अधिकारी अहिले श्यामप्रसाद बारे विद्यावारिधि (पि.एच्.डी.) को अनुसन्धानमा व्यस्त छन् ।

अनुसन्धानको अत्यन्त कष्टसाध्य एवं एकाग्रताको आवश्यकता पर्ने बेलामा पनि समयलाई उपयोग गरी प्रस्तुत दक्षिण कोरियाली भाषाबाट नेपालीमा सम्भवतः पहिलो बाल-कथा 'हड्बु र नोल्बु' अनुवाद गरी अधिकाश बाल-बालिका र 'बालसाहित्यका पाठकहरूलाई मनोरञ्जन प्रदान गरेका छन् - धर्मराज अधिकारीले ।

हड्बु र नोल्बुको केन्द्रीयतामा सरचित प्रस्तुत बालकथाको कथासार यसप्रकार छ -

दाजु नोल्बु, लोभी र कञ्जुस थियो भने हड्बु सोझो र सिधा । बाबुको मृत्युपछि नोल्बुले हड्बुलाई सपरिवार घरबाट निकालिदिन्छ र सम्पत्ति हड्पेर बस्छ । हड्बुले धेरै मेहनत र परिश्रम गर्दा पनि गरिबी निवारण नभएपछि दाजुकहाँ नै शरण पर्न जाँदा कौरवले पाण्डवलाई अपमान गरेझैं नोल्बुले रित्तो हात फर्काउँछ । त्यसपछि हड्बुले परिवारको भोक टार्न राज्यमा अरूले भोग्नुपर्ने सजाय पनि पैसाको लागि आफै भोग्न तयार हुन्छ । यस्तै दुःख भोग्दै जाने क्रममा एकपटक हड्बुले गौंथलीको गुँड जोगाउन सर्पलाई पन्छाउँछ र घाइले बचरालाई हुकांउन महत गर्दछ । ती घाइते बचरा ठूलो भएपछि तिनीहरूको आशीर्वादबाट हड्बु धनी हुन्छ । उता भाइ धनी भएको कुरा थाहा भएपछि दाजुलाई ईर्ष्या हुन्छ र भाइसँग धनी हुनाको कारण सोध्छ । भाइले जवाफमा सबै साँचो कुरा बताउँछ । धनी हुने लोभमा परेको दाजुलाई घाइते नभएको पंखीलाई घाइते पारी निको पार्ने अभियानमा लाग्छ । तर 'विनाशकाले विपरीत बुद्धि' भन्ने उखानलाई चरितार्थ गर्दै दाजुलाई विपत्तिमाथि विपत्ति आइलाग्छ र सम्पूर्ण सम्पत्ति सखाप हुन्छ । अन्तिम अवस्थामा दाजु, भाइको शरणमा जान्छ र भाइले पनि 'बैगुनीलाई गुनले मार्नुपर्छ' भन्ने कुरा सम्झी शरण दिन्छ र सुखसाथ बाँकी जीवन व्यतित गर्दछ ।

यसप्रकार सकारात्मक सोँच भएको यो बालमनोवैज्ञानिक कथा एकपटक सबैले हेर्नु आवश्यक छ । यसले बालमस्तिष्कमा गहिरो सकारात्मक प्रभाव पार्न सफल भएको छ । साक्षर बालकले यो बालकथा सजिलै अध्ययन गर्नसक्छ र बोध पनि गर्छ । यस पुस्तकबाट पाठकहरूले असल शिक्षा ग्रहण गर्न सक्छन् । जसले समाजमा असल कार्य गर्छ, आवश्यमेव उसले जीवनको अन्तिम अवस्था राम्री व्यतीत गर्छ भन्ने कुरालाई पनि यस कथाले पुष्टि गरेको छ 'असल कर्मको असल फल' भन्ने उखानलाई यसले छलंङ्ग पारेको छ । नेपाली बालसाहित्यको अनुवाद परम्परामा यो नौलो उदाहरणीय कृति बन्न पुगेको छ ।

भाषा रोचक, सरल र सरस छ । कौतुहल प्रदान गर्ने यो कथा छोटो एक बसाइमा पढुँ पढुँ लाग्दालाग्दै रहरैरहमा समाप्त हुन्छ । नेपाली साहित्यको वृद्धिमा योगदान पुऱ्याएबापत धर्म अधिकारीलाई बधाई दिनैपर्छ ।

लेखक धर्मराज अधिकारी
कृति हड्बु र नोल्बु
प्रकाशन विवेक सिर्जनशील प्रकाशन
संस्करण पहिलो, २०६४ मूल्य रू १५/-

गजल

✍ प्रभाती किरण

म तिमी बनूं मन के गरुं,
भर चाहना किन भन्दछ्यौ
बर सर्दछ्यौ र लजाउँदै,
गर सामना किन भन्दछ्यौ ?

म विसाउँथें शिर काखमा
र निदाउँथें सपना बुनी
तव स्वप्नबाट जगाउँदै
छर वासना किन भन्दछ्यौ ?

तन सुम्पिएं मन सुम्पिएं
र त जीवनै छ तिमीसित
न त फुल्दथ्यो अझ जिन्दगी
तर वहाना किन भन्दछ्यौ ।

सुख दुःखमा हर दर्दमा
मन माझदथ्यौं सब जल्दथे
अब के भयो मुटु भांचियो
चर भावना किन भन्दछ्यौ ?

अति चाह थ्यो अनुराग थ्यो
संग मैदिदा मन दङ्ग थ्यो
मुटुमा सजाउन खोज्दथें
तर यातना किन भन्दछ्यौं ?

दाङ्सिङ् -६ नुवाकोट

तिमी कहाँ छौ ?

✍ ब्रह्मप्रिय प्रेमस्वरूप

अँधेरी रातमा खोजें
निस्पृह छायो केही देखिन
उज्यालो प्रहरमा खोजें
तिम्रो स्वरूप चिन्दै चिनिन
छलिरहेका छौ कि मलाई
त्यसको भेउ पाउनै सकिन
तिम्रा बारेमा भन्छन् कोही
तिमी त यत्रतत्र सर्वत्र छौ भनेर
तर म लाटो भने किन देख्दिन
म बुद्दू साहै चिन्दै चिन्दिन
निरन्तर तिमीलाई खोजिरहेँछु यहाँ
आखिर तिमी लुकिरहेछौ कहाँ ?

एक पण्डितले सुनाए -
तिमी त घाँसभित्र लुकेका छौ भनेर
तब मैले घाँसभित्र जोडतोडले खोजें
घाँसले भन्यो- तिमीले दूधरूप लिएका छौ
दूधभित्र पनि तिमीलाई खोजें
दूधले दही रूपमा बदलिएको बतायो
दहीभित्र धुमधामले खोजें
दहीले मख्खन रूप लिएको सुनायो
मख्खनभित्र दिलोज्यानले खोजें
त्यसमा रसैरस भरिपूर्ण पाएं
सुनेथें मैले, तिमी रसामृत पनि हौ
बाह्य आकारमा चिन्नै सकिन
अन्तःस्वरूप बुझ्नै बुझिन
म बुद्दू लाटो छक्किनु छक्किएं
तिमी साहै बाठो छक्काउनु छक्कायौ
एक-झोंक चल्यो- मख्खन चपाउँछु
चपाउनै नपाई मख्खन हरायो
कायरजीवन बहुतै डरायो
बहुतै जाली निर्मोहीलाई
सकिन चिन्न हाय तिमीलाई
लीला त प्रभुको साहै विचित्र
चिन्नै नसक्ने बुद्दू नेत्र
खोजी छ जारी निरन्तर यहाँ
आखिर प्रभु लुकिरहेँछौ कहाँ ?
ॐ शान्तिः ॐ शान्तिः ॐ शान्ति ।

बिहार र स्तूपहरूको वर्णन निकै रोचक शैलीमा गरिएको छ। बोलचालको सरल भाषा, छोटा वाक्य र शृङ्खलित अनुच्छेद संयोजनले कृतिलाई सहज, बोधगम्य र आस्वादय बनाएका छन्। पढ्दै जाँदा अगाडि के जानकारी प्राप्त होला भन्ने कौतुहल जागिरहेको हुन्छ र त्यो रचना पूरै नपढी चित्त मान्दैन। यसरी साहित्यिक जलपले नियात्रालाई रोचक तुल्याएको छ। अर्को कोणबाट हेर्दा यो भ्रमण बुद्धसंग सम्बन्धित तीर्थहरूमा केन्द्रित हुनाले बुद्धका बारेमा धेरै कुरा जानकारी दिने ग्रन्थ नै बनेको छ। लेखनको आरम्भमा यात्रा विवरणमा बढी केन्द्रित हुने घनश्याम राजकर्णिकार पछिल्ला समयमा बुद्ध दर्शनप्रति समाहित भएको प्रती हुन्छ। यस कोणबाट हेर्दा यात्रा विवरण गौण र बुद्ध तथा तत्सम्बन्धी विवरण प्रमुख हुन खोजेको आभास हुनु स्वाभाविक नै हो तर पनि यात्रा साहित्यको रोचक प्रस्तुति भने कायम नै छ र यो कृति सिङ्ग नियात्राकृति बन्न पुगेको छ।

बुद्ध र बुद्ध दर्शनलाई जीवनका मार्गदर्शनका रूपमा आत्मसात् गर्ने प्रवृत्तिफलस्वरूप अहिले २०६४ सालमा घनश्याम राजकर्णिकारको नवीन कृति 'बुद्धज्योतिका केही रश्मि' प्रकाशन भएको हो। नातिनातीनाहरू आश्रय तामाकार, ओजस तामाकार, हृदयशा तामाकार र सुयशा श्रेष्ठको संयुक्त प्रकाशनमा देखापरेको यो कृति बुद्धधर्म, बुद्धका उपदेश, बुद्धसँगका सामाजिक आख्यान र बुद्धका दिनचर्यासंग केन्द्रित रहेको छ। विशेष गरी भगवान् बुद्धको महिमा र बुद्धका उपदेशहरूको गरिमालाई अभिव्यक्त गर्ने यो कृति ज्ञानको किरण फिजाउन सक्षम छ र लेखकले भनेजस्तै विश्वस्तरमै मानवजातिलाई पथप्रदर्शन गर्ने साधन बन्न पुगेको छ।

साहित्यिक दृष्टिबाट अध्ययन गर्दा यो कृति नयाँनयाँ ज्ञानको सूचना दिने निबन्धसङ्ग्रह बन्न पुगेको छ। जीवनी र बुद्ध दर्शनका अंशहरूलाई सरस, बोधगम्य शैलीमा प्रस्तुत गर्दै आफ्ना भावसिक्त अनुभूतिलाई पनि मिसाउँदै रचिएको यो ग्रन्थ नेपाली पाठकहरूका लागि उपयोगी तथा सङ्ग्रहणीय कृति बन्न पुगेको छ।

बुद्धदर्शनका विद्वान् घनश्याम राजकर्णिकारका उक्त दुवै कृति यात्रा वर्णन र बुद्ध धर्मको जानकारी दिलाउने माध्यमका रूपमा उल्लेखनीय छदैछन्, साहित्यिक मूल्यका दृष्टिले पनि महत्त्वपूर्ण छन्। यस क्रममा साहित्यकार घनश्याम राजकर्णिकारको योगदानको कदर गर्दछु।

✕ ✕ ✕

हामी

✍ खड्गबहादुर चापागाई

हामी मूर्ति खोजी-खोजी हिँड्ने मान्छे
हामी मूर्ति पूजा गर्न चाहने मान्छे
हामी चाहन्नौं मनका बह पोख्ने मान्छेहरू
हामी चाहन्छौं कहिल्यै नबोल्ने मान्छेहरू ।

(१)

हाम्रा लागि असजिला छन् हाम्रै मान्छे
हाम्रा लागि बढी छन् हाम्रै मान्छे
हामी सबै मूर्ति बनाउन चाहन्छौं
हामी सबै मूर्ति बन्न पो चाहन्छौं ।

(२)

हामीलाई थाहा छ तिनले मुख थुनेका छन्
हामीलाई थाहा छ तिनले स्वास रोकेका छन्
ती त राम्रा सबलाई ढोगिरहन्छन्
ती त पूज्य सबलाई हेरिरहन्छन् ।

(३)

चाहन्छौं हामी सबलाई कोठामा सजाउन
हाँस्दै नाँच्दै आफ्नै रङ्गमञ्च बनाउन
खोज्छौं हामी कसैको दिलको तार टुटाउन
सक्छौं हामी सबलाई टाढा-टाढा भगाउन ।

(४)

समीक्षा

'जापानी छन्दमा नेपाली कविता' 'जापानी छन्दको नेपाली छन्दोमञ्जरी'

✍ राधेश्याम भट्टराइ

लेखनाथका कविता नैतिकपक्ष बारे शोधप्रबन्ध तयार गरी विद्यावारिधि गरेका डा. बमबहादुर थापा 'जिताली' नेपाली साहित्यका परिचित कवि तथा लेखक हुन् । छन्दोबद्ध कविता रचनामा कवित्व कौशल प्रदर्शन गर्ने जितालीले गद्यकवितालेखनमा, गीतिरचनमा, हास्य-व्यङ्ग्य क्षेत्रमा, निबन्धलेखन तथा समालोचनाको फाँटमा पनि आफ्नो सीप देखाउँदै आएका छन् । उनी वार्णिक छन्दलाई खेलाउने र आफ्नो पारामा ढाल्ने मात्र होइन छन्दशास्त्रीय अध्ययनमा समेत लागिपरेका छन् र 'छन्दको छहारी' हाल्ने तरखरमा जिताली 'जापानी छन्दमा नेपाली कविता (२०६४)' नामक नबीनतम पुस्तक लिएर हाम्रो सामु उभिएका छन् । नेपाली कवितामा जापानी छन्दशैलीको अध्ययन- अनुसन्धान गरी तयार पारिएको यो कृति लक्षणग्रन्थका रूपमा देखापरेको छ । जापानी साहित्यको कविताविधामा विद्यमान छन्दव्यवस्था, निर्माणपद्धति र शैलीको विशिष्ट अध्ययन यस पुस्तकको विशेषता हो । डा. जितालीले निर्वाह गरेको छन्दगत लाक्षणिक भूमिका ठीक/बेठीक पर्खेल्ने समालोचकहरूको क्षेत्राधिकारभित्र प्रवेश धृष्टता नगरी अभावपूर्तिका हिसाबले यस पुस्तकलाई 'जापनी छन्दको नेपाली छन्दोमञ्जरी' भन्दा फरक पर्दैन सायद ।

नेपाली लोकसाहित्यको लामो परम्परामा जापानी छन्दशैलीसंग समानधर्मी लोकगीत खोज्न सकिए पनि २०१०-२० को दशकदेखि मात्र जापानी छन्दशैलीका कविताले नेपाली साहित्यमा प्रवेश गरेका बुझिन्छ । प्रवेशकालमा अनूदित हुँदै नेपाली भित्रिएका जापानी छन्दशैलीका कविताहरू आज नेपाली भाषामै मौलिक कविता जन्माउन सफल भएका छन्, नेपाली कविकै सन्तति-सम्पत्ति बन्ने गरेका छन् । नेपाली भाषामा लेखिने जापानी छन्दशैलीको प्रभाव र विस्तार दिनप्रतिदिन बढ्दै गएको छ । जापानी छन्दशैलीको लयात्मक भित्रको गद्यकवित्वलाई विस्थापित गरेको कुरा लेखक जिताली स्वयंले स्वीकार गरेका छन् । लोकप्रियताको यो भन्दा बलियो अर्को उदाहरण के होला ? सायद छन्दात्मक नियम जटिल नभएको अक्षर मात्र गन्ने शैली भएको मात्रा ह्रस्व-दीर्घ आदिको ख्याल गर्नु नपर्ने, तीन पङ्क्तिदेखि धेरै पङ्क्तिसम्म लेख्न सकिने भएर होला । यसको सम्यक् विवेचना जापानी छन्दशास्त्रीहरूकै जिम्मा छोड्नु जाति हुनेछ ।

नेपाली कविताको फाँटमा फस्टाउँदै गरेको जापानी छन्दशैलीमा लेखिने कविताको लाक्षणिक आधारशीला निर्माण गर्दै लक्षणग्रन्थको खाँचो टार्ने सूर कसेर भुल्किएको छ 'जापानी छन्दमा नेपाली कविता परिभाषा र उदाहरण, ताङ्काको लक्षण र उदाहरण, चोकको परिचय र उदाहरण, नेपाली हाइकु, तङ्का र चोकामा प्रयुक्त बिम्ब-प्रतीक तथा अलङ्कारविधान, नेपाली ताङ्कालेखनको तापक्रम र नेपाली कवितामा जापानी हाइकु, ताङ्का र चोकाको सैद्धान्तिक सन्दर्भबारे चर्चा गरिएको छ । यसका अतिरिक्त प्रा. रामकुमार पाँडेको विद्वत्तापूर्ण भूमिकाले पनि पुस्तकको उचाइ धप्न मदत गरेको छ ।

युवा कवि तथा कलाकार रमेश पौडेलको आकर्षक आवरणकलाद्वारा सिङ्गारिउको 'जापानी छन्दमा नेपाली कविता' का लेखक डा. जितालीले यहाँ पाँच किसिमका जापानी छन्दशैलीका

हास्यव्यङ्ग्य

यमराज सन्मुखे नेता उवाच

✍ युवराज मैनाली

तन्द्रा हो वा सपना प्रभु ! हिजो आज म कालो झण्डा अनसन अनि डोलो डोलो आसन मात्र देख्न थालेको छु । छिर्नै नदिने मेरो सत्ताको सुमोह छिरी हाले पनि टिक्नै नदिने परिपञ्च नै मेरो प्रजातन्त्रको परिभाषाको अन्तरसम्भाषण बनेको छ । म यहाँ आए पनि मन त्यहीँ छ, त्यसैमा छ । यसैले प्रभो ! यी पाप पीडनहरू लामखुट्टेको टोकाइ, उपियाँ उडुसहरूको डसाइभन्दा अरू केही होइनजस्तो भएको छ । अन्तर्यामीमा जाहेरै छ यी कुराको । म प्रुफ भैसकेको छु । त्यहाँ मैले सत्तामह चाट्नुभन्दा पहिले प्राप्त गरेको बैकुण्ठयात्राको रातो पासपोर्ट सरहको त्यो जेलयात्राको कमको अनुभूति के भन्नुपर्ला र ? मृत्युमण्डलको त्यो कुना अरू कुनाभन्दा बेग्लै छ प्रभु सन्त बनेर निस्कने ठाउँ अगस्त्य बनेर निस्कन्छ । रक्षक पदधारी तक्षक बनेर रहेको हुन्छ । साधुलाई सुली, चोरलाई चौतारो त्यहाँको अन्तर्व्यथा हो, युग युगको कथा हो प्रभु, युग युगको कथा । यसैले भन्नेहरू त्यो स्थललाई सतीले सरापेको मुलुक भन्छन् । भन्नेले भन्छ, सुन्नेले सुन्छ, सबैलाई थाहा छ तर शकुनीको पासा सबैको हातमा कहाँ पुग्दछ । जसको हातमा पऱ्यो उसले स्वर्ग भोग्यो, परेन नरक यातना भोग्यो ? निचोर नाचोरमा पऱ्यो । कागती अनि फलफूल रस निकालिएको जुसझैं निचोरियो । बोरामा हालेर फालियो । बिडम्बना देखेरै के_के न गर्छु भनेर सुरिएर चली चढेकाहरू झर्छन् । झर्नको लागि कसले मिहेनत गर्ने मूर्खता गर्छ प्रभु । परिश्रम गर्नु नै चढ्नको लागि हो । प्रभु धृष्टताका लागि क्षमा होस् । प्रभुहरूले जीवको सृष्टि, प्रकृतिको नियमै यस्तो बनाइबक्सेको छ कि त्रिशङ्कुबाहेक अरूलाई मध्यममार्गी बनाउन दिएकै छैन । सोहर र थुपारको नीति नै राजनीतिको आधार हो प्रभु ! मेरो दमित इच्छाहरूको त्यो सोहोराई थुप्राइको भारी बिसाउन नपाउँदै हजूरको पासाले मलाई यहाँ सुरूक्क तानेर ल्याइदियो । त्यसैले यो प्राण बल गरी गरी यो सोहोऱ्याई र थुप्र्याई निष्कासन गरेर यहाँको वातावरण दुर्गन्धित पारिरहेछ, यसमा मेरो के दोष प्रभु ! प्रभुको नियममा तिथिमिति तोकेर पासाले खुरूक्क तान्ने त छ तर मृत्युमण्डलमा थुपरथापर पारेको इच्छालाई निचोर नाचर पार्ने छैन । यसले गर्दा यो वातावरण पनि स्वास्थ्य अहीकार गर्नैपर्छ । हे, मृत्युराजाधिराज परम कृष्णवर्ण मेषवाहन धर्माधिकार प्रभु !

✕ ✕ ✕

गीत

✍ मधुस न्यौपाने

बतासरी उडेको मनमा स्मृति बल्झन्छ
टिल्पिलिएर प्रीतिको आँसु आँखामा छल्कन्छ ।

गुराँसैगुराँस फुल्दथ्यो उनको आँखाको नानीमा
बिलाइदियो एक थोपा शीत खसेझैं पानीमा
उषाको किरण मनमा पीडा भएर अल्झन्छ ।

हृदयमाथि कुल्चेर गयौ घुम्दछु पाखामा
उघार्नू तिमी फूलको जीवन उसैको काखमा
सम्झन्छ फेरि मुटुमा मोती बनेर टल्कन्छ ।

बाध्य हुन्थी । घरमा आजभोलि स्थिति पनि गुम्मिएको थियो । हजुरबुवा, हजुरआमा अनि ममी पनि श्वासश्वास- खुसखुस गरेको चाल पाउँथिन् । कुन्नि सबैको मन उज्यालोचाहिँ थिएन । पक्कै पनि कोही भएको हुनुपर्छ भन्ने सोच्थिन् । अझ ममीको अनुहार अलि मलीन भएको छ हिजोआज । ऊ के-के सोच्न पुगिन् कुन्नि ।

झण्डै एक महिनापछि स्कुल जाँदा सधैँभैँ पुस्तक पछ्याँडि फर्केर हेरी । त्यस दिन भने ऊ थिएन । बेलुकी फर्कंदा पनि थिएन । त्यो क्षण भने उसको मन दुक्क भएको थियो । क्रमैसंग दिनहरू बितेर गए । एउटा शनिबार आयो त्यसपछि अर्को, तर त्यो मान्छे फेरि नीराको आँखामा परेन ।

त्यसैदिन बेलुकीपख घरमा नीरा गृहकार्य गर्दै थिइन् । छेउको कोठामा निक्कै वेदनापूर्ण वातावरणमा चर्कांचर्की परेको अस्पष्ट शब्दहरू छरिएको सुनिन् । उनी एकछिन अलमल्ल परिन् । 'सधैँ खासबुस हुने मौन वातावरण एक्कासी कसरी भत्कियो.....कि.....? कतै ! भन्दै ऊ त्यतैतिर भयालमा पुगिन् । उसको आङ सिरिङ भएर आयो । कान ठाडा-ठाडा पारेर सुन्न थालिन् । भित्रबाट 'के गर्छस् नानी त्यो मान्छे जस्तोसुकै पापी भए पनि तँ र तेरी छोरीलाई छोडी गए पनि अभागी रहेछ । जवानीमा गरेको भूल अहिले भोग्दैछ ।' यो हुजरआमाको आवाज थियो ।

'तर ! विहे गरेर मलाई एक बर्षकी छोरी छोडेर जाने धोकेबाज पापीलाई म कसरी भेट्न जाऊँ । किन जाऊँ ? ममीको बेदना मिश्रित स्वर । कामेकी थिइन् । विरोधाभास वचन बोलेकी थिइन् । 'हैन छोरी तँलाई भेट्न पनि ऊ आयो । छोरीलाई पनि सधैं हेछ रे ! बिचरा त छोरोसंग रासरा बोल्न पनि पाएको छैन भन्दै थियो ।' हजुरबाको कुरा थियो यो । 'बिचरा बिरामी भएर ख्याउटे, नरामो, मलीन भएको रहेछ । फेरि आफूले गरेको गल्तिको माफी पनि त्यो शनिबार माग्न आएको थियो ।' भन्दै दयाको भाव प्रकट गर्नुभयो ।

'हँ ! त्यो मान्छे.....त्यो मान्छे.....मेरो ह्याडी....मेरो बाबु हो ।' उनै रनभूल्लमा परिन् । एउटा शून्यता छायो ऊभित्र । कहिल्यै ध्यान जान सकेको थिएन । सोच्न पनि गाह्रो थियो । पत्याउनै नसकिने फेरि ममीले पनि कहिल्यै भन्नु भएन । त्यस दिन ऊ आउँदा पनि भेटाएनन् । कुरा त्यस्तो रहेछ अनि घरमा मौत वातावरण छाएको रहेछ हिजोआज । मेरो ह्याडी हो भने किन छोडी गए मलाई, ममीलाई । आखिर छोड्नुको त्यस्तो के कारण रहेछ । मन नपरेको मान्छे आखिर मन नपरेकै .....।' नीराले आफूभित्रै असिमित कुराहरू खेलाइन् । विभिन्न कौतूहल उब्जियो । त्यसैले उसले त्यस व्यक्तिलाई फेरि पनि नरामै दर्जामा राखी ।

ऊ यति बेलासम्म भयालमा उभिएरै सुनिरहेकी थिइन । सासफेर्न पनि मुस्किल-मुस्किलले सकिन् । फेरि पनि एकाग्रता थियो ऊभित्र ।

'हैन छोरी उसलाई एड्सले ग्रस्त पारेर यस्तो अन्तिम अवस्थामा पुऱ्याएको छ । यस्तो बेलामा त एकपटक तिमी हामी जानुपर्छ ।' हजुरआमाको आवाजले झसङ्ग हुन पुगी । उसको एकाग्रता धर्किएर आयो । 'एड्स ग्रस्त' मेरो बाबु एड्स ग्रस्त, कारण यो पो रहेछ छोड्नुको । विचरा त्यसै रोगले ख्याउटे कालो हुनभएको रहेछ । अब के गर्ने होला ।'

नीरा कान थापेर सुन्दै थिइ । कोठाभित्र भइरहेको भलाकुसारीले आत्तिइ । मनमा भय कौतूहलता अनि हर्ष विस्मय छाएको थियो उसको । निक्कै गन्थनपछि उसको मनमा केही आशा र भयले छोयो ।

उसले सुनी 'म जान्छु जान त तर छोरीलाई पनि सबै कुरा भन्नुपर्ला अनि उसलाई लिएर जानुपर्ला' भनेर आमाले भनेको सुनी ।

नीरा एक मनले त खुसी थिइ तर कताकता मुर्झाएको, ओइलिएको फूलको रूपजस्तै कुँडिएको मन भा'थ्यो उसको । उसलाई एक किसिमले पश्चात्ताप पनि लाग्यो, मान्छे चिन्न नसकेकोमा । तर ....तर चिनेर पनि के भो र केवल दुई दिनका पाहुना छन् हाम्रा लागि जस्तो लाग्यो उसलाई । 'जिन्दगीका भोगाइहरूमा पिता भेटियो पनि कुन मोडमा । अनि भेटियो पनि विवश आफ्नै वेदनामा छटपटिएको अवस्थामा । हे दैव तिम्रो लीला पनि विचित्रको छ ।' यस्तै तर्कनाहरू गर्दै ऊ खोच्र्यानमा कतिखेर निदाई - निदाई ।

× × ×

कविताहरूको लक्षण, परिचय र उदाहरण प्रस्तुत गरेका छन् । तिनको सङ्क्षिप्त चर्चा गरौं -

(१) हाइकु - (५-७-५ अक्षरसमूह-१७)

क्रमशः पाँच

सात पाँच बर्णमा

हाइकु हुन्छ ।

जापानी शैलीका कविताको सूक्ष्मतम रूप मानिने हाइकुको छान्दिक लक्षण हो-यो । यस लक्षण अनुसार हाइकुमा तीन हरप र सत्र अक्षर हुन्छन् । पहिलो हरपमा पाँच अक्षर दोस्रोमा सात र तेस्रोमा पाँच अक्षर । आख्यानरहित हुन्छ हाइकु । मीठो भाषाशैलीका धनी सु-प्रसिद्ध निबन्धकार शङ्कर लामिछानेले नेपाली साहित्यमा भित्र्याएका थिए हाइकुलाइं । डा. जितालीले हाइकुका सस्थापकको पगरी गुथाएका लामिछानेद्वारा २०१९ सालमा रचित एउटा हाइकु यस्तो छ-

शिरीष फूल

भ्रमर चुम्बनमै

ओइली झर्छ ।

२) सेनेरियो (सेन्यु) - (५-७-५- अक्षरसमूह- १७)

सेनेरियो (सेन्यु) छन्द शैलीको लक्षण पनि हाइकूको जस्तै हो । हास्य-व्यङ्ग्यात्मक भावधर्मिताले मात्र हाइकुभन्दा पृथक् पारेको हुन्छ सेनोरियोलाई । उदाहरणार्थ जीवन सुवेदीको सेनोरियो उद्धृत गरौं -

कविकी स्वाम्नी

कविता खान्छे टन्न

रित्तो भान्छामा

३) ताङ्का- (छोटा कविता)- (५-७-५-७-७ अक्षरसूमह-३१)

ताङ्काको लक्षण यसरी दिएका छन् लेखकले-

पाँच र सात

पाँच, सात र सात

अक्षर मिली

पाँच पद्य-पङ्क्तिमा बाका वा ताङ्का बन्छ ।

यस लक्षण अनुसार पाँच अक्षर, सात अक्षर, पुनः पाँच अक्षर अनि सात सात अक्षर भएका दुई हरप गरी पाँच हरप र एकतीस अक्षर भएको छन्द शैलीलाई ताङ्का वा बाका भनिन्छ । यस शैलीमा लेखिने कवितामा मिठासपूर्णभाव र गेयात्मकता समेटिन सक्छ । जस्तै कवि क्षेत्रप्रताप अधिकारीको ताङ्का लिउँ-

मेरो गाउँमा

अविरल बगेको

नीलो पसिना

भोक बगिरहेछ

शोक बगिरहेछ ।

४) सेदोका -□□(५-७-७-५-७-७ अक्षरसमूह -□३८)

सेदोका अर्को छन्द-शैलीको नाम हो । लेखक जितालीले 'आफ्नै भनाइ' मा यस छन्द-शैलीको नाउँ काढे पनि यसको लक्षण, परिभाषा र उदाहरणचाहिँ दिएको पाइँदैन । भूमिकालेखक प्रा.रामकुमार पाँडेले उल्लेख गरेबमोजिम सेदोकामा छ हरप र अठ्तीस अक्षर हुने गर्दछन् । पहिलो हरपमा पाँच अक्षर, दोस्रो र तेस्रो हरपमा सात सात अक्षर अनि चौथो हरपमा पाँच अक्षर, पाँचौ र छैटौं हरपमा सात सात अक्षर गरी अठ्तीस अक्षरमा कविता लेखिने गर्दछ । उदाहरणका रूपमा प्रा. पाँडेरचित सेदोका उद्धृत गरौं-

सिर्जना बाँकी

कलम उपहार

कागज आफैं राख

घाउ खातिर

मलम उपहार

शीतल आफैं चाख ।

५) चोका (लामा कविता)- (५-७, ५-७, ५-७, ५-७-७ अक्षरसमूह-५५)

क्रमशः पाँच-सात, पाँच-सात, पाँच-सात, पाँच-सात र सात अक्षरसमूहका दरले क्रम्तिमा ५५ अक्षर र नौ हरपदेखि १५१ हरपसम्मको

कवितालाइं चोका वा नागाउता भनिन्छ। पाँच-सातका दरले जति तन्काए पनि तन्काउन सकिने हुँदा चोका छन्दशैलीमा लामा कवितामात्र होइन काव्य, खण्डकाव्य, महाकाव्यको रचना गर्न सकिन्छ। यसको संरचना लामो र शृङ्खलाबद्ध हुने हुँदा आख्यानको आधिक्य रहनु स्वाभाविक नै हो। नौ हरपदेखि एकतीस हरपसम्मका चोका निकै चोटिला र घतिला मानिन्छन्। डा. जिताली लिखित चोकाको एउटा उदाहरण यस्तो छ-

मान्छे हो चौता
मान्छेमा छ विश्वास
आशा-भरोसा
कान्ति-शान्ति-उन्नति
सादृश्य-शक्ति
मान्छेमा छ आशक्ति
मान्छु म मान्छे
मान्छे स्वयं आगो हो
मानवतामा
मान्छे स्वयं पानी हो
बाँच्ने जिन्दगानी हो।

साहित्यकार डा. जिताली जापानी छन्द-शैलीका राम्रा आध्येता मात्र होइनन् स्वयं पनि जापानी छन्द-शैलीमा रमाएर अब्बल कविता रच्ने कविका रूपमा दरिएका छन्। लेखक स्वयंका अतिरिक्त अरू कवि-कवयत्रीहरूद्वारा रचित अर्थपूर्ण, मिठासयुक्त र नेपालीपन छचल्किएका कविताका सुन्दर नमुना यहाँ पढ्न पाइन्छ। उदाहरणार्थ कवि क्षेत्रप्रताप अधिकारीले हाइकु- 'पैरको बास, खाने कुरा थिएन, म्वाइँ खाइयो' , रामदयाल राकेशको- 'प्रेमको वीणा, हृदयमा बज्दैछ, प्रेमिका साथ' र लालबहादुर भुजेलको- 'पजेरो भेष', आलिशान महल, जर्जर देशजस्तो मीठा, रसिला र चोटिला हाइकुहरू पनि यहाँ उद्धृत गरिएका छन् भने नेपालीपन भरिपूर्ण चन्द्रकला शाहको लोकदोहरी 'गिट्टी कुटेर छाक टानुं पऱ्या छ मकै भुटेर' भन्ने हाइकु नमूनालायक ठहरिन्छ। हाम्रो सिर्जनाको अभियान यस्तै हाइकु पस्कनेतिर लम्कदै जाओस् हाम्रा स्रष्टा-अभियन्ता यस्तै राजमार्गमा दगुर्दै जाऊन्।

अक्षर गन्ने जापानी छन्द-शैलीसंग तुलना गर्न खोजेको त होइन तर नेपाली छन्दोबद्ध कविता लेखनपरम्पराले तान्यो मलाई। मैले सम्झें - पिङ्गलसूत्रमा आधारित गङ्गादासरचित संस्कृतको 'छन्दोमञ्जरीमा एक अक्षरको 'श्री' छन्ददेखि दुई तीन अक्षर गर्दै छब्बीस अक्षरको 'उत्कृति' सम्मका छन्द रहेका छन्। छन्दविधामा मात्र ह्रस्व, दीर्घ आदिको नियम निकै कडा हुन्छ तर जापानी कवितालेखनको छन्द-शैलीमा यति कठोर नियम पाइँदैन। 'श्री' छन्ददेखि 'उत्कृति' सम्मका जुनसुकै छन्दमा पनि कविता, काव्य,खण्डकाव्य, महाकाव्य आदि रचना गर्न सकिन्छ। 'पङ्क्ति' र 'प्रिया' छन्द पाँच-पाँच अक्षरका हुन्छन् भने 'मधुमती' 'मदलेखा' र 'कुमारसलिता' छन्द सात-सात अक्षरका हुने गर्दछन्। छन्दशास्त्रीय नियम अनुसार रचित कवितामा यति यथार्थ विश्रामको महत्त्व रहन्छ। २० अक्षरको 'स्रग्धरा' छन्दमा ५-७-१२ अक्षरमा, २५ अक्षरको 'आकृति' छन्दमा ५-५-८-७ अक्षरमा र २६ अक्षरको 'उत्कृति' छन्दमा ८-११-७ अक्षरमा यति हुने गरेको देखिन्छ।

जापानी कविता साहित्यमा गद्यकवितालेखनको विशिष्ट परम्परा भए पनि यहाँ त्यसको चर्चा गरिएको छैन। छन्दसम्बन्धी पुस्तक भएकोले जापानी छन्द-शैली र तज्जन्य कविताको मात्र यहाँ उल्लेख छ।

नवोदित प्रतिभाहरूलाई स्थान दिनु राम्रो पक्ष भए पनि यहाँ उद्धृत कतिपय कविताहरू उदाहरण लायक नै छन् त ? भन्ने प्रश्नचिन्ह खडा हुनसक्छ किनभने लक्षणग्रन्थका उदाहरणको स्तरीयता पनि अपेक्षित हुने तथ्यलाई नकार्न सकिँदैन। आशा गरौं - कविताको स्तरीय छनौट तथा भाषिक शुद्धता आगामी संस्करणमा देख्न पाइनेछ।

✕ ✕ ✕

कथा

समयले मन नपरेको मान्छे

✍ दिनमान गुमछान 'दिगु'

नीरा संवेदना शून्य भएकी छे। ऊ आफै चिन्तित देखिन्छे। किन हो हिजो आज ऊ एउटै व्यक्तिको बारेमा सोचिरहेकी हुन्छे। उसको अन्तरआत्माले मान्दा नमान्दै पनि घरि-घरी भेटिने त्यस व्यक्तिले उसमा नराम्रो प्रभाव पारेको छ।

धेरै दिनदेखि त्यो घिनलाग्दो थियो। प्रायः जसो बाटोमा देखिनु र उसैलाई हेरिरहनु नराम्रो लागेको थियो उसलाई। तर, पनि आफूले नचाहँदा-नचाहँदै पनि ऊ के गर्दैछ भनी हेर्न बाध्य थियो। कारण सधैं त्यही बाटोछेउँ भेटिन्थ्यो त्यो मान्छे। दुई/चारपल्ट त यो विषयलाइं नसोची नीराको आँखा अनायास उसमाथि पर्न गएको हो भन्दा पनि उसले टाउको नझट्कारेकी रीस उठ्थ्यो। नीरा सोच्थी- 'कतै ऊ यसरी त्यस व्यक्तिको मुल्याङ्कन गर्न पुग्थी।

एक दिन त्यस मान्छेले उसको खुब पिछा गऱ्यो। यहाँ सम्म गऱ्यो कि ऊ पाठशालाबाट फकदासमेत पछि लाग्यो। नीरा फर्की-फर्की हेर्थी। उसलाइं कस्तरी रन्का छुटेको थियो। अनि छिटोछिटो पाइला चाल्न थाली झण्डै डराएको भावले अर्ध दौडाइको गतिले। अर्थात्, नीरालाई भाउन्न होला जस्तो रीस नउठेको चाहिँ होइन। एक्लै भुत-भुताउँदै हिँडेकी थिइं।

'कस्तो घिनलाग्दो मान्छे छि.....छ्याब्के, कालो, खियाउटे। कस्तो बदमास रहेछ। सधैं कति घुंन सकेको ? हुन पनि कहाँका मान्छे होलान् यी। सधैं अघिपछि भेट्छु। बडो फिस्स हाँस्ने भा'को त्यो मान्छे लफङ्गो हुनपर्छ। हेर्दा त पाकोजस्तो पनि लाग्छ। तर के भा' को। लोग्ने मान्छे सबै त्यस्तै हुन्।'

त्यस्तै तर्कना गर्दै हिँडेकी थिइं। उसले फेरि एकपल्ट फर्केर हेरी। त्यो घिनलाग्दो मान्छे उसकै पछिपछि आउँदै थियो। उसमा एक तमासको भयको सञ्चारले सम्पूर्ण शरीरमा सिरिङ्ग भएर काँडो उभियो। ऊ सञ्चारविहीन भएर सरासर हिँडिरही। कति छिटो हिँडी भने उसले पछाडि नफर्किकनै बाटो काटिसकेकी थिइं। सरासर कोठाभित्र पसेर स्वास लिएकी थिइं। सम्पूर्ण शरीर भारी भएको थियो। उसले मनमनै सोच्न पुगी 'को होला यो ?'

आज विदाको दिन, ऊ कौशीमा बसेर पाठ घोक्दै थिइं। सडकमा के आँखा परेको थियो, त्यही मान्छे उसको घरतिरै भएर हिँड्दै थियो। उसको अनुहार एकतमासले रक्त सञ्चारित भएर आयो। रातोपिरो भई सकेकी थिइं। किन-किन उसलाइं त्यस मान्छेप्रति वितृष्णा जागेको थियो। देख्नेबित्तिक्कै रीसले आगो भई।

त्यो मान्छे उसकै घरभित्र सरासर पस्यो। नीराले पनि देखी। ऊ अचम्मित भई र अनौठो भयको सञ्चारसँगै काम्न थालेजस्तो भई। पढ्न मन भएन उसलाइं। मस्तिष्क शून्य भएर आयो। भित्र-भित्र डराई पनि। तर उसलाइं रीस धेरै उठेको थियो। एकैछिनपछि निस्कियो त्यो मान्छे। कौशीमा हेऱ्यो, एकपल्ट मुस्काएर आफ्नो बाटो लाग्यो। छि, कस्तो रीस उठ्यो मान्छे। हाँस्दा पनि नसुहाउने। लफङ्गा कहीं नभएको। यस्तै तर्कना उठ्यो उसको मनमा। अब उसको मनमा असङ्ख्य शङ्काका बादलहरू चलमलाउन लागे। त्यो मान्छे अब त उसको बाटो कुनै हुँदाहुँदै घरैमा पनि आएर गयो। 'हे भगवान् को होला यो ? के चाहन्छ आखिर ? के कुरा भए होलान्। नीरा मनमनै सोच्न पुगी।

निकै दिन उसले अङ्कल काटी, त्यो घिनलाग्दो मान्छेले उसकै पिछा गरिरहन्थ्यो। यो अब विश्वासमा परिणत भइसकेको थियो। नत्र किन त त्यो मान्छे विहान स्कूल जाँदा पनि उसकै पछिपछि हुन्थ्यो, बेलुकी फर्कदा पनि पछिपछि। ऊ सोच्न

कोठामा लगे । म केही नबोली पछि लागें । उनको पुरूषार्थ हेर्नुपर्‍यो भन्ने मनले सम्झिंदै कहाली लागेको छाति सम्हाल्दै । त्यो कोठा उनको रक्सी पिउने कोठा रहेछ । भित्ताभरि रङ्गीन बोतलहरू रङ्गीचङ्गी विभिन्न आकारका गिलासहरू, मैले त्यस्तो दृश्य फिल्महरूमा देखेको थिएँ । उनले दुईटा गिलास भरे र भने कृष्णजी आजको साँझ तपाईंसँगको सौझ । तर मैले साथ दिन सकिनँ । हैन, मलाई हतार छ आमा अस्पतालमा हुनुहुन्छ भनेर हिँडें । मनभरि कालो बादल मडारियो ।

आमालाई आराम भएपछि घर लिएर आएँ । म आफूसंग पनि तिक्तता छायो । म सबल, सक्षम, व्यक्ति किन कसैको आशा गरेँ भन्ने भइरहयो । यदि उनीसंग मानवता हुन्थ्यो भने त्यही घरमा बस्नु पर्ने थियो जुन घरमा सांसद हुनुअगाडि थिएँ । तिनलाई काठमाडौंमा त्यो सिसमहल किन चाहियो । उनले त्यही ठर्रा पिउनुपर्थ्यो जुन पहिले हामीसँगै बसेर पिउँथे ।

केही समयपछि टि.भी. खोलें । उनी नै बोली रहेका छन् । भुत्रा लुगा लगाएका नेपाली एक चिन्त भएर भाषण सुनिरहेका थिए । मैले त्यो दृश्य हेर्न सकिन । टि.भी.बन्द गरें । मैले उनलाई जति श्रद्धा गर्थें त्यति नै घृणा गर्न थालें ।

केही वर्षपछि एकदिन म आफ्नै आँगनमा व्यस्त थिएँ । उनी सरासर मेरै घरतिर आइरहेका देखिए । यसपटक उनीमात्र होइन आठ/दश जना अरू मान्छेहरू पनि थिए । उनलाई देखेर पनि उनीतिर हेर्न सकिन । उनी नजिकै आइपुगे । कृष्णजी के भन्दै थिए । तर उनलाई देखेर उठ्ने मेरा हातहरू उठेनन् यसपटक ।

× × ×

टाउको अझै कन्याउँदैछन्

✍ हेमन्तप्रसाद दहाल

काँट छाँट त गर्नै पर्‍यो
सिस्नु काँडा बुट्यानहरू ।
गौंथलीका गुंडमा अझै
फैलिंदैछन् उपियाँहरू ॥

सताउँदैछन् हात्तीलाई
हजारौं ती भुसुनाले ।
उड्नसहरू दाम्रिएनी
भम्टिदैछन् बस्तीलाई ॥

कस्ले भन्न सक्छ यहाँ
जुम्राहरू झरिसके ।
टाउको अझै कन्याउँदैछन्
ढाडी बसाई सरिसके ॥

ठुटे प्वाँखका चालमा अझै
आकास उड्ने बाजहरू ।
गिद्धेनजर अझै पनि
थापिदैछन् बल्छीहरू ॥

मौसम हेरी रङ्ग फेरी
साँपहरूले विष गाले ।
त्यसैले त सपेराले
दूध पियाई साँप पाले ॥

मणीजडित नागहरू
आजभोलि अलपत्र ।
चिनिएन श्रीखण्डलाई
जल्दै गए यत्रतत्र ॥

निबन्ध

लज्जा

✍ गोविन्दप्रसाद घिमिरे

लाज हरेक मानिसमा हुन्छ । अरूको अगाडि आफ्नो अस्तित्व देखाउन नचाहनु वा कसैले के भन्दाहुन् भनेर शङ्का गर्नुनै लाज हो । लाजका धेरै तह हुन्छन् तीमध्ये अनादर अरूद्वारा अपहेलित वा अनादर भइएला भन्ने डर हो पहिलो, दोस्रो हो राम्रो हुने चाहना (अरूभन्दा फरक तस बनिने डरले, आफ्नो कमजोरी देखिने डरले लुक्न खोज्नु, तेस्रो रहेको छ सामाजिक बन्धन (यसमा खासगरी नारीहरू अगाडि रहेका हुन्छन्) । समाजले सभ्य नारी नभनिदेलान् र पुरूष वर्गले सम्मान वा विहा नगालोंन् भन्ने डर पैदा हुनु, चौथो हो गहनाको रूपमा लज्जालाई नारी सौन्दर्यको एक उपमा सम्झिएर यसको पालना गर्नु । पांचौ हो कमजोरी लुकाउन चाहनु (कसैले पनि आफूलाई सर्वसर्वा ठान्दैन । कुनै कमजोरी थाहा पाउलान् भन्ने डरले अगाडि पर्न लाज मान्नु, छैठौं हो एक्लै बस्न रूचाउनु, जस्तै कसैको बानी यस्तो रहेको हुन्छ कि ऊ अरूभन्दा पर एक्लै बस्न रूचाउने कारणले पनि उसका लाज पैदा हुनजान्छ । जस्तै नाई जन्मेको बालक वा बालिका जन्मनासाथ उसलाई पहिला भोक लाग्छ, लाज लाग्दैन र अरूले पनि मान्दैनन् जब जब उसमा चेतना वा मस्तिष्कको विकास हुँदैजान्छ तबतब उसमा अरूको कारण लाज लाग्छ । पहिला त आमालैंनै उसको लिङ्ग छोपिदिने र सिकाउने गर्दछन् । बाबु वा नानी ! तैले अबदेखि यो छोप्नुपर्छ देखाएर हिँड्दा तँलाई लाज लाग्छ भनेर सिकाउने भएकोले बालबालिकाले बिनातर्क छोप्दै जान्छन् चेतनाको विकाससँगै । यदि यसरी नसिकाइएको भए वा बाबुआमा र अन्य परिवारजन तथा बरपरका ठूलाबडा मानिसहरूले नाङ्गै हिँडेका भए बालबालिकालाई यसरी सिकाउन र उसले लाजको पहिलो प्रतीक सम्झेर हिँड्नुपर्ने थिएन ।

आदिम कालमा मानिसहरू नाङ्गै हिँडेका प्रमाणहरू पाइएका छन् । सायद यो केही शताब्दिसम्म थियो होला तर जबजब समाजको विकास र चेतनाको विकास भयो सिर्जनाको प्रमुख स्थान खुल्ला राख्नु विभिन्न कारणहरूले ठीक छैन र यसलाई सुरक्षित राखिनुपर्छ भन्ने धारणाको विकास भयो । यसमा पनि महिलालाई पहिलो रूपमा आवश्यक रहेको महसुस गराइयो र जननेन्द्रिय छोप्न लगाइयो वा महिला स्वयंले आफ्नो चेतनाको विकाससँगै र खुल्ला राख्दा आफूलाईनै (रजस्वलाको कारणले फोहोर हुने वा देखिने र अरूले यसलाई नराम्रो मानेर पुरूषबाट तिरस्कृत हुनुपर्ने भयको कारणबाट पनि) असुरक्षित वा अप्ठ्यारो हुने ज्ञानको कारण पहिला त्यो अङ्गलाई छोप्न शुरू गरे । त्यसपछि यसको कम बढ्दै गयो । पुरूषले पनि यही क्रम अपनाए र शरीरका अङ्गहरू तत्काल उपलब्ध बनको पात, घाँस र बोकाले छाक्दै गए, यसबाट उनीहरूलाई घाम र चिसोपनाबाट पनि बच्न सुविधा भएको र शरीर सुरक्षित रहन यसले मद्दत गरेको अनुभव भयो र नयाँ-नयाँ वस्तुको सिर्जना गरी पृथ्वीमै भएको कपास वा रेसादार बनस्पति पत्ता लगाई सोही रेसाबाट वा कपासबाट रेसास्वरूपको धागोको निर्माण गरी कपडा बनाएर लगाएको अनुमान गरिएको छ । अझै पनि यो पृथ्वीको कुनाकुनातिर नाङ्गै हिँड्ने समाज रहेको विश्वास गरिन्छ र देखिएको पनि छ ।

लाज मान्नुपर्नेमा नारीलाई नै पहिलो पात्र बनाई समाज अघि बढेको पाइन्छ । पुरूषजति

त्यसको पछिपछि छ धेरैपछि। उसलाई लाजको अनिवार्यता छैन ऊ खुलारूपमा अघि बढ्नुपर्ने वर्ग हो। पुरूषले लाजमान्दा चुराधागो पहिरेको ठहछे र लुतुरफुतुरे रूपमा गनिन्छ। तर नारीले लाजमान्दा उसको गहना सम्झिन्छ र उसले अझै सर्वाङ्ग मुखसमेत छोपेको अवस्थामा उसलाई हिँडाउन त्यही पुरूष चाहन्छ। अर्कोतर्फ त्यही पुरूष परनारीलाई अझ चुलस्त भएको हेर्न चाहन्छ र आफ्नी भएपछि अरूले उसको मुखसमेत नहेरोस् भन्ने स्वार्थी चाहना राखेको हुन्छ र त्यसलाई चरितार्थ पार्न हरबखत प्रयत्न गरिरहन्छ। यस्तै पुरूषको समाजले नारीलाई कालो बुर्का लगाउन लगाएर जीवनभर अरूको गोप्य बनाइदिन्छ।

उता नारीको भने उल्टो चाहना रहेको हुन्छ। ऊ सबैभन्दा राम्री हुन चाहन्छे। उसलाई पुरूषले राम्री देखेको नै राम्रो मान्छे। अझ प्रतिस्पर्धामा नारीहरू सादा रहन्छन् गाउँकी र अशिक्षित नारीको तुलनामा सहरीया नारीहरू यस दौडमा धेरै अगाडि रहेका हुन्छन्। सायद राम्री बन्नको लागि कस्मेटिक महँगा सामानहरू खरिद गरी आफूलाई सिँगार्दछन्। लाजको केन्द्रबिन्दुबाहेक अरू नाङ्गिस्ता भएको देखाउने प्रतिस्पर्धा गरिरहन्छन्। उनीहरू नाङ्गी हुन चाहिरहेका छन् र यसको लागि नै विद्रोह गर्न तयारजस्ता पनि देखिन्छन्। जबर्जस्ती लगाएको कपडालाई उनीहरू मिल्काउन चाहन्छन्। बरू यसलाई लाज वा सर्म नभएकी भनिन रूचाउँछन् र कसैको खुसामत गर्न चाहन्छन्। उनीहरू यो गहनालाई महत्वहीन बनाउन चाहन्छन्। पुरूषबर्गले जबर्जस्ती लादिदिएको बन्धनको रूपमा यसलाई हेर्न चाहन्छन्। बन्धनले उन्मुक्ति खोज्छ यो धुवसत्य हो र नारीजातिमा लादिएको लाजको पर्दा हट्न खोज्नु त्यसैको परिणम हो।

लाज कमजोरीको चिनारी पनि हो। जोसँग लाज छ उसले आफ्नो व्यक्तित्व विकास गर्न सक्दैन। हरेक मानिसमा लाजको शुरूबात सानै उमेरदेखि हुन्छ र यसको प्रमुख भूमिका आमा र बानै हुन्, जुन माथि पनि उल्लेख गरिएको छ। लाजको कारकतत्व लिङ्गमात्र होइन, यससाई पहिलो प्राथमिकतामा राखिएको मात्र हो। यो भन्दा पर पनि लाज मान्न शुरू गराइन्छ तिनै अभिभावकहरूद्वारा। अरूको अगाडि बोल्दै नबोल्नु वा धेरै नबोल्नु, ठूला मानिस बोलिरहेको बेलामा साना मानिस बीचमा आई प्याच्च कुरा काटी नहाल्नु, अरूको अगाडि हाँस्दै नहाँस्नु वा खित्का छाडेर नहाँस्नु, नचल्नु, बालबालिकाहरू प्रति घुलमिल नगर्नु, बालबालिकाले राखेका जिज्ञासाहरूमा जवाफ नदिनु, दिए पनि नझकिनु, केटाकेटीहरूलाई एकैसाथमा राखेर नपढाउनु आदि लज्जा उत्पादनका कारक हुन्। यिनै कारकतत्वहरूको पालनामा सख्त हुनु कतै उल्लङ्घन हुन गए वच्चाहरूलाई गाली गर्ने, जथाभावी पिट्नु नै बालबालिकाको मस्तिष्कमा घातक प्रभाव पर्न दिइन्छ तथा यसको प्रभाव जिन्दगीभर पर्न दिइरहनु हो। यसैगरी मानिस लाज मानिरहनु हो र व्यक्तित्व विकासमा असर पारिरहनु हो।

मानिसहरू स्वाभाविकरूपमा लज्जा आवश्यक पर्दछ। शिक्षा-दीक्षा ग्रहणगर्दा पालना गर्नुपर्ने नियमको पालना अवश्य गर्नुपर्दछ। लाज पचाएर शिक्षा दिने गुरूलाई नै अपहेलनाको शब्द उकेल्नु र कुनै पनि श्रद्धाभाव नराख्नु नैतिकताको दृष्टिले राम्रो होइन। नैतिक शिक्षा बालबालिकाको बुझ्ने भाषामा दिनु आवश्यक पर्दछ र पालना गराउन कडापनले होइन सम्झाएर गरिनुपर्दछ। लजाउनु हुन्न भनेर अरूलाई वा मान्यजनलाई जेपायो त्यही बोल्नु उचित हुँदैन। मान्यता राख्नुपर्ने स्थानमा सोही अनुसार राखिनुपर्दछ। मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव, अतिथिदेवो भवजस्ता आवश्यक संस्कारलाई बिर्सनुहुँदैन। अनुशासित मानिसहरूको सामाजले नै देशलाई अघि बढाउँछ स्वाभाविक लज्जाको परिपालनाले मानिसलाई अनुशासित बनाउँछ। विशेषतः नारीबर्गले आवश्यक लज्जा राख्नु अनिवार्यनै रहेको हुन्छ। अङ्ग प्रदर्शन स्वतन्त्रता र स्वछन्दताको प्रतीक होइन, यो त पुरूष स्वार्थको प्रतीक हो। पुरूषले आफूसँग

हिँड्ने बेलामा राम्री बस्नुस् कृष्णजी भन्दै हिँडे। मेरा आँखा रसाए दिनभरि। कहाँ पुगे होलान्जस्तो भइरह्यो। गाउँ नै शून्य लाग्यो।

त्यसपछि म उनको प्रतीक्षामा बसें। गाउँगाउँमा विकासको सूची तयार पारेर भाषण गर्दै हिँड्न। उनी यही गाउँको चिन्तामा होलान् सुकुम्बासी दले, बिर्खे र वृद्धहरूका आवश्यकताहरूले उनलाई निद्रा त पक्कै लागेको छैन, केही राहत आइहाल्छ होला भन्ने मेरो धारणा रह्यो। तर उनी आएनन्। सबैले ओठ लेब्राउन थाले। उनीहरूतिर मैले ध्यान दिइनँ। भन्दाभन्दै के हुन्छ र गर्न कति कठीन छ। पक्कै पनि यही गाउँको चिन्तामा निदाएका छैनन्।

तर उनका बारेमा झन्भन्दा झन् अपत्यारिला, नराम्रा हल्ला आउन थाले। उनी आजकाल अर्कै भएका छन्। मोटाघाटा, चिल्लो अनुहारका, लगाइ पनि उस्तै आकर्षक छ। चिल्लोचिल्लो कारमा हिँड्छन् धेरैजसो पाँचतारेमा देखिन्छन्।

म अचम्ममा परें। त्यस्तो नहुनपर्ने केही सामान्य फेरबदल त भइहाल्छ। देश कै इज्जतका लागि पनि गर्नुपर्ने हुन्छ र अनावश्यक खर्च उनीबाट हुँदैहुँदैन। उनै त आफ्ना व्यक्तिगत सपना देख्दैनन् देशको सपनामा मात्र रमाउँछन्। देशका रत्न उनी त्यागी हुन्। बाँचुन्जेल दुःखमै बाँच्छन् मरेपछि कृति राख्छन् भन्ने गर्थें। तर समय झन्भन्दा झन् लामो भयो। म पनि मकै रोपेर जाउला, धानको बिउ राखेर जाउँला भन्दाभन्दै वर्षा सुरू भयो जान पाइनँ।

तर उनका अपत्यारिला खबर सुन्दासुन्दा म आत्तिइसकें। उनले सहरमा ठूलो महल बनाएका छन्। छोराछोरी विदेश भर्ना गरेका छन्। मलाई सपनाजस्तो लाग्न थाल्यो, के उनी पढ्नका अल्छीले, जांगरको कमीले देशको नारा लगाउँदै हिँडेका ढोंगी हुन् त ! ती मान्छे नै होइनन् अस्थिपञ्जर उभिएका छन्। यस्तो गरिब जनताको भोट थापेर भखरै छोराछोरी विदेश पढ्न पठाउने।

मन दौधारमा दोहरी खेल्न थाल्यो। उनकै लागि मेरो घर व्यवहार लथालिङ्ग भएको थियो। सांसद सुविधामा आएको पैसामात्र भए पनि मेरो लागि सम्झिएलान् जस्तो भएको थियो।

अचानक मेरो आमा बिरामी पर्नुभयो। काठमाण्डु नगइनहुने भयो। आमालाई लिएर गएं। अस्पतालमा पुऱ्याएं। जाँचपछि आराम लाग्यो। त्यसपछि म उनलाई भेट्न गएं। म उनको बारेमा जति सुने पनि विश्वास गरेको थिइनँ। कतिवेला भेटुँजस्तो मन प्यासलेझैं छट्पटाइरहेको थियो। उनको घर पत्ता लगाउन पनि कठिन भएन। पहाडका गाउँहरूबाट आएका गाउँलेहरू, ओहोरदोहोर गरिरहेका थिए। म सरासर भित्र पसें ठीक उसरी नै बोलें दुई वर्षअगाडि म उनको घरमा पुग्दा। बस्नुस् कृष्णजी कताबाट आउनु भयो यस्तै यस्तै .....।

मैले उनको अनुहारमा केहीबेर हेरिरहें, उनलाई त्यो आलीशान महल पश्मिनाको सल, रेशमको कुर्तामा देख्दा म आश्चर्य चकित भइनँ कि मन थाम्न कठिन भयो। आखिर बुद्दु आफ्नो मन देखेर म केही पढेको दुःख सुखमा भिजेको मान्छेले त उनलाई बुझ्न सकिन भने गाउँका काईंला दाइ, प्रेमबहादुरहरूले उनलाई के बुझ्नु, यी ढोंगी हुन भनेर।

मैले उही पुरानो घाँटीमा फाटेको सर्ट र थोत्रो पाइन्ट लगाएको थिएँ तर मन खिन्न भएन। मैले कसैलाई झुठ्ठा आश्वासन दिएको थिइनँ। आत्मीयता देखाएर कसैको घर कङ्गाल बनाएको छैन। उनी केही बोल्न चाहेका थिए म बोल्न सकिनँ।

समय साँझभन्दा अझ बढी भइसकेको थियो। उनले हाँस्दै मित्र बैठकमा जाउँ भन्दै अर्को भित्री

कथा

उनी र म

गीता लामिछाने

उनी मेरो घर अगाडिबाट हिँडिरहन्थे, हाम्रो त्यस्तो निकटतम नाता सम्बन्ध केही थिएन । साथीको हिसाबले उमेर नै मिल्ने पनि होइन । तर पनि उनीप्रति म सद्भाव राख्थें, जहाँ देखे पनि जस्तो अवस्थामा पनि नमस्कार गरिहाल्थें । उनी सत्याग्रही हुन् समाज र देशको निम्ति जीवन अर्पण गरेका । मैले उनलाई जति आदर गरे पनि पुग्दैन भन्ने मेरो धारणा थियो ।

संयोग धरै पटक जम्काभेट भएपछि म एक दिन उनको घरमा पुगें । सामान्य चारकोठे घर भित्तामा शहीदहरूको फोटो । उनीप्रति मेरो गर्व बढ्यो । ठूलाबडाहरूको मन नै ठूलो हुन्छ सम्पत्तिको कुनै आवश्यकता पर्दैनजस्तो लाग्यो । सामान्य सुकुलमा एउटा तकिया राखेर उनी सुतेका थिए । मैले सधैंजस्तै नमस्कार गरें । उनी मलाई देख्ने बित्तिकै जुरूक्क उठे, मुसुक्क हाँसे र नमस्कार फर्काए । ओहो ! कृष्णजी तपाईं कहिल्यै नआउने मान्छे कसरी आउनुभयो ? भने । मैले सामान्य किसिमले 'उ परतिर पुगेको थिएँ, आज हजुरलाई भेट्न मन लाग्यो र पसेको हुँ' यति के भनेको थिएँ उनी बोल्नका माहिर, रामो गर्नुभयो । यसरी पस्नु भयो । खुसी । लाग्यो यस्तै माया सबैले गर्नुहुन्छ र त हामीलाई हौसला मिल्छ । तपाईका बाबुसे पनि मलाई माया गर्नुहुन्थ्यो । उहाँलाई एक दुईघटा काममा मैले सहयोग पनि गरेको थिएँ । उहाँ अति छोटो उमेरमा बित्नुभयो । साढै दुःखको कुरा । तपाईका केटाकेटी कति छन् ! कति कक्षामा पढ्छन् ? कुन स्कुलमा पढाउनुभएको छ ? तपाईको ससुराली कहाँ हो ? तपाइंकी आमालाई कस्तो छ ? यस्तै यावत् प्रसङ्ग सोधे । उनले मप्रति देखाएको भावुकताले म खुसीमात्र भइनं कि आफ्नै पूज्य बाबुलाई भेटेजस्तो भयो । यस्ता महान् व्यक्तित्व भएर पनि मप्रति कस्तो चासो प्रेम भन्ने अवास्तविकताको छायाँ पऱ्यो ।

त्यसदिन पश्चात् मेरो उनीसँग आउनेजाने क्रम बढ्यो उनी नसाका भोगी रहेछन् । म पनि हल्का पिउँथें, हामीसँगै बसेर खाना, नास्ता, ड्रिङ्कससमेत लिन थाल्यौं । मेरो घरमा आइरहन थाले । उनलाई जेजस्तो खाना टक्याए पनि खुब प्रशंसा गर्थे । मीठो मुखले खान्थे । कति रातहरू उनीसँगै बिताएँ । उनले आफूले जीवनमा भोगेका दुःख सुनाउथे कति दिन भोकै सुत्न परेका, कति दिन खांदाखादै भारनुपरेका, जेल, नेल, पिटाइ सुन्दा धन्य हो तिम्रो महानता । सिङ्गो जीवन नै सङ्घर्षमा होम्नसक्नेजस्तो लाग्दथ्यो । सत्याग्रहमा लागेका थियौं तिमी, त्यसैले त हजारौं आत्माहरूको माया पाएका छौं । यो कलियुगमा तिमीजस्तै व्यक्तित्वबाट हो मान्छेहरूको पुण्य हुने । मैले मन-मनले यही सम्झिन्थें ।

यही क्रममा संसदीय चुनाव आयो । टिकट उनले नै पाएँ । चुनावको क्रममा प्रचारको लागि मैले ज्यान दिएर लागें । म गरिब अनि बेरोजगार, उनी शिष्टभाषी । उनी भाषण गर्दा लचिलो बोल्छन्, आकर्षक रामो अनुहार मजस्ता अरू घेरै थिए त्यसरी ज्यान दिने । उनले चुनाव जिते ।

चुनाव सकिएको केही दिनमा उनी काठमाडौं जान थाले । उनी जाँदैछन् भन्ने सुन्नेबित्तिकै म त्यहाँ पुगें मनमा शून्यता छायो । संगै जाम् कृष्णजी भन्छन् किजस्तो पनि नलागेको होइन तर उनी

सम्बन्धित बाहेक परनारीलाई नाङ्गीएको हेर्न चाहन्छ, तर यसो भन्दैमा नारीहरू पुरूषको स्वार्थमा लाग्नुहुँदैन । आफ्नै स्वार्थमा लाग्नुपर्दछ । बजारमा चाहना के छ सोही अनुसार नारीपात्रहरूलाई नङ्गाएर चलचित्र प्रदर्शन गर्न चाहन्छन् । यो लगानीकर्ताको स्वार्थ होला तर उनीहरूको यस्तो स्वार्थ पारिपूर्तिको लागि नारीपात्रले आफूलाई बेचेर नाङ्गिनु किमार्थ हितमा छैन । त्यसैले यो हदसम्म लाज राख्नुपर्दछ । पाश्चात्य संस्कार अघि बढ्यो नाङ्गिनमा भन्दैमा आफ्नो संस्कार नै कायम नरहने गरी कुनै पनि नारी अघि बढ्यो भने यसले नारीकल्याण होइन हानी पुऱ्याउंछ । लज्जावती झारजस्तो छुनासाथ खुम्चिने प्रवृत्ति राखिनु हुन्न । सुदृढ मनस्थिति रहे निडर हुन मद्दत पुऱ्याउंछ । निडरपन तथा लोभ लालचपन हटनालेनै स्वाभाविक लाज कायम राख्न भरपुर सहयोग गर्दछ । यस्तै नारीहरूको मिलित समाजलेनै देश बलियो हुन्छ ।

पुरूषवर्गमा नारीभन्दा कमनै लज्जाबोध गराइन्छ । सोही कारणले नारीभन्दा पुरूषनै बढी उच्छृङ्खल देखिएको छ । यो पनि उचित होइन । स्वाभाविक लज्जा कायम राख्न उनीहरूलाई पनि बोध गराइनु नै सबैका कर्तव्य हो । केवल नैतिक शिक्षा पढाइएकै भरमा पुरूषले पनि लाजको सहारा दिनुपर्छ गतिछाडा भएर हिँड्नै हुँदैन । स्वतन्त्रता हो भनेर नाङ्गै हिँड्ने छुट समाजले दिँदैन । न त परस्त्रीको मानमर्यादा गर्नुहुन्न भन्दछ । समाजविरूद्ध कार्य कसैले गर्नुहुँदैन । घरमा नारी आदरभाव गर्नाले नै त्यो घर कल्पित स्वर्गजस्तो हुन्छ अन्यथा कल्पित नर्क । जसरी घरमा नारीजातिलाई आदरभाव प्रकट, सम्मान प्रकट गरी अनुशासित कायम राख्न हामी चाहन्छौं, त्यसैगरी परस्त्रीको पनि आदरभाव राखिनुपर्छ । लाज पचाएको नाममा जेपायो त्यही बोल्ने, जेपायो त्यही गर्ने, छुट पुरूषलाई समाजले दिएको हुन्न । यस्तै समाजको अनुशासनमा पुरूषले बस्न र लज्जाभाव राखिनु आवश्यक छ ।

बोली र लेखाइमा नारीपुरूष दुबै बर्गले विशुद्ध लज्जाभाव राख्नुपर्दछ र बोल्न पायो भन्दैमा अर्काको व्यक्तिगत अनादर हुने मान मर्यादा घट्ने र सोही कारणबाट कसैको हानीनोक्सानी हुन गरी बोल्नुहुँदैन । यसैगरी लेख्दा पनि यही कुरालाई बिचार गर्नुपर्दछ । लेख्ने स्वतन्त्रताको उपयोग गर्दा पनि साँचो लज्जाभाव राखिनुपर्दछ । यसको साथै स्वतन्त्रता छ भन्दैमा सामाजमा यौनबिकृत बढ्ने गरी लेखिनुहुँदैन । लेखिएको छ भने पनि त्यस्ता साहित्य वा अन्य रचना पढिनुहुँदैन । कुन हदसम्म लेख्ने हो त्यसको सीमा र शैली आफैले कायम गर्नपर्दछ र राज्यले पनि कानून बनाएर सीमा तोकिनु आवश्य परेको हुन्छ भने लाज पचाएकाहरूले लुकिछिपि लेख्ने र विदेशबाट तस्करी गरेर ल्याएका त्यस्ता समाजबिरोधि पुस्तकहरू पढ्ने गर्दछन् । यो समाजलाई बिकृत पार्ने अन्तर्राष्ट्रितत्व हुन् । सबैले यस्तो लाजको अवश्य परिपालना गर्नुपर्दछ । नारीलाई केवल विज्ञापनको पात्रमात्र बनाएर प्रदर्शन गरी उपहास गर्नुहुँदैन ।

✕ ✕ ✕

कहाँ धर्म कहाँ निष्ठा, कहाँ नीति सनातन
बोल्छ क्या लाहुरे दाइ गर्ने भै धर्मरक्षण ।

गुणभित्र भए दोष निकाल्नैपर्छ निश्चय
बनमारा भए चाहिँ जङ्गलै सब मास्दछ ।

चल्दैन कर्मको मार्ग विश्वास नभईकन
अनुकूल सफा धर्तीविना चल्दैन जीवन ।

जीवन्त बन्नका लागि सङ्घर्षै गर्नुपदर्छ
वर्षाको पानीले हुन्न नदीमा डुब्नुपर्दछ ।

'तीतामीठा कुरा'बाट

समीक्षा

चार कृतिको परिक्रमा गर्दा

✍ ठाकुर शर्मा

क) 'परिवर्तन' कथासङ्ग्रहको अवलोकन गर्दा

रत्नराधिका साहित्य परिषद्, केन्द्रीय कार्यालय ललितपुरबाट प्रकाशित रत्नराधिका प्रकाशन माला ४ मा परेको **परिवर्तन** कथासङ्ग्रह कावासोती १, शान्तिचोक, नवलपरासी निवासी सदानन्द अभागीद्वारा लिखित कथासङ्ग्रह हो । यो कथासङ्ग्रह वि.सं. २०६३ मा सर्वप्रथम प्रकाशित कृति हो । कथाकारको पहिलो कथासङ्ग्रह **पश्चात्तापको आँसु** (२०५८) हो भने यो दोस्रो कथासङ्ग्रह हो । आफ्नै व्यथाहरू (कवितासङ्ग्रह-२०५७) बुढो जवानी (कवितासङ्ग्रह-२०५८) जीवन लीला (खण्डकाव्य-२०५८) कोपिला, (लघुकाव्य २०५९) तीन युग एक कथा (महाकाव्य २०६०) जीवन लीला (उपन्यास २०६०) काठमाडौं देहरादून (यात्रा बिवरण २०६०) म र मेराहरू (जीवनी २०६०) अग्निज्वाला (महाकाव्य २०६१) नियति (उपन्यास २०६१) तन्देरी हजुरबा (उपन्यास २०६१) माटो र बिरूबाले भोक लाग्यो भन्छन् (कृपिकाव्य २०६१) मोहनीको मीठो म्वाई (कवितासङ्ग्रह २०६२) रहेका छन् भने **परिवर्तन** कथासङ्ग्रह २०६३ मा प्रकाशित भएको छ । प्रकाशित कृतिको आधारमा अभागीको यात्रा धेरै लामो देखिँदैन तथापि नेपाली साहित्य जगत्मा वि.सं.२०५७-२०६३ सम्म आइपुग्दा ७ वर्षको अन्तरालमा कविता, काव्य,महाकाव्य, उपन्यास, यात्रा बिवरण, जीवनी आदि विविध विधामा कलम चलाउनु भनेको चानचुने कुरा होइन । मलाई लाग्यो इ.सं १९४७ मा जन्मेर २००० सम्म कविमन नलेखी कसरी टिक्न सक्यो आश्चर्यको अनुभव भएको छ । 'परिवर्तन' कथासङ्ग्रह हात परेपछि विहङ्गम दृष्टि दिंदा पुस्तक सानो भए पनि छोटा मीठा कथाहरू १७ वटा रहेका छन् 'परिवर्तन' बाट प्रारम्भ भई घरजम बसाल्नेहरूमा गएर टुङ्गिएको छ । कथासङ्ग्रह जीवनका विविध पाटाहरूलाई अत्यन्त सहज र सरल किसिमबाट व्यक्त गरिएको छ । गाउँघरमा बोलिने भाषाको प्रयोगका साथै कतिपय कथाको बीचमा कविताहरू पनि रहेका छन् । कथाका शीर्षकहरू परिवर्तन, शान्तिमायाको अधुरो सपना, मेरो श्रीमान् छैनन्, मातृत्व हीनता, भाँडगाउँकी नक्काली, पानको बीडा, कागतीको चिया, सपनाको आनन्द, भीमकाय, जीवनायको विचलन, उनी बौलाइन्, सन्तुमाया, हजुरबा, औंसीस्नान, गरिबी निवारण, चिन्तन र घरजम बसाल्नेहरू ।

'परिवर्तन' कथासङ्ग्रहभित्रका कथाहरू पढ्दा आफ्नै समाज पढेको अनुभव हुन्छ । जीवनका विविध गाथाहरूलाई कल्पनाको धरातलमा पाठकको मनलाई नतान्ला तर पनि एकै बसाइमा ५-७ वटा कथा पढ्न सकिने हुनाले अहिलेको व्यस्त समयमा पाठकलाई आनन्द दिने अनुभव गरेको छु । इति ।

(ख) नारायणीको सेरोफेरोको शीतलजलको आँचल ज्योतिर्मय भावना.....

वर्तमान समयको परिप्रेक्ष्यमा हेर्दा नेपाली साहित्यका विविध विधाहरूमध्ये निबन्ध पनि एक सशक्त विधा मानिन्छ । नि:शेषेण बन्ध निबन्ध भनिएको हुनाले यसका पनि अनेक रूप हुन सक्छन् । दुःख वा सुख जे पर्दा पनि मानिस प्रकृतिको काखमा रमाउन चाहन्छ । मानिस गुनगुनाइरहेको हुन्छ । कोशी, नारायणी, गण्डकी र कर्णालीका सुसाइहरूमा । अन्तर्हृदयका ती सुसाइहरूसँग सूक्ष्मभाव व्यक्त भइरहेको हुन्छ- लेखनीमा ।

पो हुन्छन् र ! भन्ठान्या मैले त । तर तपाईंले त मसँग बेलिबिस्तार कुरा गर्नुभो । अनि तपाईंको घर कहाँ नि ? उसले सोधी- मैले अलि भावुक भएर जबाफ दिएँ - मेरो घर शान्तिनगर अर्थात् काठमाडौं ।

उसले फेरि भनी - बुभ्नु भो सर - हामी गाउँलेहरूले दुःख पाएको त हाम्रा नेता भनाउँदाहरू घुस्याहा फटाहा भएर नै हो । हामी गरिबको नाममा विभिन्न किसिमका गाउँका विकास गर्न भनेर पैसा लान्छन् यिनीहरू अनि आ-आफ्ना भूँडी भर्छन् । यहाँ गाउँमा भएको काम देखाउनुपर्दैन क्यारे । कागजमात्र देखाए पुग्छ रे । तर सर केही वर्ष दुःख गरेर कमाउन सकें भने त्यो पछि गाउँघरमा आफ्नो काम देखाएर नै छाड्छु बुभ्नुभो । कागजी बोझमात्र बनाएर गाउँले सोझालाई झुक्याउनेहरूको ताइ देखाउँछु म पनि ।

टेम्पो हाँक्ने केटीको यतिबिघ्न कुराहरू सुन्दासुन्दै मैले पुलचोक पुगेको पत्तै पाइन । पुलचोकमा ओर्लेनुपर्ने मेरो काम थियो । गफैगफमा म त जाबलाखेल पुगेंछु, हत्तनपत्त टेम्पोबाट ओर्लिएर पैसा झिकेर दिएँ । उसले भनी मलाई त तपाईं यौटै कोखको दाइजस्तो लाग्यो - म तपाईंसँग पैसा लिन्न । मैले भनें - मैले खुसीले भनेको हुँ तपाईंसँग लिन्न । एक लिन्न, दुई लिन्न, तीन लिन्न ।

उसको सौहाद्रताताई ग्रहण गरेर म फटाफट हिंडें । मनमा लागिरह्यो -यति राम्रो असल विचारकी नेपाली चेली अझै यो देशमा जन्मिंदै जानुपर्छ । मानिस उत्तमकुलको जन्म, शैक्षिक योग्यताभन्दा पनि उसको विचारले ऊ महान् । धनजनभन्दा मन नै राम्रो भएका नागरिक यो देशमा कुनकुनामा जन्मिरहून् । यो धर्ति यसरी नै मुस्कुराउन पाइरहोस् युगौंयुगसम्म ।

× × ×

साहिँलो

✍ प्रतिभा गुरागाईं

वर्ष दिनपछि आएको दशैं,
साहिँलोलाई
दशा बनेको छ,
बा, हामी पनि खसी काट्ने हैं
सानो छोराको तोते बोली
बाण बनेर बिझेको छ,
एक पेट खान पनि मुस्किल
उसको वेदना
सानो छोराले बुझ्न सकेन
न सक्यो बजेट भाषणले बुझ्न
यसले त,
केवल उसको गरिबीको
उपहास मात्र गऱ्यो
दिनरात काममा घोटिंदा पनि
एक किलो चामल किन्न धौ धौ
उसको वेदना
महलमा बसेर गरिबीको भाषण गर्नेहरूले
बुझ्न सकेनन्,
यसले त,
केबल पोलेको घाउमा
मात्र,
नून छर्ने काम गऱ्यो,
त्यसैले,
आजभोलि साहिँलोलाई
महलमा बसेर
भाषण गर्नेहरूसँग होइन
आफ्नै गरिबीसँग रीस उठ्न थालेको छ
र, आफ्नै गरिबीलाई
ऊ, धिक्कार्न थालेको छ ।

गरेर त काठमाडौंमा जीवीका चलाएका छन् । तिमी त रामो काममा लागेकी छौं । कामधन्दा गर्नुपर्छ । तिमीले गरेको काम साहस मलाई मन पऱ्यो । अहिले काठमाडौंमा टेम्पो हाक्ने धेरैजसो महिला दिदीबहिनीहरू नै छन् । महिलाले डाङ्गुपुन्नु हल्लाउने, जुडेल्ना र घाँसदाउरामा दिन काट्नुपर्ने हाम्रा गाउँ-घरका नियतिका अगाडि अहिले महिलाले अर्थ आर्जन पनि गर्न सक्छन् भन्ने यौटा राम्रो जवाफ समाजलाई मिलेको छ । अब तिमीहरूले टेम्पोमा मात्र सीमित रहने हैन । ट्याक्सी, बस, रात्रीबससमेत हाकेर चुनौतिपूर्ण काममा पनि तिमीहरूले अग्रसरता देखाउँदै जानुपर्छ । मैले उसको कामलाई यसरी सराहना गरें ।

अब म केहीवर्ष मात्र टेम्पो हाँक्छु । त्यतिन्जेल गाउँ पनि त साम्य होला नि ! त्यसपछि त गाउँमा नै फर्किन्छु ।

अनि के काम गर्छौं नि ?

राजनीति गर्छु ।

कस्तो राजनीति गर्छयौ - मैले सोधें ।

अहिलेसम्मका नेता कार्यकर्ताहरूबाट हुन नसकेको काम गर्छु, निस्वार्थभावले गर्छु । गाउँमा विकासको लहर फिजाउँछु । चेतनाको दियो जलाउँछु ।

सबै नेताले त विकास गर्ने त भन्छन् नि ? तिमीले कसरी भन्यौं ? अरू कसैले नगरेको काम गर्छु भनेर ।

उसले हाँस्दै जवाफ दिई 'हाम्रो गाउँमा बिजुली बत्ती बाल्ने भनेको निकै वर्ष भयो । बाल्न सक्या छैन । बाटो छैन पुल छैन पिउने पानीको दुःख छ । तपाईंहरू जस्तो सहरिया हौं र हामी ।

यौटा ठाउँ छ भीर पैरो हिँड्नुपर्छ । बाटोको निसाना चिन्ह गाह्रो छ । खोलो तर्ने पुल छैन । एक गाउँबाट अर्को गाउँ जान नसकिने अवस्था छ । त्यो ठाउँको नक्सा काठमाडौंमा छ रे ! मोटरबाटो भनेर नक्सामा चिन्ह लगाएको छ रे ! उपभोक्ता समितिले बाटो बनाएको भनेर लेखिएको छ । सरकारी बजेट सर्च भएको कागजात पनि छ रे !

मैले छक्क परेर सोधें - त्यस्तो पनि हुन्छ र ?

उसले जवाफ दिई - हाम्रो देशमा के हुँदैन । सहरतिर त लोग्ने मानिसले पनि बच्चा पाउँछन् रे ! हाम्रा बा आमाले कुरा गरेको सुनेकी थिएं । हाम्रा गाउँबाट गएका नेताहरूले सांसद हुँदा सुत्केरी भत्ता पनि खाएका थिए रे !

उसले ओकलेको हाम्रो देशको कथा व्यथा मैले सुनिरहें । उसले आफ्ना भविष्यका लक्षहरू बताउँदै गई । ऊ भन्न थाली - आफ्नो परिश्रमले पेट भरेपछि त भैगो नि । निस्वार्थ भावले काम गर्नुपर्छ । हाम्रा गाउँका अध्यक्षजस्ताले स्कूल भवन बनाउन भनेर लगेको पैसाले आफ्नै छोराको बिहे गरे । हाम्रा देशको यस्तै नियतिले गर्दा हामीले दुःख पाएका हौं ।

तिम्रो गाउँका गाविस अध्यक्षले त्यति बदमासी गऱ्यो त ! मैले अचम्म मानेर सोधें- हाम्रा नाममा हाम्रा नेताहरूले के मात्र शोषण गरेनन् । म त राजनीतिमा लागेर एक दुईबटा राम्रा काम गर्न सकें भने बिहे पनि गर्दिन । बिहे गरेपछि लोभ लालचमा फसिंदोरहेछ भनेर अरूहरूले भनेको सुनेको छु । देशको माटो प्रकृतिलाई सजाउन तिनको आशिष लिन गाउँमा बस्ने मानिसहरूको दिनचर्यामा सुधार ल्याउन व्यक्तिगत स्वार्थलाई परै राखेर मैले काम गर्ने विचार गरेकी छु । गाउँमा विकास भनेको कसरी आउँछ भनेर यो समाजलाई देखाइदिनेछु- मैले ।

तिमी अधिमात्र बिहे गरौला भन्यौं - अहिले गर्दिन भन्छयौं के हो ?

उसले जवाफ दिई - सहरका लोग्ने मानिसहरू कस्ता स्वभावका हुँदा रहेछन् भनेर भनिदेको नि तपाईंलाई ।

मैले हाँसेर सोधें - कस्तो लाग्यो त मेरो स्वभाव ?

उसले पनि हाँसेर जबाफ दिई - मलाई त तपाईं साह्रै भलादमीजस्तो लाग्यो । हामी गाउँले हाम्रा गाउँघरका दुःखसुख सुनिदिनेको सहरा को

सन्तुलित पदावलीमा रचिएको जुनसुकै विधा पनि माननीय र सङ्ग्रहणीय हुन्छ नै । सम्वेदनशील मनबाट निःसृत शब्द । शब्दावलीले अन्तरकुन्तर खोतली मानिसलाई एउटा मार्ग दर्शन गराउने कार्य गर्छ । त्यसैले प्रकृतिसँग सम्बद्ध नै जीवन हुने हुनाले अन्तर्हृदयबाट बोलिएको बोलीले प्रभाव पर्नु त स्वाभाविक नै हो । मलाई सम्झना- आउँछ स्नातक प्रथम वर्षमा पढाउनुपर्ने शङ्कर लामिछानेको *एक पत्र सम्पादकलाई* निबन्ध । लेख्ने कला छ भने जसरी भने पनि अत्यन्त सुन्दर हुन्छ, मनसंग सम्बद्ध त्यही वस्तु हुन्छ जहाँ दुःखसुख छ, जहाँ समभाव छ, जीवनका विविध पक्षलाई डोऱ्याउने कला छ, त्यसै हुनाले नै निःशेषेण बन्ध निबन्ध भनिएको हो कि जस्तो लाग्छ । यथार्थमा यस्ता गुनगुनाइहरूको महत्त्व छ, पढिसकेपछि आनन्दानुभूति प्राप्त हुन्छ नै । अर्थात् जुन बीजले मनचङ्गा बनाउँछ, त्यही लेखले जीवन सार्थक बनाइदिन्छ । अन्तर्हृदयलाई छुनसक्ने क्षमता निबन्धमा भयो भने लेख्नुको सार्थकता पनि मिल्छ । सायद महाकवि लक्ष्मीप्रसाद देवकोटाका हरेक रचना सार्थक रहे । कवितामा होस् वा अन्य विधामा अन्तर्हृदयको रोदनलाई ठम्याउन सकेका थिए- उनले । यथार्थमा भन्नुपर्दा सृष्टि नै एक प्रकारको निबन्ध हो भन्न पनि सकिन्छ, भनाइमा फरक पर्ने भनेको त साधनामा भर पर्ने कुरा भयो । लेखाइको विषयमा म त गाउँमा गाइने घँसिया गीतको निकट हुन्छु, तीजका गीत वा असारे गीत गाएको सुन्दा वा पुरानापुराना लोकोक्ति सुन्दा त्यसैत्यसै म स्वयं आह्लादित हुन्छु र सोँच्न थाल्छु यी गीतहरूमा पीडा छ, व्यथा छ, आशा छ, भरोसा छ, सुन्दरता छ, प्रेम छ, वात्सल्यता छ कति सरल प्रकृतिका आशुकवि हुन् - यी गायकहरु निकटबाट हेर्न सब्छन् । यी त समाजका यथार्थ कविलेखक हुन् जस्तो लाग्छ । सम्वेदनशील हृदयले कति ठम्याउन खोजिरहेको हुन्छ । सामान्य दृष्टिकोणले त्यसलाई हेर्दा अचम्म लाग्न सब्छ । साधनबिना न लेख्न सकिन्छ न बुझ्न नै सकिन्छ । कुमालेले काँचो माटोलाई सुन्दर पात्रमा परिणत भर्दा कति दुःख झेलेको हुन्छ तर निर्माण भएपछि उसलाई आनन्दानुभूति प्राप्त हुन्छ नै । त्यस्तै हो यो लेखनकला पनि । यस्तै सुन्दरताभित्र रम्ने, रमाउने लेखक, निबन्धकार हुनुहुन्छ - प्राध्यापक नारायणप्रसाद खनाल ।

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस चितवनमा अध्यापन गर्ने निबन्धकार नारायणप्रसाद खनालका प्रकाशित कृतिहरू अनेक रहेका छन् - केही रहरः केही ठहर (समालोचना सङ्ग्रह) गोरखाको डायरी (संस्मरण र समीक्षा) २०६१) समीक्षाः प्रहर प्रहरका (समालोचना सङ्ग्रह २०६१) नारायणीका लहर लहरमा (सङ्कलित निबन्धन २०६१) र फुटकर कविता, गजल हाइकु आदि विविध लेखहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित भएका छन् र अनेक अप्रकाशित कृति रहेका छन् । यस्ता विविध विधामा कलम चलाउने स्रष्टाको यो नारायणीका लहरलहरमा (सङ्कलित निबन्धन २०६१) अत्यन्त उत्कृष्ट निबन्ध बन्न पुगेको छ । निबन्धभित्रका विषयवस्तु हुन्:

मृत्युसितका जम्काभेटहरू, हामी उपस्थित भएका छौं, म बाहिर निस्कें, यात्रा अघुरै छ, भान्ति, सगरमाथा, हृदय कसलाई दान गरूँ, कञ्चनजङ्घा, कर्तव्य र भूमिका, अँधेरी रात हिँड्दैको फसात, सच्चा जीवनः उपहार, समवेदना यात्रीका आफन्तलाई, नारायणीका लहरलहरमा, कल्पनाशून्य अवस्था, नक्कली पो परेछ, नखाऊँ त कर्कली, यथार्थतामा पागलपन, सम्झना चरैवेतिको, आखिर श्रीकृष्ण रहेछ एक, हिलैमा फुल्छ कमल, मोनिका क्लिन्टन प्रणय, शिक्षा, छोटो लेख र खोटो जिन्दगी, बिझेको वचनवाण, अनुशासनको आक्रोश, परीक्षा नाटक र निरीक्षक, गृह निर्माण कला, धत्तेरिका चोर । यी सम्पूर्ण शीर्षकहरूलाई हेर्दा सामाजिक चिन्तन, आध्यात्मिक चिन्तनका विभिन्न प्रकृतिका अन्याय, अत्याचार, बिसङ्गति र कुसंस्कारहरूलाई बिन्धले प्रष्ट्याएका छन् । निबन्धहरूको भाषाशैली स्तरीय छ, तत्सम शब्दको अत्यधिक प्रयोगले र

कवितात्मक भाषाशैलीले बौद्धिक जगत्मा बढी प्रभावशाली रहने कुरा स्पष्ट छ। यसको तात्पर्य साधारण पाठकलाई नहुने भन्ने होइन, कतिपय निबन्धहरू वर्णनात्मकभन्दा व्यञ्जनात्मक शैलीका रहेका छन्। निबन्धकार नारायणप्रसाद खनालका २८ वटा निबन्धभित्रको विविधतालाई हेर्दा निबन्धहरू वर्णानात्मक , तार्किक, बौद्धिक, आलङ्कारिक तथा व्यङ्ग्यचेतनायुक्त छन्। सिद्धहस्त लेखकका निबन्धहरले समाजमा देखिएका विसङ्गति तथा विकृतिलाई देखाउनुका साथै दार्शनिक पक्षलाई समेत प्रष्ट्याएका छन् भने कतिपय निबन्ध छोटा छन् कतिपय लामा।

मृत्यु सम्बन्धी चिन्तन कर्तव्यप्रति सचेतता, पुरातात्विक विषयवस्तुको चिनारी, दार्शनिक चेतना, राष्ट्रिय स्वाभिमान, प्रेम सद्भावको चिन्तन, आधुनिकताप्रति व्यङ्ग्य, सामाजिक विकृतिप्रति चिन्ता हृदय विदारक संस्मरण, प्रकृति, पाश्चात्य समाजको अन्धानुकरण देखेर आक्रोश, शिक्षामा देखिएका विकृतिप्रति चिन्ता राजनीति प्रति चिन्ता , हिंसाजन्य स्थितिको यथर्थबोध आदि अनेक किसिमका सामाजिक र प्राकृतिक विषयवस्तु यसमा समेटिएका छन्। नेपाली साहित्यको एक सशक्त विधा निबन्ध विधामा नारायणीका लहरलहरमा निबन्धसङ्ग्रह लेखेर आत्मपरक निबन्धको क्षेत्रलाई फराकिलो पारेको यथार्थताको अनुभव गर्न सकिन्छ। यो यात्रा निरन्तर होस्। इत्यलम्।

ग) तीर्थाटन यात्रासंस्मरण : एक परिचय

मुक्तिनाथ शर्मा नेउपानेका प्रकाशित कृति ११ रहेका छन्। नेपालको आर्थिक प्रशासनः एक अनुभव, विद्रोह (खण्डकाव्य) काठमाडौंदेखि लण्डनसम्म (यात्रा संस्मरण), सर्वोदय (गीतिकाव्य), श्रीमद् भागवभिनका केही प्रसङ्ग श्रीमद्भगवद् गीता (नेपालीमा भावनुवाद), पानी र नानी (बालगीत काव्य), बेलायततिरका झझल्का (दैनिकीका पानाबाट) सम्झनाका झझल्का (कवितासङ्ग्रह), सानीचरी गौथली (बालगीतसङ्ग्रह) तीर्थाटन (यात्रा संस्मरण २०६४) गरी ११ वटा पुस्तकाकारको रूपमा र स्वदेश विदेशका विभिन्न पत्रपत्रिकामा लेख रचना प्रकाशित भएका छन्। सहलेखनमा **नेपालको आर्थिक प्रशासनः संक्षिप्त परिचय र प्रयोगात्मक झलक र नेपालमा ग्रामीण विकासका अवधारणा** प्रकाशित रहेका छन्। यो झलकले के देखाउंछ भने लेखक श्री मुक्तिनाथ शर्मा नेउपाने विविध विधामा कलम चलाउन सक्ने व्यक्तित्व हुनुहुन्छ।

करिब ३३ बर्षसम्म सरकारी सेवाको अनुभव प्राप्त लेखकका रचनाहरूले जीवनका विविध पाटालाई अत्यन्त निकटतावाट छुन पुग्नुभएको छ। आर्थिक क्षेत्र होस् वा सामाजिक क्षेत्र सबैको अनुभव प्राप्त छ। उन्मुक्त वातावरण बाँच्न चाहने कवि हृदय अत्यन्त संवेदनशील छ, आध्यात्मिक विचारधारबाट प्रभावित लेखक सत्य साईको दर्शनार्थ एवं भारतीय मठमन्दिरहरूको भ्रमण अनुभव, त्यसमा पनि पारिवारिक भ्रमणका चित्र प्रस्तुत गरेर रोचक ढङ्गबाट सरल र सरस शैलीमा 'तिर्थाटन' यात्रा संस्मरण प्रस्तुत गरेको देखिन्छ। आकर्षक चित्रसहितको कभर पृष्ठले नै पाठकको मन आकर्षित गर्छ।

तीर्थाटन भित्रको **तीर्थाटन** शीर्षकमा उप-प्रध्यापक भागवत डकालको स्तरीय आध्यात्मिक लेखले नै यस पुस्तकको गरिमालाई प्रष्ट्याएको छ। लेखकले समर्पण गरेका दुई वटा कविता अत्यन्त महत्वपूर्ण छन्, जसले पुस्तकको सारतत्त्व नै खिंचेर रखेको अनुभव हुन्छ।

मिलायो जसले यात्रा दिलायो सुखका क्षण
अनुभूति समेटेर लगायो लेखनमा मन
सानु पुस्तकको रूप दिलायो यो प्रकाशन
त्यसैले यो उसैको हो उसैलाई समर्पण।

उसैको हो, उसैलाई समर्पण। यात्रा जीन्दगी हो, यस्ता अनुभवहरू सार्थक हुन्छन्, त्यसमा पनि आध्यात्मिक यात्रा, अत्यन्त आनन्दायी हुन्छन् नै। तीर्थाटन केवल यात्रा संस्मरण नबनेर आध्यात्मिक

कथा

चेली-भावना

मधुसूदनप्रसाद घिमिरे

मसडकमा पुग्छु। आफूले चह्नुपर्ने यातायातको साधनको खोजीमा तल्लीन हुनपुग्छु। यताउति नजर घुमाउंछु। यसो हात हल्लाउछु। मेरै अगाडि टेम्पो रोकिन्छ। अगाडिको सिट खाली देख्छु। म भन्छु- म अगाडिनै बस्छु। टेम्पोचालक बहिनीले ढोका खोलिदिन्छिन्। म सिटमा बस्छु- ढोका लगाउँछु। टेम्पो चालक बहिनी ढिस्किक हाँस्दै सेता दाँत देखाउँछे। ऊ खिस्स हाँस्छे। टेम्पो आफ्नो गति लिन्छ। म भने चालकका उकाली ओराली उसका व्यक्तिगत जीवनका बारेमा जानकारी लिन थाल्छु। आफ्नो हातले स्टेरिङ घुमाउँदै घरिघरि मतर्फ मुदुमुस्कान दिंदै मेरा प्रश्नमा उत्सुकताका साथ उनी जबाफ दिंदै छिन्।

डम्म परेकी मोटी देखिने कसिलो हात पाउ। गहुंगारो वर्ण। टमक्क मिलेको ज्यान यसो हेर्दा आकृतिबाट बीस/बाइसकी देखिने त्यो चालकप्रति म हल्का आकर्षित हुँदैछु। रातो भूइँ सेता मसिना बुट्टा भएको कुर्ता रातै सुरूवाल र गुलाफी सलले आफ्नो अङ्ग ढाकेकी त्यो चालकका गुण केशरासीले भन्दा हावामा फरफराइ रहदा एक किसिमको मीठो अनुभूति भएजस्तो लागिरहेछ। पुक्क परेका गाला, ठिक्कको कद मेरा आँखाले नियालिरहेछ।

तिम्रो घर कहाँ हो नि ?

पूर्वतिर हो।

भनन- पूर्व कहाँ हो ?

चरिकोट।

ए कुन गाउँ हो ? चरिकोट त म पनि पुगेको छु।

मेरो अलि गाउँमा नै पर्छ। सदरमुकामबाट दुई दिन पैदल हिँडनुपर्छ।

अनि यहाँ कसरी आइपुग्यौ त ?

पेट भएपछि त्यो पेट भर्न जहाँ पनि पुग्नु परिहाल्दो रहेछ नि ! गाउँमा को नै बस्न सक्छ र ? घर नौरी मानिस जानुपर्छ। मजस्ता कति मानिस कर-कापमा परेर गए, कति त मरी पनि सके। उनीहरूको आग्रहमा जान नमान्ने मानिस तत्काल मर्छन् बरू गयो भने केही दिन बाँच्छन्। मेरी यौटी साथी थिई। ऊ काठमाडौंमा बस्दै आएकी निकै भइसकेको थियो। एकपटक ऊ गाउँमा गएकी थिई। मेरा अभिभावकले उसलाई भने- मेरो भुण्टीलाई सहर लैजान वा.....। यसो काम लगाइ दे। यहाँ त छोराछोरी घरमा बस्न पनि गाह्रो भयो। मेरा अभिभावकको कुरामा उसले पनि सहमति जनाउँदै भनी - हुन्छ नि त नागरिकताको प्रमाणपत्र लिएर पठाइदिनु होला। मैले सकेको सहयोग गर्ऱ्ला।

यसरी काठमाडौं आएपछि मलाई त्यही साथीले केही दिन पाली। त्यसपछि कुल्लीकाम गर्न थालें। ईंटा, माटो, बालुवा रोजसँग खेल्दै पेट पाल्ने जीवनचर्या सुरू गरें। धेरै दुःख गरियो जीवनमा। त्यही साथीले मलाई यो टेम्पो हाँक्ने तालिमको व्यवस्था मिलाई दिई। अहिले त सजिलोसँग हाँक्न सकेकी छु।

बिहा गरेकी छैनौ ?

गर्ऱ्ला नि। दिन उमेर गएको छैन।

अनि कति वर्ष कि भयौ त ?

छि...तपाईं त ? अकांको उमेर पनि सोध्ने !

भनन ! भन्दैमा के नै हुन्छ र ?

म अहिले एक्काइस वर्षकी भए।

मानिसहरू नराम्रो काम, आचरणहीन काम

नेपाली सेदोका

✍ आर.के. अदिप्त गिरी

१. प्रतिबिम्ब-फोटो
निवहरले
सिंडी-सिंडी उक्लेर
नदीहरू तरेर
खोंचहरूमा
माया जहाँ खसाल्छ
पाइला मुस्काउंछ ।

२.गुम्फन
झोलुङे पुल
पहाडको सतह
फूलहरूको दह
उस्तै माया हो
जस्तो रङ्ग बदल्ने
पीडा मनमा बढ्ने ।

३. वैशाख- सेम्फानी
लाहुरे फूल
बैंस ओढिरहन्छन्
पुण्य खोजिरहन्छन्
यौटी फूलको
घामपानी सहेर
लमतन्न गम्केर ।

४.जाहेरी रोदी
प्रेम गीतले
माया मोहनी बढ्यो
ओह ! याद आउँथ्यो
तिम्रो प्रकृति
रमरम रहर
अद्वितीय सुन्दर ।

५. घाटुनाच
सुन्दरी केटी
कत्रो ! कम्मर मर्काइ
टिकिया फूल मर्काइ
सूर्यमुखीको
रूमाल हल्लाएर
मादल घन्काएर

शब्दधर, पर्वत

मुक्तक माला

✍ प्रमोद स्नेही

१. संस्कार
जीवनमा पाएं तिरस्कार मैले ॥००
पीडाको ठूलो पुरस्कार मैले ॥००
समयले दियो पीडा मात्रै ॥००
सहन सिकें संस्कार मैले ॥००

२. भाग्य
यता इच्छाहरू हजार छ ॥००
उता सपनाको बजार छ ॥००
खुसी मेरो भागमा पऱ्यो ॥००
त्यसैले आँखामा असार छ ॥००

३.चलन
कहिलेकाहीँ भगवान् पनि बेइमान हुन्छन् ॥०
त्यसैले मान्छेबाट कहिलेकाहीँ अपमान हुन्छन् ॥
विश्वास पनि डगमगाउंछ अब यो समयमा ।०
त्यसैले अचेल अपराधी पनि सम्मान हुन्छन् ॥००

४.दोधार
भुलैभुलको भुमरीमा परें जब ॥००
दुःखैदुःखको नदी तरें जब ॥००
तिमीसँग भेटूँ नभेटूँ भन्दै थिएं ।०
यस्तैयस्तै दोधारमा परें जब ॥००

वर्तमान बस्ती
पुतलीसडक

जीवनसँग सम्बन्धित अनुभूतिको ज्ञान भण्डार पाइन्छ । यसभित्र मेरो जीवन यात्रा बीचको एउटा यात्रा, यात्राको प्रसङ्ग, यात्राको पहिलो दिन, गोरखपुर बास त्रासैत्रास, एउटा लामो यात्रा, सेवा र शान्तिको अनौठो व्यवस्था, तिरूपति बालाजी दर्शन रामेश्वरम्तिरको यात्रा, कन्याकुमारीको दर्शन, परोपकारार्थम् इदं शरीरम्, समय सकियो तर मन अघाएन, श्री सत्यलाई बाबाका चमत्कारिक क्रियाकलाप, पुट्टपर्तीमा पहिलो दिन र धर्मवरम्देखि काठमाडौंसम्म शीर्षकहरू दिएर विविध ठाउंको यथार्थ विवरणका साथै आध्यात्मिक ज्ञानको भण्डार प्रस्तुत गरेको आभास हुन्छ । यो कृति पठनीय रहेको छ । इति ।

घ) खोजखाजभित्रका खेसा एक परिचय

*नेपाल राष्ट्रलाई सच्चा माया गर्ने नैतिकमूल्य र मान्यता भएका राष्ट्रवादी नेपालको खोजी भएमा नेपालका अति विकट दुर्गम कुनाकाप्चाहरूमा गए पुग्छ.....*नेपाल नेपाली शीर उंचो बनाउने, गौरव र प्रतिष्ठा बढाउने कार्य गरिरहेकै छन् । त्यस्ता सपूत नेपालीहरूलाई जति साधुवाद दिए पनि पुग्दैन । यो भनाइ खोजखाज भित्रका खेसाका लेखक देलखबहादुर गुरूङको हो । वि.सं. २००७ गोरखामा जन्मेका लेखक प्रमुख जिल्ला अधिकारी, सचिव र हाल आयुक्त पदमा कार्यरत दोलखबहादुर गुरुङसे लेखन क्षेत्रमा आफ्नै गुरुङ वंशावली (२०६०) रारा पत्रिका मुगुको सम्पादन (२०३३) मुगुको सेरोफेरो र यो अनुभव जन्य खोजखाज भित्रका खेसा नेपाली पाठक समक्ष पस्कनुभएको छ । जीवनका आरोहवरोहमा देखेका भोगेका कुराहरूलाई समेट्नुका साथै यथार्थरूपमा मानिस सामाजिक सम्मान तथा प्रशंसा पत्र प्राप्त गर्ने गुरुङले तक्मा/विभुषण प्राप्त गर्नुका साथै कार्यालयीय कार्यका सिलसिलामा देश विदेशको भ्रमण गरी अनुभव प्राप्त गर्नुभएको छ ।

खोजखाजभित्रका खेसाभित्र विविध किसिमका लेखहरू रहेका छन् । मेरो अनुभूतिमा स्थानीय निकाय नगरपालिका निर्वाचन, २०६२/केन्द्रीय र स्थानीय प्रशासनको सम्बन्धः सन्दर्भ नेपालको/नेपालको प्रजातान्त्रिक विकासमा प्रशासनिक दायित्व/हाल सञ्चालित घुम्ती सेवा र जनमानसमा पर्न गएको यसको प्रभाव र उपलब्धि/महिला विकासमा निर्वाचित महिला प्रतिनिधिको दायित्व/मानिस प्राकृतिक स्रोत, वातावरण र विकास बीच अन्तर्सम्बन्ध/नेपालमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवामा जनसहभागिताको कमी हुनका कारण र समाधानका उपायाहरू/सोलुखुम्बु जिल्लामा हुने तिब्बतीयनहरूको अनधिकृत प्रवेशः समस्या र सुझाव /मेरो दृष्टिमा स्व. नारायणप्रसाद कोइराला किताबभित्रका विषयवस्तु हुन् । काम गर्दाको क्षणमा आफूले भोग्नुपरेका समस्याको समाधान खोजिएको देखिन्छ । ३० वर्ष प्रशासनिक यात्रामा बटुलेका अनुभव यसमा समेटिएको र बटुलेका अनुभव यसरी दस्तावेजको रूपमा आउंदा आगामी सन्ततिलाई मार्गदर्शन हुने कुरा स्पष्ट छ । विगतका कुराहरूले आगमी दिनहरूको मार्ग कोर्ने हुनाले अवश्य पनि अध्ययनशील व्यक्तिलाई फाइदा पुग्ने नै छ । लेखकको लेखनी स्तरीय र चिन्तनशील भएको हुनाले निरन्तरता रहनुपर्ने भन्ने लाग्छ । अनेकौं सङ्घ/संस्थामा रहेर कार्य गर्ने व्यक्तित्व भएको हुनाले नेपाली भाषा साहित्यका पाठकले धेरै आशा गरेका छन् । इत्यलम् ।

मुनबाराही, काठमाडौं ।

धन चञ्चल हो वस्तु न टिक्छ न टिकाउंछ
बिरक्तिए स्वयं राजा भोज भैं के सजाउंछ ।
नाममा बाँच्छ संसार दोष जस्तै भए पनि
ठूलाका काव्यले गल्ती बस्छन् विशेषता बनी ।

'तीतामीठा कुरा'बाट

साहित्यगोष्ठी

धुनिबेसीमा काव्यधुनी

✍ रामप्रसाद पन्त

थानपाको गाउँ । सीधा अर्थमा थाहा नपाएको गाउँ ।

मेरा लागि थाहै नभएको तर धेरै अगाडिदेखि सुनेको गाउँ । चामलको नामले प्रसिद्ध ठाउँ । मीठो चामलको धान फल्ने ठाउँ ।

पृथ्वीराजमार्ग खुल्नुअघि हिउँद महिनामा काठमाडौंवासीहरु मनकामना जानेआउनेको धुइरो लाग्ने गाउँ - धुनिबेसी ।

यतिमात्र होइन अत्यन्त मीठो आँप, उखु र अम्बाले प्रसिद्धि कमाएको ठाउँ ।

यथार्थमा मैले भन्न खोजेको थानपा, अर्थात् थानकोट पारिको गाउँ - धुनिबेसी ।

धादिङ जिल्लाको नैबिसे गाविस अन्तर्गत पर्ने रमणीय बेसी - धुनिबेसी ।

मुक्तिनाथ शर्माको शब्दमा भाइकाठमाडौं ।

तर के गर्ने ! अस्पताल छैन दशजोड दुईबाहेक सुविधासम्पन्न क्याम्पस छैन, कुनै ठूलो उद्योग कलकारखाना छैन, गाउँ, बेसी र जङ्गल मात्रै छ । कसरी हुनसक्छ भाइकाठमाडौं ? तर हुनुपर्छ भन्ने कुरामा सहमती जनाउँछौं हामी सबै । र, हुनहुन्न भन्ने पक्षमा छौं काठमाडौंको फोहर फाल्ने ठाउँ ।

हामी सबै ! अर्थात् ५०/६० जना छौं हामी ।

२०/२५ जना काठमाडौंवासी र त्यो भन्दा बढी सङ्ख्यामा धुनिबेसी बासीहरू ।

प्रसङ्ग यस्तो छ:

रूपाखेती कुलकल्याण प्रतिष्ठान र चैतन्यज्योति साहित्यिक समाजको संयोजकत्वमा धुनिबेसीको मछिन्द्रनाथ वनवाटिकामा निर्मित महारूद्रेश्वर मन्दिरको प्राङ्गणमा एउटा महारूद्रेश्वर आश्रम । धर्मशाला) को शिलान्यास र कविगोष्ठी हुने तयारी भइरहेको छ ।

कविगोष्ठीका सहभागीहरूलाई कार्यक्रमस्थल सम्म लैजान र ल्याउनका लागि स्वामी चन्द्रेशबाट बुढानीलकण्ठ आश्रमको बस सौजन्य उपलब्ध भएको छ । मलाई फोन गर्छन् -मित्रद्वय केशब रूपाखेती र ब्रह्मप्रिय प्रेमस्वरूप । तर अप्ठयारो छ मलाई तीन/तीनवटा कार्यक्रमको निम्तो छोडेर जान । नेपाल साहित्यिक पत्रकारसंघको केन्द्रीय पूर्णबैठक, अभिनव साहित्य समाजको साहित्यिक कार्यक्रम, माङ्सांप (मदनमणि दीक्षित) को अभिनन्दन समारोह ।

तर मित्रद्वयले पालैपालो फोन गर्छन् र धुनिबेसीको प्राकृतिक स्वरूप वर्णन गर्न थाल्छन् र भन्छन् - तपाइजस्तो यात्राप्रेमी मान्छे नगई हुन्न । म लोभिन्छु प्रकृतिदेखि र टार्न सक्दिन उनीहरूको अनुरोध । मेरो मन अचानक मोडिन्छ । म निर्णय गर्छु - अरू कार्यक्रमहरूमा म फेरि पनि सहभागी हुनु सकूँला तर धुनिबेसीमा गएर साहित्यिक धुनी जगाउने मौका फेरि नआउन सक्छ ।

हुन त मैले धुनिबेसीलाई कम्तीमा सयचोटी देखे हुँला ! तर त्यस ठाउँको माटो स्पर्श गर्ने अवसर जुटेन । सयचोटी भनेर ठोकुवा किन गर्दैछु भने - म गुल्मीबाट काठमाडौं प्रवेश गरेको ३२ वर्षको अवधिमा कम्तीमा पनि बर्षको दुईचोटी घर पुग्ने गर्छु भने जाँदा आउँदा बर्षको चारपटक त्यस राजमार्गको दायाँबायाँ पर्ने गाउँबस्ती अवश्य हेर्छु । त्यसैमा पनि थानकोटबाट बाहिरिनासाथ टल्लक्कै देखिने बेसीमाथि नजर नपुग्ने कुरै भएन ।

मानिस ज्यादतीमा निर्ममता पूर्वक मरे । त्यसको लेखाजोखा भएर पनि बेवास्ता गरियो । यी सबै वातावरणका कारणले गर्दा मुलुकका बाँकी अचौत सोभा, अबला, नाङ्गा निरीहहरूको संरक्षण हुन नसक्दा त्रास, भयले सीमा नाघ्दै गयो ।

कुन राजधानी, कुन जिल्ला, गाउँघर र पहाड अस्तव्यस्त फैलिंदा कसको मन भयभित नहोला र शान्तिसंग जीवनयापन गर्ने बातावरण नै धमिलिंदा अनेकन मानिसहरू घरबारबिहीन भएर परदेशिन पऱ्यो । सन्तान गुमाउन पऱ्यो । बैंश सर्नुपऱ्यो । यी सबै अन्तर्व्यथा कसले बुझ्ने, भनेर कसले सुन्ने र समाधान गर्ने ? त्यो सबै मार्ग नै बिलखबन्दमा रहेकोले यहाँ गान्धारी गन्धर्वलाई आफ्ना पीडासमेत बताउन आसक्त भएकी छ । सहनशीलताले पराकाष्ठा नाघ्रेकाले धैर्यताको बाँध पनि छताछुल्ल भएर भत्किसकेको छ । मात्र त्यो उलिंदो भेल तीब्र बेगको आँधीमा पुरिनुबाहेक अन्य विकल्प नहुँदा गान्धारी एकतमाससंग चक्कराएर गन्धर्बसंगबाट बिदा हुन के जुरूक्क उठ्छे त्यसै बखत् चक्कराएर घरामा डङ्रङ्ग ढल्छे र सदाका लागि उत्तिनैखेर बिदा हुन्छे । यो कालखण्डजन्य परिस्थिति र आत्मकथा सुनेपछि म लेखक कथाकारलाई आज पनि शान्तिचयन हराएझैं लागेर आउँछ । जसका लागि गरियो जनयुद्ध, त्यो नै नभएपछि देषी को ?

× × ×

दृष्टिविम्ब

✍ मोहन दुवाल

खोजिरहेछन्
खोजिरहन्छन्
खोज्नुको कम नै हो
मानिसको जीवन ।

प्रयोगमा नयाँ-नयाँ खोज्नेहरू
नीलो विम्बमा दृष्टि खोप्छन्
दृष्टि-विम्बमा दृष्टि खोज्नु हो - जीवन
विम्बमा दृष्टि खोप्नु हो - जीवन ।

असुन्दरहरूले सुन्दर रूचाउँदैन
खराबहरूले असल बन्न खोज्दैन
कालोलाई सेतो बनाउन सक्नु हो - जीवन ।
सेतोमा कालो छिर्न नदिनु हो- जीवन ।

जीवन नाप्न नसक्नेहरू
हैरान-हैरान छन् जीवन भोगेर
जीवन भनेको भोग्नु त हो -
म हेरिरहन्छु जीवन
जीवन भनेको कुइनु नै त हो -
म भोगिरहन्छु जीवन ।

आफूलाई भोगिरहनेहरू
आफैंसंग आफू भएर भोगिरहन्छन्
भोग्नुको चक्र नै त हो
मानिसले भोगिरहेको जीवन ।

निन्दा चुक्ली गरी हिंड्ने सारा विश्व रुवाउँछ
मन्धरारुप हो त्यस्तो आफैंलाई फसाउँछ ।

न्याय रोएर पाइन्न मूर्खका ठाउँमा कबै
व्याधा, प्रशव-पीडाकी भन्दैन हरिणी कठै ।

पुल्लाको मह मानिन्छ ओखती अति दुर्लभ
विषालु सर्पको लागि त्यो गनिन्छ महाविष ।

प्रभाव अति नै पार्छ त्रैलोक्यै भर भाग्यले
कुबेर शिवका भक्त मित्र हुन् रे, भएर के ?

प्रेमबन्धन यस्तो छ सजिलै बाँध्न सक्दछ
भमरो काठ खाने त्यो फूलका बीच बन्द छ ।

बन्ने हुन्न कहिँ कैल्यै निर्धक्क अनि निर्भर
मौका पायो भने चोर सम्पत्ति सब चोर्दछ ।

'तीतामीठा कुरा'बाट

प्रेमीले उसको यो आदत आनीबानीप्रति विचार पुऱ्यायो । पहिलाको जस्तो फुर्तिली पनि छैन, जाँगरिली पनि छैन । कस्ती कस्ती एक तमासकी विक्षिप्त आवस्थामा पुगेकीझैं महसुस भयो । यी सबै दिनका दिन भएपछि गन्धर्वले गान्धारीलाई यो के भएको भनेर प्रश्न गऱ्यो । गान्धारीले चुपचाप सुनेको नसुनेझैं गरेर कैयौं दिन टारी केही बताउन चाहिन ।

यसपछि गन्धर्वलाई पनि आशङ्काको बादलले दिमागमा हुरीवतास चल्न थल्यो । चकित पऱ्यो र कतै यो खुस्किन त लागिन भनेर खुट्याउन थाल्यो। हिजोको भाव चालचलन र आनिबानीमा सुधार आएन । दिमागी सन्तुलन नै बिग्रेजस्तो कस्तो कस्तो एकप्रकारको अनौठोपन देख्ता विचित्र लाग्यो ।

यति बेला दुवै नै मगजान्धो थिए । कारण र अकारणमा भेद खुट्टिएन । मनमा भय र त्रासका शङ्का अति वृद्धि भएको थियो । वास्तविकता पत्ता लागउन गन्धर्वलाई गाह्रो पऱ्यो । स्थिति जटिल हुँदै गैरहेछ । गान्धारीमा बिस्तारै चेतनाशून्य हुँदैछ ।

प्रेमी गन्धर्व- होइन, गान्धारी ! हिजो आज तिमीलाई सञ्चो छैन ? प्रेमीका गान्धारी - किन र ?

गन्धर्व- तिमीमा पहिलेको जस्तो संचेतना देखिन ।

गान्धारी- खोइ मलाई थाहा छैन ।

गन्धर्व - तिमीलाई के थाहा छ त ?

गान्धारी- खोइ.....! अक्फनबक्क पर्दै ।

ढकमक्के मौसमी फूलहरू बगैंचामा फुलेका थिए । चौर दुबोमय थियो । वातावरण एकान्त शान्त ...तर गन्धर्व गान्धारीका चालचलन र बोलीचालीमा कुनै आकर्षण भने पाउँदैन, बरू सशङ्कित आँखा त्रसित मन विचार आफैंमा संयम गुमाएको चौतर्फी भय नै भय बोकेको मास्तिष्क सजग र शंकालु दृष्टि । यति हुँदाहुँदै पनि गन्धर्वले स्नेह गाँस्न छोड्देन । त्यसको कुनै प्रतिक्रिया छैन । भारीका विलक्षण आफैंमा प्राकृतिक हुनुपर्थ्यो । प्रेमका सागरमा त्यो भने मरूभूमितुल्य उजाड रूखो भयो । निरस भयो । एकान्तको भेटघाटको औचित्यहीन भेटको अर्थ नै रहेन ।

गन्धर्व- केमा मग्न छौं, गान्धारी ?

गान्धारी- किन र ?

गन्धर्व- एकतमासकी देखिन्छ्यौ ?

गान्धारी- हो र ?

गन्धर्व- हो, गान्धारी !

गान्धारी- त्यस्तो त लाग्दैन ?

गन्धर्व - हामी दुवैको मिलनको कुनै औचित्य नै सकिएजस्तो । तेल सकिएको बत्ती जस्तो यो म के देख्दैछु गान्धारी ! तिमीलाई ...?

गान्धारी- त्यस्तो होइन होला ? साँझै थकित महसुस लामो स्वास प्रश्वासमा गान्धारी प्रस्तुत हुँदै आड तान्छे ।

वरपरका केही मानिस देखा परे । तिनीहरू पनि अङ्कल काट्न थाले । धेरै बेरदेखि यी दुवै किन घोल्टिरहेछन् । कारण पत्ता लागेन । उनीहरू विस्तारै टहल्दै आफ्ना रसरलियामा भुल्न थाले । यो प्रकरणको अर्थाभाष गर्न पनि सजिलो छैन । गन्धर्वको केही लागेन । ऊ मौन भयो । हिजो आज सरकार देशमा छैन । विस्तारै प्रकाश ओझेलियो साँझको सुरूवात आगमनसँगै जिन्दावाद ! र मुर्दाबादका नारासँगै दोहोरो फाएरिङ चल्यो । मुठभेट अघि बढ्यो । तानाशाहको उदाङ्गो नृत्य नरसंहारमा परिणत भयो । सेना र जनताबीच जनआन्दोलन बढ्दै रह्यो । दिन दुगुना रात चौगुना हुँदै मुलुकभर नै यो चर्केर आकाशियो । विजय र निरङ्कुशको पराजय भयो । तर सबैतिर बदलाको भावना बढ्नाले ज्यान जिउको सुरक्षा भएन । शान्तिसुरक्षा सम्पूर्ण खलबलियो । अन्यौलता तीव्र भयो । अकर्मण्यतामा कुनै रोकथाम भएन । गाउँबस्ती जताकतै मुठभेडमा

प्रणवाश्रमका प्रमुख स्वामी रूद्रानन्दजी महाराजसहितको एउटा साहित्यमण्डली गुम्प्येश्वरीबाट ठीक ११ बजे प्रस्थान गर्छ - धुनिबेसीका लागि । थानकोट नपुग्दासम्म कविहरू बीचबीचबाट बस चढ्दै जान्छन् ।

थानकोट नाघेपछि कानाकोटलाई स्पर्श गर्दै र पारीपट्टिको निशाकोटलाई अवलोकन गर्दै हामी झर्छौं तलतल ।

नौबिसेभन्दा दुई किलोमिटर यता खानीखोलाबजार नपुग्दै बागबानी गेटबाट बस कच्ची बाटो उँधौतिर लाग्छ ।

उन्नाइस हेक्टरमा फैलिएको त्यो वन, मछिन्द्रनाथ बन उपभोक्ता समुहबाट संरक्षित रहेछ । २०४७ सालसम्म लगभग नाङ्गो रहेको त्यो डाँडो अहिले स्थानीय जनताको सक्रियताबाट घनाजङ्गलको रूपमा परिणत हुने सौभाग्य पाएको रहेछ ।

हामी त्यसै जङ्गल भित्रबाट फनक्क एक फन्को मारेर धुलेबाटोमा धुसरितहुँदै पुग्छौं महारूद्रेश्वर महादेवको मन्दिर मुनि । र, बसबाट ओर्लेर उक्लन्छौं मन्दिरको प्राङ्गणमा ।

स्थानीय जनताले हामी सबैको स्वागत गर्छन् ।

स्वामी रुद्रानन्दजीले महारूद्रेश्वर महादेवको पूजा गरी मन्दिरको उपल्लो खण्डमा निर्माण हुने धर्मशालाको शिलान्यास गर्नुहुन्छ- वैदिक विधिविधान सहित ।

रुपाखेती कुलकल्याण प्रतिष्ठानसमेतको सक्रियतामा २०६२ सालमा मन्दिर निर्माण गरी अहिले धर्मशाला बनाउने प्रतिबद्धतालाई अगाडि बढाइएको रहेछ । निर्माणका लागि चौधहजार रूपैया सङ्कलन भइसकेको पनि रहेछ ।

शिलान्यासको कार्यक्रमपछि लगत्तै सुरू हुन्छ कविगोष्ठी ।

उद्घोषक - केशब रुपाखेती ।

प्रमुख अतिथि - रुद्रानन्दजी महाराज ।

बाँकी सबै सभापति ।

धुनिबेसी गाउँको परिचय झल्किने खालको कविता केशब रूपाखेतीबाट वाचन भएपछि कविता पढ्ने क्रम क्रमशः अगाडि बढ्छ । मेघराज पण्डे, ठाकुर शर्मा, कलाधर काफ्ले, बमबहादुर थापा 'जिताली', कृष्णदेव रिमाल, दामोदर पुडासैनी 'किसोर', दीपा चौलागाई, भिष्म उप्रेती, ब्रम्मप्रिय प्रेमस्वरूप, श्रीहरि रुपाखेती, गीता लामिछाने, पङ्क्तिकार रामप्रसाद पन्त, तेजप्रकाश श्रेष्ठ, कर्णबहादुर चन्द, दामोदर गौतम, दिपेन्द्र चौलागाई, प्रविण जोशी र हरिहरप्रदीप घिमिरे ।

वन्यपरिसरको त्यस धुले प्राङ्गणमा बसेर हामीले मीठा कविताहरू श्रवण गऱ्यौं, अलिअलि धुलोले नुहायौं, मङ्सिरमसान्त भए पनि सापिलो घामले शरीर तताऱ्यौं । धुनिवेसीको चामलजस्तै मीठो पानीले घाँटी रसाऱ्यौं र शारदा रुपाखेती र बिन्दु रुपाखेतीले पकाएको मीठो तरकारी, चिउरा र चियासे पेटपूजा गऱ्यौं ।

बाहुनडाँडा र ज्योतिषडाँडाको मध्यवर्ती क्षेत्रमा रहेको त्यस बन्यकुञ्जभित्र गुञ्जिएका कविताका स्वरहरू ध्वनित भए सायद वरपर । स्थानीय बालबच्चा र महिलाहरू पनि धुम्रिए प्राङ्गणमा । बुझेर होस् वा नबुझेर तासी पिटे कविहरूलाई हौस्याउने गरी ।

कविगोष्ठीको अन्त्यमा महारुद्रेश्वर आश्रम निर्माण समिति तथा बनउपभोक्ता समुहका सक्रिय सदस्य केशब पाण्डेलाई सर्वसम्मतिबाट निर्माण हुने आश्रमको अध्यक्ष चयन गरी १९ सदस्यीय कार्यसमिति बनाइयो । तर त्यति ठूलो कार्यसमितिमा एकजना पनि महिला नपरेकोमा ब्रम्प्रियजीले आपत्ति प्रकट गर्नुभयो । त्यसपछि चारजना महिलाको नाम थप गरी २३ सदस्यीय बनाइयो । स्वामी चन्द्रेश र स्वामी रुद्रानन्दजी लगायतका प्रतिष्ठित व्यक्तिहरुलाई समेटेर एउटा सल्लाहकार समिति पनि बनाइयो । स्वामी रुद्रानन्दजीले आश्रम निर्माणसमितिलाई आफ्नो भिक्षाबाट आर्जित रकमबाट रु दशहजार अर्पण गर्ने सङ्कल्प गर्नुभयो । त्यसपछि कार्यक्रमको औपचारिक समाप्ति भयो ।

मैले स्थानीयबासीहरूसँग केही जिज्ञासा राखें- ती पर्वत शृङ्खला ! त्यो बाटो ! त्यो गाउँ त्यो भन्ज्याङ् र त्यो खोला !

म करिब करिब पूर्वतिर अभिमुख भएको छु - त्यो भन्ज्याङ्, जहाँबाट छिरेर म धुनिबेसी ओर्लेको छु , त्यहाँबाट मेरो दृष्टि पश्चिमतिर मोडिदै गएको छ - गोलङ्डुङ्गा भन्ज्याङ् । नागार्जनको टुप्पो । धेरै पारि रजतधवल हिमाल ।

म धेरै पर जान्न । महेशखोला पारिपट्टिको डाँडोतिर औंसी तैर्स्याउँछु । त्यो लामै फैलिएको डाँडा- लामिडाँडा । गोर्खाबाट जमरा फूलपाती त्याउने बाटो त्यसै डाडाँको टुप्पोमा तन्किएको छ । अनि त्यसै बाटोमा पर्ने त्यो छत्रेदेउराली, त्यो रानीपौवा !

वास्तवमा यी सबै पौवा, देउराली, भन्ज्याङ्, डाडाँ, खोला र बेसीको पूर्ण रूप हो नेपाल ।

मैले सुनेको छु- गोर्खाबाट फूलपाती त्याउँदा धादिङको जौडीनजिक लामिडाँडासम्म पोको पारेर त्याउने गरिन्छ र त्यहाँबाट बेल, केरा, उखु, आँप आदि थपेर डोलीमा राखी बाजागाजा सहित काठमाडौं भित्र्याइन्छ ।

मलाई थाहा छ - धुनिबेसीको सेरोफेरोले देशका केही महान् व्यक्तित्वहरूलाई पनि चिनाउँछ । ती मध्ये एकजना हुन् - माध्यमिककालीन कवि शिखरनाथ सुवेदी । नेपाली शब्दसागरका प्रणेता बसन्तकुमार शर्मा नेपालका माबली जिजूहजुरबा । शिखरनाथभाष्य लागायत दर्जनौं कृतिका रचयिता तथा सोमनाथ सिग्देल, चक्रपाणि चालिसेजस्ता विद्वान्हरूका प्रतिस्पर्धी कवि । यस्ता महान् साहित्यसाधकलाई स्मरण गर्दैछु म ।

यसैगरी त्यस क्षेत्रको रुपमा रहेका प्रखर प्रवचनकर्ता विद्वान् स्वामी रामानन्द गिरी, साहित्यकारहरु- केशवराज पिडाली, शिव अधिकारी, कृष्णप्रसाद चापागाईं र श्रीहरि रुपाखेती लगायत धेरै साधकहरु पनि मेरो स्मृतिपटलबाट हराउन सकेका छैनन् ।

यस बाहेक सरकारी उच्च ओहदामा पुग्ने र शैक्षिक क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको पनि कमी छैन त्यस गाउँमा ।

'उ... त्यो बाटोले कहाँदेखि कहाँ छिचोलेको छ ?'- प्रश्न गर्छु ।

'भीमढुङ्गाबाट धार्के जोड्ने मोटरबाटो हो त्यो । हामी आएको यो बाटो पनि जोडिन्छ त्यसैमा ।' - जवाफ पाउँछु ।

केशव रुपाखेती चिनारी गराउनुहुन्छ मलाई त्यस क्षेत्रको बारेमा । यहाँका प्रत्येक बारी र गरामा बेमौसमी तरकारी र फलफूलहरू फलाइन्छ । सत्तरी/असी रुपैयाँ पर्छ एउटा काउलीलाई । सयवटा काउली फलायो भने सात/आठ हजार । जीवन गुजारा गर्न अप्ठ्यारो छैन यहाँका कृषकलाई । फलफूल नभएको कुनै खेतबारी नै छैन । अत्यन्त उर्वर छ यो ठाउँ ।

हामी रमाउँदैछौं - धुनिबेसीको गाउँमा । तर समयले कहाँ टेर्छ र ! चार बजिसकेछ ।

हामी चढ्छौं बसमा र फर्कन्छौं उही बाटो उसैगरी । तर एक घण्टाको बाटो तीन घण्टामा परिणत भइदिन्छ ।

यानकोट-कलङ्की क्षेत्रमा लाग्ने गाडिजामको रोग कहिलेसम्म चल्ने हो ! यसैगरी चलिरहेको छ बर्षौंदेखि । विकल्प खोज्दैन सरकार !

म प्रश्न गर्छु ? सबैको एउटै प्रश्न छ - खोइ कहाँ छ सरकार ?

स्वामी रुद्रानन्दजी पनि राजनीतिप्रति चाख राख्ने व्यक्ति हुनुहुँदो रहेछ । उहाँले गरेका राजनीतिक तर्कपूर्ण प्रश्नहरू गम्भीर थिए र मननीय थिए । सोचनीय थिए र विचारणीय थिए । यी सबै चर्चा परिचर्चाहरू र हिमालजस्तै सेतो कपाल हल्लाउँदै गफ छोट्ने मुक्तिनाथजीका हास्यपूर्ण अभिव्यक्तिहरू बाटोकाट्ने कार्यमा सहयोगी बने ।

कार्यक्रमबारे मूल्याङ्कन भयो- समग्रमा यात्रा फलीभूत भयो ।

× × ×

कथा

दोषी को ?

नारायण 'गोदारे'

समय हेमन्त ऋतु छ । खुला आकाशमा कता कति सेता बादलको आगमन प्रकाश पूर्ण झलमल्ल सूर्य किरण वातावरण निलिमय धरा यसैबीच गान्धारी एकनासले टहलिँदै हिँडिरहदा अनायसै अकसमात् उसलाई कोही पछि लागेर आइरहेछ जस्तो लागेर आफ्नो हिँडाइमा गति दिन थाली !

सिङ्गो गाउँ बस्ती शून्यतामा परिणत भएको थियो । मार्ग प्रशस्त लामो गन्तव्यतिर पुग्न पनि निकै समय लाग्नेछ । फगत् एक्लो हुँदा आतिनु अत्यास लाग्नु स्वाभाविक नै थियो । उसलाई लामो समयदेखि भय र त्रासदीपनले अत्याएको छ । त्यस भय र त्रासलाई चिरफार गरेर खुट्याउन सकिरहेकी थिइन ।

समय-समयमा ऊ निकै अतालिन्थी । त्यो अत्याई मानौं उसका लागि एउटा हुरीबतास झैं महामारी जीवनमा आइरहेछ । तर त्यो रोग, व्यथा या महामारी खुट्याउन ऊ सकिरहेकी छैन । यो कुनै अकस्मात् लाग्ने रोग नभएर भावभूमि सहित गुरूयोजना बनाएर पिछा लाग्ने दीर्घरोग आएको छ । त्यो भयरोग एक दिन उसको काल पनि बन्न सक्तछ ।

कोलाइटेशन वायुजस्तै पीडा अकस्मात् दिनेछ र केही क्षणमा राहत पाउन निक्कै औषधी उपचार गुनपर्नेछ तर यसले पिछा भने छोड्ने छैन ।

द्वन्द्व र आन्दोलन मुलुकैभरि चलेको बेला छ । कैयौं सीपाही आफ्ना छाउनीमै ध्वस्त भएका इतिहास छन् । कैयौं गाउँ द्वन्द्वमा परेर उजाड भएका व्यथा छन् । यसबेला उसलाई पनि आफ्ना जिन्दगानीमा ठूलै सङ्कटमय अवस्था आइपर्ने शङ्का उपशङ्का तीव्र बेगले फैलेर आएको छ ।

कोही पछाडि छेउछाउबाट विस्तारै अदृश्य रूपमा साउती मारेझैं लाग्थ्यो । मृत्यु निम्ता दिँदै छझैं अत्यासपूर्ण त्रासदी यसले आफैंलाई क्षीण जवाफ चल्नु आफैंमा आश्चर्यलाग्दो चमत्कार हो ।

त्यसबेला दायँबायाँ अगाडि-पछाडि आँखाका नानी घुमाएर चाल मार्दै त्यसबेला पहिचान गर्ने प्रयास नगरेकी पनि होइन, तर पत्तो लागिरहेको थिएन ।

कुराकानी गरौं भने त्यहाँ उपस्थिति नै छैन । अकर्मण्यता शून्य फगत एक्लो यात्रा छ । भय छ । त्रास छ । कोही कतैबाट आएर आफूलाई विनसित्ति नै हत्या गर्ने हो कि ? मार्ने पो हो कि ? जीवनको अन्त्य यसै समय हिँड्दाहिँड्दै बाँदाबाँदै वा सुत्दासुत्दै तरिने पो हो कि ? तर्क वितर्क रफ्तारमा चलिरहेछ । यस्तैयस्तैमा दिनचर्या बितिरहेछ ।

वास्तविक ठेगानमा पुगेर घर परिवार वा साथी सङ्गिनीहरूसँग जावत आवत छैन । भए पनि अन्तर मन भयभित छ । शङ्का उपशङ्कामा दायाँबायाँ अगाडिपछाडि आँखाका नानी चारैतिर घुमाएर हेर्दैमा सारा समय बित्दछ । तर यो समस्या विषयवस्तु ऊ बाहेक अरूसँग उच्चारण नै गरेकी छैन उसले ! उसलाई भने एकान्तमा होस् अथवा समूहमा होस् कतै अन्तरकुन्तरमा सुक्न मात्रै मन लाग्छ । कोही कतै देखिनै चिनिनै मन छैन ।

यसैबीच समय विस्तारै पूर्णिमा र औंसीझैं बितिरहेका थिए । एक दिनको समयमा उसका

महिन्द्र झसङ्ग झस्कियो र आफ्नो काखमा सुतिरहेकी मैयाँलाई धकेल्दै भन्यो– "के भनेकी तिमीले ? बूढाले चाल पाएर केही पनि दिन्नँ, तँ मात्र जा भन्यो रे ?"

मैयाँले रुँदै भनी– "हो नि त ! बरु तपाईको घरमा थाहा नहुँदै चाँडो अन्तै टाढा जाने व्यवस्था मिलाउनोस् ।"

महिन्द्रले मैयाँलाई लोप्पा खुवाउँदै भन्यो– "के ठानेकी तैंले ? दुनांम बेश्या ! आफ्नो त्यस्तो मायासु लोग्नेलाई घात गर्नेले मलाई माया गर्छेस् ? मैले त केवल तेरो सम्पत्तिका लागि यो नाटक गरेको थिएँ । तेरो सम्पत्ति हात लागेको भए तँलाई कोठीमा जाकिदिन्थें, बुझिस् ?" महिन्द्र यति भन्दै उछिट्टिँदै कोठाबाट बाहिर निस्कन्छ ।

मैयाँ महिन्द्रको कुरा सुनेर पागलजस्तै हुन्छे । सपना हो या विपना हो, छुट्टाउन नै गाह्रो पर्छ, उसलाई । उसको मस्तिष्कले काम गर्न नै छोड्छ । ऊ जुन हालतमा थिई त्यही हालतमै ओछ्यानमा पल्टिरहन्छे ।

डढेलो सल्केको छाती लिएर चौधरी मध्यान्हतिर घर फर्कन्छ । मैयाँलाई त्यसरी बेहोस अवस्थामा देखेपछि डराउँदै यताउता हल्लाउँछ । टाउकामा पानी राखेर ठोक्छ । बल्ल मैयाँ होसमा आउँछे र चौधरीको खुट्टा समातेर रुँदै भन्छे– "मलाई माफ गर्नोस् । तपाईले गर्दा म ठूलो दलदलबाट जोगिएँ । साधुको भेषमा त्यो गिद्ध रहेछ । मैले तपाईजस्तो देवतालाई चिन्न सकिनँ । मलाई माफ गर्नोस्, म मर्छु तर तपाईलाई छोडेर कहीँ जान्नँ ।"

चौधरी मैयाँलाई उठाएर छातीमा टाँस्दै बोल्छ– "मैयाँ, तिमीले गर्दा हृदयमा ठेस त लागेको छ तर तिमीलाई गुमाउनुभन्दा पाउनुमा आज धेरै खुसी छु । हेर, बाँच्नु भनेको अझ धेरै बाँकी छ । दुनियाँ केवल स्वार्थमा अडेको छ । धन्न, मैले चाल पाएँ र पो यी छोराछोरीहरू टुहुरा हुनबाट बचे । तिमी कहालीलाग्दो धापबाट बच्यौ । तिम्रै मायामा मात्र अन्धा भएका मेरा आँखा खुले । त्यो चौबीस-पच्चीसकी बहिनी गरिबीले गर्दा अझै बैंस धानेर बसेकी छ । हामी मिष्ठान्न फ्याँक्छौं, उनीहरू आँटाका लागि तड्पिरहेका छन् । म भोलि नै गएर सबै व्यवस्था मिलाएर आउँछु ।"

चौधर्नी स्वीकृतिसूचक मुन्टो हल्लाउँछे । आँखाबाट भने पश्चात्तापको आँसु झरिरहन्छ । हिजोसम्म महिन्द्रले ओकलेका सप्तरङ्गी सपना, आजको वास्तविकता, लोग्नेको माया र आफ्नो बेहोसी यी सबै सम्झँदा मन चिरिन्छ । चौधरीले सजिलै माफी दिए पनि चौधर्नी अपराधबोधले जलिरहन्छे ... ।

× × ×

गजल

✍ बिश्व सिग्देल

बाटाभरि काँडा रोप्यौ तिमीले एउटा पिउने बहाना थपियो
उजाड मनको बस्तीमा फेरि एउटा पागलखाना थपियो ।

तिमी गयौ, वसन्त गयो, जवानीका गए हिउँद वर्षा मेरा
आँखाको नीरले भाग्य पुछियो अभागीलाई खाली पाना थपियो ।

आउँदा आँचलमा जुनतारा ल्यायौ जाँदा छोड्यौ ज्वालामुखी
बाँच्नलाई मात्र बाँच्नलाई साह्रै निरस तानाबाना थपियो ।

रङ्ग बदल्छ हो रङ्ग बदल्छ यो दुनियाँ साह्रै रङ्ग बदल्छ
मनको चितामा को को जल्छन् हेर्ने उत्कट चहना थपियो ।

समीक्षा

कलमको चक्र : धराबासीको 'आधाबाटो'

✍ प्रकाशमणि दहाल

कृष्ण धाराबासी उपनामले स्थापित बगाले (prolific) लेखक कृष्णप्रसाद भट्टराईको सम्पूर्ण कथानक अर्थात् समय, स्थान, पात्र, घटना आदि सत्य सत्य विषयवस्तुलाई विष्मयकारी सौष्ठवसाथ यथार्थ ऐतिहासिक क्रममा संगठित पारेर उपन्यास भनी आफ्नै मौलिक स्वरूपमा प्रस्तुत गरिएको आत्मवृत्तान्तपरक "आधाबाटो" नामक विशेष कृति पढ्न पाएकोमा शब्दमा सजिलै व्यक्त गर्न नसकिने आनन्द प्राप्त भयो । तर त्यसका कारण यस विशेष प्रकारको विशिष्ट कृति र यसका आफ्नो धुनका पक्का, अत्यन्त उर्जाशील र अभिव्यक्ति कलामा निष्णात सर्जकप्रति बधाइ, प्रशंसा लगायत कतिपय मतान्तरका भावना अनियन्त्रित भै यस रूपमा नछचल्किसकेनन् ।

प्रथमतः यस आधाबाटोले लेखकका आधा जीवनको र उनका केन्द्रबाट त्यस अवधिमा उनको सम्बन्ध, सरोकार, परिबेस, सेरोफेरोमा आएका व्यक्ति, स्थान, घटना आदि भ्याएसम्म सबैको सत्य सत्य कथा भन्छ ।

कथा ज्यादै परिष्कृत भाषा र शैलीमा सिपालु कथावाचकद्वारा सारा कथानकलाई बडो कुशलतापूर्वक व्यवस्थित-संगठित पारेर भनिएको छ सलील र करीब करीब मधेस झर्नुअघिको कन्काइकै बेगको प्रवाहमा र भनिएको छ बेबाक, कुनै लाग लपेट, माया मोलाहिजा, डर संकोच, आफ्नो बिरानो केही नहेरी, केही नछुट्याई जस्ताको तस्तो । तर दम्भ वा पूर्वाग्रह, दुर्भावना वा छिचऱ्याई, अभद्रता वा उरन्ठेउल्याईसँग हैन अत्यन्त शालीन, सौम्य, भद्र र गम्भीर तरिकाले विषयवस्तुको केन्द्रमा रहेर त्यसैको मूल प्रयोजनका हिसाबले, त्यसैको प्रयोजनका निमित्त, मात्रै 'रोटी चिल्ला : कुरा खस्रा मीठा' उखानलाई नबिर्सीकन । जे होस् वस्तुगत हिसाबले यो आत्मवृत्तान्त हो लेखकको जन्मदेखि हालसम्मको । कमबध्द सत्य सत्य विवरणात्मकताका हिसाबले यो इतिहास हो त्यस कालको, ती ठाउँको र ती पात्रको, अर्थात् मूलमा शनिश्चरेको, झापा जिल्लाका र आनुपातिक हिसाबले ती सबै ठाउँको जुन त्यस कालमा ती घटना र ती पात्रसँग सम्बन्धित हुन पुगे ।

यसले कथाकममा एउटा उत्कृष्ट साहित्यिक कृतिलेझैं नै रुवाउँछ, हँसाउँछ, आकृष्ट पार्छ, गौरवान्वित पार्छ, अधीर, आतंकित, विश्वस्त, सन्तुष्ट, दोधार, सशंकित पार्छ– अर्थात् भनुँ नवै रसानुभूति गराउँछ । त्यसबाहेक यसले त्यस कालखण्डको शनिश्चरे, झापा र आनुपातिक भए पनि सम्बन्धित अरू धेरै ठाउँका जीवनको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, भौगोलिक, धार्मिक, उन्नति, अवनति इत्यादि सम्भव सबै पाटाहरूको केस्रा केस्रा खोलेर राखिदिन्छ, आनुपातिक नै भए पनि भगीदेखि गिरिजाप्रसाद कोइरालासम्मको, एउटा द्रष्टा/भोक्ताले कथा भनेजस्तै । वस्तुतः देश विकासका दृष्टिले यस्तो इतिहास सबै ठाउँको भए हुन्थ्यो जस्तो लागिरहन्छ । कुल मिलाएर डिमाइ साइजका करीब ५७० पृष्ठको यो आफ्नै पाराको अद्भुत, अद्वितीय, स्थूल ग्रन्थ नेपालको वाङ्मयाकाशमा नूतन प्रयोग भएको छ, एउटा नव्य आस्वाद र मौलिक परिचय । पढ्न थालेपछि छोड्नै मन नलाग्ने, पाठकलाईसमेत तानेर एउटा पात्रसरह कथामा मिसाइदिने यो कृति अभिव्यक्ति कलाको एउटा बेजोड नमुना हो भन्नु भा को कुरो गर्नै मात्र हो ।

दोस्रो, मोफसल (अझ नेपाली परम्परा/परिवेशको) लगायत झण्डै झण्डै सबै किसिमका विकट प्रतिकुलताका बावजुद लेखक बगाले भएर निस्केका छन्, करीब तीन दशकको साधनामा नौ थान पूर्ण कृति

(फुटकरको कुरा बेग्लै) जन्माएर । यति नै पनि सामान्यतः अनपेक्षित वास्तविकता हो । यसमाथि अझ संवेदनालाई झकझकयाउने गरी अनुभूत हुने वास्तविकता के देखिन्छ भने नेपोलियनले कहीं "आँधि आओस् र म त्यसमाथि शासन गरूँ" भनेझैं समस्त प्रतिकूलतालाई नै परिचालित गरेर (यसो गर्नु पर्छ भन्ने रणनीतिक/व्यवसायिक सोच वा सुयोजनाले भन्दा समयक्रमले स्वतः कर्मण्येवाधिकारस्ते....हुन पुगेको लाग्ने), त्यसलाई नै उपयोग गरेर कोंडाहरू मिलाएरै कुनै हस्तकला बनाएझैं वा अङ्गारबाटै बहुमूल्य हीरा उत्पादन गरेझैं आधाबाटो जस्तो विशेष कृति लगायत यतिका साहित्यिक सिर्जना गर्नु लेखकको प्रतिभा, क्षमता र प्रतिबद्धताको बेजोड प्रमाण हो ।

त्यसो त धारावासी जत्तिकै, अझ संख्यात्मक उचाइमा अन्य बगाले लेखक नदेखिएका हैनन् यद्यपि प्रतिकूलताको उही तीव्रता नपाइन सक्ला तर तर तर्कका लागि मात्र नहुने हुँदा के भन्ने पर्छ भने आधाबाटोमा छताछुल्ल जुन प्रतिकूलतालाई (प्रतिकूलताको कमी हुँदैन, यसले प्रतिनिधित्व गरेको मत्र हो) धरावासीले साहित्य साधनामा रूपान्तरित गरे र त्यस साधनामा केवल आत्मप्रकाशन र आत्मविकास मात्र नभएर आफ्नो अगुवाइ वा अफ्नो उपस्थितिको सेरोफेरोमा समाजलाई नै बौद्धिकता, साहित्य, संचेतना र भाव संचारणको माहोल वा आन्दोलनमै परिणत गरेको कथा भन्छ अधाबाटोले (भलै त्यसबाट माथि भनेझैं उनको आत्मप्रकाश/विकासलाई सजिलो परेको पनि होस् र त्यसो हुनु कत्ति पनि अस्वाभाविक हुँदैन) त्यसबाट (उनको त्यस कार्यघाट) उनीभित्र समग्र सामाजिक विसङ्गति, विकृति र मानवीय उत्पीडन विरुद्ध हुहुराउँदो आकोश वा विद्रोहको अविच्छिन्न, अदम्य ज्वाला धकधकाइरहेको, भतभताइरहेको अनुभूत हुन्छ, सोचाहिं कम्ती नै पाइन्छ ।

हो, सबै मान्छेभित्र त्यस्तो आगो हुन्छ । त्यो हुनु नै जीवन पनि हो तर त्यसको ज्वाला, त्यसको अविच्छिन्नता र त्यसको प्रखरता भने निश्चय नै एकनास हुँदैन, न त्यसलाई निकास दिने साधन या माध्यम नै एकनास हुन्छ र व्यक्ति व्यक्तिको भिन्नता पनि त्यसैले नै निश्चित गर्छ । यसको झलक मात्र हैन पूर्णदर्शनै पाइन्छ 'कसको नपाइने शनिश्चरे' आलेखका पात्र, त्यसमा उठाइएका विचार र सो विचारको-भावनाको आगोबाट, 'नारीमा...., 'शरणार्थी' तथा आधाबाटोकै अन्य दृश्यावली हेरिरहनै पर्दैन ।

साँच्चै, आधाबाटो र अन्य कृतिबाट झल्किने वैचारिक गम्भीरता, भावनात्मक हुटहुटी र त्यसलाई त्यस्तै तीक्ष्णतम प्रभावशाली रूपमा प्रस्तुत गर्ने माध्यमको खोजी र आग्रह हेर्दा के लाग्छ भने त्यो आकोश वा विद्रोहको आगो अखण्ड ज्वाला वा पहाडी झरनाझैं प्रवाहित छ निरन्तर द्राष्ट्य भएर उनले कलम समातेका क्षणदेखि– लेखन, प्रकाशन, वाचन, संगठन....को रूपमा, अविराम ।

तर यस अविच्छिन्न, अविश्रान्त ज्वालारूपी झरना वा झरनारूपी ज्वालाको उठान र वेगको रहस्य खोल्छ यही आधाबाटोले नै जुन हजारौं पत्थरमा बजारिँदै, हजारौं पात-पत्कर र झाड-झङ्खाडमा अल्झिँदै, गुजुल्टिँदै, यदाकदा हिलोकादो र फोहोरमा मिस्सिँदै, समथर सजिलोको बिरल अनुभूति गर्दै फलटिबाट शैशवकालदेखिकै तीक्ष्त अनुभवसाथ गतिमान यो झरना कुदेको छ कुदेको छ लगातार गोलाखर्क, जुकेखाडी, गिरिधरको बरण्डा, सातपत्रे, डडेलो, आँधी, पिताको मृत्यु, साथीको खाजा खाने क्षण, चैसखेलपछि चोरीको आरोप, बिनातलब र न्यून तलब गरेको सेवाको बदला तिरष्कार, कठालो समाइने घटना इत्यादि आर्थिक, शारीरिक, मानसिक लगायत आस्था-भन्जनसम्मका कटु अनुभवबाट गुर्जिदै, लगातर, लगातार ।

मजाको कुरा, यो आगोले घर डढाएन, यो विद्रोहले बन्दुक समातेन, यो झरनाले घर-खेत बढ्रोरन, रक्सीमा डुबाएन बरु साहित्यको अमर साधनामा निर्लिप्त पार्‍यो । त्यसको प्रकाश फिँजायो, त्यसको स्वादले आल्हादित पार्‍यो । यस्ता धेरै उकाली-ओराली, पत्थर-पहरा, अपमान-तिरस्कार पछाडि छुटेर आधाबाटो हिँडिसकेपछि, सहज र सुस्त प्रवाहले पुग्ने मैदानमा झरेर पनि सिर्जनाको यो आगो वैलाएको छैन । झरना वेगिन छोडेको छैन । समथर र सजिलो आएपछि प्रायः सुस्ताउने सिर्जनाको नेपालीलगायत स्वाभाविक मानवीय परम्पराका धेरै उदाहरणका बावजुद यो वेगवान् छ ।

र चौडशी श्रीमती पनि छे । मैयाँसँगको यसको प्रेम खहरेको पानीजस्तै हो । मैयाँ क्षणिक वासनामा भुलेकी छ । महिन्द्रले सम्पत्तिका लागि नै च्याल चुहाएको हुनुपर्छ । खोइ, कसरी च्यालै मैयाँमा लागेको भ्रमको पर्दा । न भन्नै सक्छ ऊ–" मैयाँ, प्रेम भनेको समर्पणको अर्को नाम हो । प्रेम गर्नेहरू प्रेम खोस्दैनन् । आफू डुबेर पनि प्रेमीलाई उतार्छन् । बनावटी बोलीमा प्रेम हुँदैन । प्रेम त हृदयमा हुन्छ ।'

"होइन, के भएको छ ? तपाईलाई ? हिजोदेखि न बोल्नुहुन्छ, न त खाने चासो देखाउनुहुन्छ । नुन खाएको कुखुराजस्तै किन झोक्राउनुपर्‍या हो, कुन्नि !" मैयाँ ठाडो भाषामा बोल्छे ।

चौधरी तुरुक्क आँसु झारेर मैयाँतिर हेर्दै विशेष भूमिका नबाँधी बोल्छ– "मैयाँ, धेरै सोचैं । मनले तिमीलाई गुमाउन मानेन । मलाई केही भए न तिमीले यी बालबच्चा सम्भाल्नुपर्थ्यो । त्यो नाथे महिन्द्रको बनावटी मायामा भुलेर... !"

मैयाँ च्याँटिँदै बोल्छे– "के भनेका बूढा तिमीले ? त्यस्तो सोच्न तिमीलाई अलिकति सरम पनि लाग्दैन ?"

चौधरी डोका लगाउँदै अझ नम्र स्वरमा भन्छ– "अस् मैयाँ, मैले सबै कुराहरू बाल पाइसकें । तिमी महिन्द्रबिना बाँच्न सक्दिनौ भने जाऊ । त्यति मात्र होइन, हामीसँग भएको सम्पूर्ण चल-अचल सम्पत्ति पनि लैजाऊ, म रोकिदनँ । महिन्द्रले प्रेम नै गरेको सम्झेर तिमी उन्मत्त छयौ, तर त्यो प्रेम होइन डोड हो । तिमीले आजै आँखा खोलिनौ भने भोलि पाटीको बास हुन बेर लाग्दैन । एकफेर महिन्द्रसँग 'बूढाले हाम्रा विषयमा सबै थाहा पायो, सम्पत्तिचाहिं केही लैजान पाउँदिनस्, तँ मात्र जाने भए जा भनेको छ' भन त । त्यसपछि तिमीलाई लैजान्छु भन्यो भने म राजीखुसी पठाउनेछु ।"

मैयाँ आफ्नो साधुजस्तो लोग्नेको व्यवहार देखेर तीनछक पर्छे । उसको मनबाट चौधरीको माया रित्तो भइसकेको हुन्छ । बचनको पक्का चौधरीले सम्पूर्ण सम्पत्ति दिनेछ भनेर मख्ख हुँदै भन्छे– "महिन्द्रले हर क्षण छातीमा लुकाएर राख्छु भन्नुभएको छ । उहाँले मेरो सम्पत्तिलाई होइन, केवल मलाई माया गर्नुहुन्छ ।"

चौधरी भक्कानो बाँधेर भन्छ– "चौटा खान गएकी बुहारी झोलमा डुबेर मरी भन्ने सुन्न नपरोस् भनेर मात्र हो । ठीक छ, तिमी खुसी हुन्छयौ भने म पीडा सहन तयार छु । अँध्यारोमा हिँड्नुभन्दा बाटो पहिल्याएर हिँड ।" यति भनेर ऊ, जुरुक्क उठेर हिँड्छ ।

मैयाँलाई यति सजिलै आफ्नो इन्द्रेनी सपना साकार होलाझैं लागेको थिएन । ऊ खुसीले उड्नु कि गुर्बुझैं हुन्छे । उसलाई समय पनि ज्यादै ढिलो बगेझैं लाग्छ । चौधरी मलिन अनुहार लगाएर छोराछोरीलाई स्कुल पुऱ्याउन जान्छ । घर फर्किन मनले मान्दैन । एकान्तमा बसेर हृदयको आगो निभाउन आँखाबाट आँसु बर्साइरहन्छ ।

यता महिन्द्र आउनेबित्तिकै मैयाँ उसलाई कोठामा डाक्छे । महिन्द्र पनि मैयाँलाई सधैंभन्दा हर्षित देखेर खुसी हुँदै सोध्छ– "होइन, आज त मेरी रानी किन यति खुसी ? फेरि बिहानबिहानै... !"

मैयाँ महिन्द्रको काखमा सुत्दै बोल्छे– "होइन, अब कहिले जाने ? मैले तपाईलाई दिएको गहना र पैसा कहाँ राख्नुभएको छ ? चिटिक्कको घर बनाएर मलाई राख्ने भनेको होइन ?"

महिन्द्र मैयाँलाई सुम्सुम्याउँदै भन्छ– "नानी, यो जमानामा त्यति पैसाले खोइ के आउँछ र ? मैले जग्गाघर खाने मान्छे खोजिसकेको छु । लालपुर्जा ठिक्क पार न, पर्सि नै पास गरिदिएर कुलेलम ठोक्नुपर्छ । मेरी हृदयकी रानीलाई कुनै पल छोड्न सक्दिनँ । यति सुखसयलमा राख्छु कि, भो कल्पनै नगर ।"

मैयाँ चौधरीको कुरो सम्झँदै भन्छे– "म पनि तपाईंबिना दुई क्षण अड्न सक्दिनँ । बूढाले लालपुर्जा सबै आफैंले राख्ने भन्यो– तँ गए जा, सम्पत्ति दिन्नँ । मेरो सम्पत्ति देखेपछि कुमारी केटी नै लाम लाग्छन् ।"

सहन गर्न सकेन र डड्ड भुइँमा पछ्यारियो । धेरै बेरसम्म उठ्न सकेन । मुटु चस्किएझैं लाग्यो । नरामोसँग पिल्सिँदै घुँक्क-घुँक्क गरी रोयो ।

"होइन, तपाइँ कुन बेला आउनुभयो ?" चौधरीलाई देख्नेबित्तिकै मैयाँले मायालु स्वरमै सोधी ।

लाचार चौधरीले आँसु लुकाउँदै "भर्खर आएको हुँ भनेर डाँट्यो । मैयाँ बुक्क भई र हाँस्दै कोठाबाट निस्की । चौधरी भने घोप्टो परेर पुनः छाती पिटी-पिटी रोयो ।

चौधरीलाई दिउँसोको भयावह दृश्यले मुटु पोलिरहन्छ । नाउ डुब्ने भयले ऊ बाहेर पनि निदाउन सक्दैन । चौध वर्ष आफ्नै छातीमा निदाएकी जीवनसंगिनीले यसरी खेलवाड गर्ली र घर नै चौपट पार्ली भन्ने त सपनामा पनि सोच्न सक्दैनथ्यो चौधरी । स्वास्नीको विश्वासघातले गर्दा बिर्सिसकेका पुराना कुराहरू सम्झन्छ र नाना किसिमका तर्कनाहरू मनमा खेलाउन थाल्छ चौधरी ।

"होइन रामे, किन मुख फुलाएर बसेको हँ ? ला खाजा ।" उही चौधरी रामकी आमा मझेली ऊतिर खाजा बढाउँदै भन्छे ।

राम खाजाको थाल बजार्दै भन्छ - "मुख नफुलाएर के गरौं त ? बिचरी मैयाँ, खानु न पिउनु दिनभरि काममा जोत्तिइरहेकी छ"

मझेली सम्झाउँदै भन्छे– "रामे, नानाभाँतीका कुराहरू खेलाएर किन पिरोलिन्छस् बाबु ? तँ रिसाउलास् भनेर मैयाँलाई खेत-बारीमा पठाएका छौंनौं । देखेकै छस, यो बूढो हाड जोत्तिएको छ । घरको कुटुकुटु काम त सुबेदारका बुहारीहरू पनि गर्छन् ।"

"सुबेदारका बुहारीहरूको रूप र उमेर पनि हेर न ।" आमासँग राम कह्रकिन्छ ।

"हेर् रामे, रामालाई भगवान्ले काम नै नगरी खान दिने भए अर्कै कुरो, भन्छन्– "मान्छेअनुसारको कुरा, देवता अनुसारको पूजा । भोलिको दिन पनि हेर्नुपर्छ । स्वास्नीमान्छेको सानोतिनो कुरामा टाउको दुखाउन हुँदैन । मन जिती त ठीक छ, मन मिची भने ? आमाको वचन गला लाग्छ बाबु ।" मझेली दिक्दारी ओकल्छे ।

राम चौधरी रिसले जतातत्तै अँध्यारो देख्छ । आफूभन्दा दस-बाह्र वर्ष कान्छी र मन परेकी श्रीमतीलाई केही भनेको सहन सक्दैन । दाह्रा किट्दै– "अब म सधैंको कचकच सहन सक्दिनं । तिम्रो एक छेस्को पनि चाहिँदैन । मेरी स्वास्नीलाई रूखमुनि लगेर भए पनि पाल्छु, बुझ्यौ ?" भन्दै राम घोसे मुन्टो लगाएर उठ्छ ।

'वर्षभरि नङ्ग्रा खियाउँदा पनि छाक नटर्ने पाखाहरू छन् तँलाई त्यस्तै लाग्छ भने ली न त बाबु !' मझेली भन्छे । भोलिपल्ट नै राम आफ्नी स्वास्नीलाई काखी च्यापेर परासी आउँछ । सानोतिनो ठेक्कापट्टा गर्न सुरु गर्छ । बिस्तारै-बिस्तारै ठूलो ठेकेदार बन्छ । दुई छोरा र एक छोरीको बाबु पनि बन्छ । परासीमा स्वास्नीकै नाममा सुन्दर महल बनाउँछ । ठाउँ-ठाउँमा घडेरी पनि किन्छ ।

यता मझेलीलगायत अन्य चार बाबुविनाका टुहुरा मझेलीका छोराछोरीका दिनहरू खाई-नखाई बित्छन् । मझेलीको शरीरमा कहिल्यै नयाँ धोती पर्दैन । कात्रो ओढाएको दिन मात्र उसको लाज रामोसँग छोपिन्छ । आमाको मृत्युको खबर सुनेर घर पुगेको चौधरी भाइ-बहिनीको दरिद्रता देख्दैन । किरिया सिद्धिएको भोलिपल्ट नै परासी आउँछ ।

आमाको अनुहार, स्वास्नीको चाला र ईश्वरका वचन सम्झँदा-सम्झँदै चौधरीका आँखाबाट आँसुको मूल फुट्छ । पुस/माघको जाडोमा पनि पसिनै पसिनाले भिज्दै सारा रात छटपटाउँदै आमाको यादमा कटाउँछ ।

चौधरीका ओठ मैयाँलाई गाली गर्नका लागि खुल्न सक्दैनन् । न त जगल्ट्याएर नै निकाल्न सक्छ । बरु चुपचाप आँसु पिउँदै सहने निर्णय गर्छ । चौधरी सोचिरहन्छ– 'यो कस्तो प्रेम हो ? उमेरको हिसाबले पनि महिन्द्र मैयाँभन्दा दुई-चार वर्ष कान्छो छ । फेरि उसका घरमा सानी छोरी

उमेरले प्रायः ल्याउने प्राकृतिक सुस्तीबाहेक यो कत्तिको बेगिइरहने हो, भोलिले नै देखाउनेछ ।

साथै यस आगोलाई प्रेम, सद्भावना, सहयोग दिएर यसरी उपलब्धीमूलक बनाउनमा हात बँटाउने अन्य सम्पूर्ण पात्रहरूलाई बिर्सिनु पनि कृतघ्नै हुनु हो । यद्यपि त्यसको पात्रताको श्रेय पनि मूलतः आगोधारीमै सन्निहित कुरा हो ।

तेस्रो, यस आधाबाटोले अत्यन्त दरिलो गरी उठाएको ज्यादै धतलाग्दो कुरा हो मुक्त लेखनको सन्दर्भ । यस विषयमा कुरा थाल्नुभन्दा पहिले समकालीन नेपाली साहित्य, वैशाख २०६३ अङ्कमा प्रकाशित लेखकको 'के मार्क्सवादी नभै प्रगतिशील भैंदैन ?' शीर्षक लेखको सम्झना नभै छोड्दैन ।

आधाबाटो पढेपछि एकएकघटा राजनैतिक/वैचारिक ढाटभित्र थुनिएका र त्यहाँ भित्र पनि एकएकघटा नेता/उपनेता/अभिनेताको दौराको फेरमा बाँधिएका लेखक, विचारक, चिन्तक लगायत सम्पादक/प्रकाशकको सन्जाल भएको वर्तमान परिवेसमा कुनै छाप पनि लाउन नचाहेका कारण अलगथलग एक्लिन बाध्य धेरै साहित्यकारलाई मुक्त लेखनको कुरा गर्ने धराबासीजस्ता स्थापित साहित्यकारहरू पनि हुँदारहेछन् भन्ने जान्न पाउँदा ठूलो साधर हुनुपर्ने हो ।

साँच्चै "लेखक स्वतन्त्र र मुक्त रहनुपर्छ । पार्टीहरू कहिले सत्तामा पुग्छन् कहिले तल खस्छन् । उनीहरूको अभिष्ट भनेको सत्ताप्राप्तिसम्म मात्र (देशोत्थान हैन सायद ?) हो । तर हामो लेखन भनेको सुदूर भविष्यसम्मका लागि हुन्छ । यो सार्वकालिक, ऐतिहासिक र सार्वजनीन हुनुपर्छ । साहित्यिक कृति कुनै पार्टीका घोषणापत्रहरू जस्तो, कुनै नेताका निम्ति भोट मागिएजस्तो वा नाताको मान्छेका अघि नजरशर्मी भएजस्तो हुनुहुँदैन । जीवनको यथार्थतालाई लेख्न बस्ता त्यो लेखन कहिले कसको पक्ष कहिले कसको पक्षजस्तो बल्न सक्छ । लेखक पनि हुन सकेन भने यो संसारमा स्वतन्त्र हुन सक्ने अरू कुनै मान्छे हुन असम्भव छ । प्लेटोले आजभन्दा दुई हजार चार सय वर्षभन्दा अघि नै लेखकको स्वतन्त्र अस्तित्वलाई स्वीकार गर्दै राज्यसत्ताले लेखकहरूलाई नियन्त्रणमा राख्न नसक्ने हुँदा तिनीहरूलाई नगरबाहिर लगेर सम्मानसाथ राख्नुपर्छ भनी सिद्ध गरिदिएका थिए ।" (पृ.४७७) भन्ने यस उद्धरण र यत्रतत्र पाइने यस्ता अन्य टिप्पणीले मुक्त लेखनप्रति उनको अविचल निष्ठा छर्लङ्गिन्छ ।

यहाँनेर Richard Tarnas को भनाइ 'All human understanding is interpretation and no interpretation is final.' को अनायसै सम्झना भैदिन्छ । साँच्चै, लेखक, चिन्तक, साहित्यकारहरू सामाजिक/नागरिक सदस्यका हैसियतले समाजमा विद्यमान् कुनै न कुनै विचार, दल, सम्प्रदाय नजिक हुन्छन्, हुनु पनि पर्छ । निर्वाचनमा कुनै पक्षलाई मत दिन्छन्, दिनु पनि पर्छ । तर उनीहरू गलामा डोरी लगाएर किलामा बाँधिएका कारण त्यस डोरीको लम्बाइ बाहिर जान नसक्ने वा स्वाधीन चेतनै बेधिएझैं आजीवन एउटै व्यक्ति, विचार वा दृष्टिकोणको बुट्टीमा बाँधिएर रहने परिकल्पना हुन सक्तैन । अरू नागरिक पनि त्यस्तो हुँदैनन्, हुनु हुँदैन पनि । गलत र ठीक कामको स्वतन्त्र मूल्याङ्कन गर्ने र आफ्नो समर्थन दिने वा नदिने स्वतन्त्रता सदैव व्यक्तिसँगै हुनुपर्छ । सच्चा प्रजातन्त्र र स्वतन्त्रता भनेकै यही हो, एउटा किलाबाट अर्को किलामा सर्नु मात्रै पनि हैन । अझ सारा समाज, राष्ट्र र विश्वलाई नै आफ्नो चिन्तनद्वारा बाटो देखाउने लेखक, विचारकहरू त अनुहार वा जात, धर्म वा साइनो, बाद वा विचार केही नहेरी गल्तीमा औंला ठड्याउने सचेतक र राम्रो कामको प्रशंसा गर्ने प्रोत्साहनकर्ता नै हुन् ।

अतः मुक्त लेखनबारे आधाबाटोका लेखक र उनका सहपात्रहरूले गरेको खबरदारी प्रशंसनीय र अनुकरणीय छ ।

चौथो, यो कृतिलाई उपन्यास भनिएकोमा भने सहमती हुन सकेन । यद्यपि एउटा असल उपन्यासमा हुने विषयवस्तु यस कृतिमा छन् । एउटा उपन्यासले प्रतिबिम्बित गर्ने जीवनका आँसु र हाँसो, सुख र दुःख, सहयोग र धोखा, प्रेम र घृणा सङ्घर्ष र पलायन, साहस र कातरता, बुद्धिमत्ता र बुद्धि नपुग्नेजस्ता सबै घटना र स्थिति यस कृतिमा छन् । अझ सामान्यतः उपन्यासहरूले नसमेटिरहने सूक्ष्मता र विस्तारसम्म समेटिएका छन् । बरु खाँदाखाँदै छन् । सम्भवतः केही छुटाइएको छैन (यद्यपि सम्पूर्णता कहीँ हुँदैन) ।

तर त्यमैले नै यसलाई उपन्यास हुन दिएको छैन । किनकि कुनै पनि उपन्यासकारले "सम्पूर्ण" कुरा उतादैन । प्रथमतः उतारेर साध्यै हुँदैन । दोस्रो, उसले देखाउन खोजेको पक्ष वा बनाउन खोजेको स्वरूप वा संरचनाभन्दा बाहिर सबैथोक समेट्नेतिर जादै जादैन ऊ । उसको त्यो प्रयोजन नै हुँदैन । कारण उपन्यास एउटा बनावटी कथा हो, कृत्रिम कथा हो जब कि इतिहास वा आत्मवृत्तान्त हो सत्य कथा । उपन्यासका पात्र र घटनालाई प्रमाणले पुष्टि गर्न सम्भव हुँदैन, गर्ने अपेक्षा पनि हुँदैन जब कि इतिहासलाई प्रमाणले पुष्टि गर्नैपर्छ, कम्तीमा गर्ने अपेक्षा राखिन्छ ।

यद्यपि दुवैका विषयवस्तु वा कच्चापदार्थ अर्थात् घटना र पात्र उही समाजबाट लिइएका उनै यथार्थ हुन्छन् । तब त उपन्यास (iction) लाई Story of man but not of a particular man भनिन्छ ।

वस्तुतः उपन्यास र इतिहास (Story and History) मा दुइटै प्रमुख भिन्नता हुन्छन्: (क) रचनाको उद्देश्य र (ख) संरचना वा प्रस्तुतिको ढाँचा ।

इतिहास एउटा वास्तविक मान्छेको तस्वीर हो । त्यसलाई चिन्लेले त्यो फलानाको तस्वीर भनेर चिन्छन् । त्यसमा उसको वास्तविक स्वरूप– रङ्ग, आकृति-प्रकृति, आकार, इत्यादि विशेषता जस्ताको तस्तै हुन्छ तब त त्यो त्यही फलानै व्यक्ति भनेर छुट्टिन्छ, चिनिन्छ । जब कि (अंग्रेजीमा दुई अक्षर कम भएको) कथा वा उपन्यास एउटा अज्ञात व्यक्तिको तस्वीर हो जसले कुनै फलानै नभएर आममान्छेको प्रतिनिधित्व गर्छ । अतः इतिहास खास व्यक्तिको स्वयं तर कथा आमव्यक्तिको प्रतिनिधि हो ।

अर्को कुरा, कथाको व्यक्ति भावनाको व्यक्ति हो अतः त्यसलाई सामान्यतः समाजमा भएका/भैरहने आम व्यक्तिभन्दा जानीजानी प्रयत्नपूर्वक भिन्न बनाउने प्रयास गरिन्छ– लेखकले आफ्नो आदर्श वा इच्छाअनुसार बनाउन/ देखाउन/ स्थापित गर्न खोजेको व्यक्ति । अतः उसले आफ्नो प्रयोजनलाई सहयोग पुऱ्याउने नायक, सहनायक, खलपात्र एवं घटनाक्रमसमेत रचना गर्छ र त्यसलाई प्रयोजनैअनुसार सुखान्त, दुखान्त वा समतान्तमा टुङ्ग्याउँछ । तर इतिहास त्यसरी लेखकले खोजेका पात्र, गढेका घटना मिलाएर चाहेको दुखान्त वा सुखान्त पारेको हुँदैन, ऊ त्यसो पार्न सक्तैन किनकि त्यसो गरेमा त्यो इतिहास हुँदैन, न ऊ आफ्ना खुसीले पात्रहरू जन्माउने सक्छ । वस्तुतः इतिहास लेखकको खटनमा हुँदैन । लेखक यहाँ स्रष्टा हुँदैन । सङ्कलक मात्र । आधाबाटोका लेखकले आफूलाई सङ्कलकै भनेका छन् । अतः जे छ त्यही हुन्छ इतिहासमा । जे छ त्यही जस्ताको तस्तै राख्नु नै इतिहासप्रति इमानदार हुनु हो तर ठीक विपरीत घटना/पात्र सत्य नै भए पनि त्यसलाई जस्ताको तस्तै प्रस्तुत नगरी चाहेजस्तो कृत्रिमताको जामा लाएर प्रस्तुत गर्नु नै कथा बनाउनु हो । कथाप्रति इमानदार हुनु हो ।

अतः कथा भनेको नियतसाथ जानीजानी कृत्रिमताको रङ्ग लगाइएको, खोल हालिएको नक्कली सत्य 'homemade lies' हो । अतः त्यसमा अभिव्यञ्जना, कल्पना, अलङ्कार लगायत साहित्यिक उपकरण हुन्छन् । त्यो लेखकको खटनमा हुन्छ जे जस्तो रूप, रङ्ग, आकार दिनुपर्ने उसले दिएको । त्यसैले लेखक यहाँ स्रष्टा, निर्माता वा रचयिता हुन्छ ।

हो, लेखकले भूमिकामा यसलाई उपन्यास सिद्ध गर्न सक्तो प्रयास गरेका छन् तर तर्कले तार्किक सत्य बनाउन सके पनि यथार्थ सत्य बनाउन सक्तैन । कारण सत्य आफैं हुन्छ, तर्कद्वारा बनाइँदैन । अर्थात् तर्कले असत्यलाई सत्य, कालोलाई गोरो वा दिनलाई रात बनाउन सक्तैन भलै अर्को पक्षलाई तत्काल निरुत्तर बनाउन सक्ला, आधाबाटोबारे प्रकाश बुद्धाथोकीको सटीक टिप्पणीमा जस्तै । वस्तुतः दार्शनिक वा तार्किक सत्य र व्यावहारिक वा यथार्थ सत्य फरक कुरा हुन् भलै त्यो अत्यन्त सूक्ष्म नै होस्, त्यसैले नै सांसारिक जीवन चलेको पनि हुन्छ । जस्तो– कृष्णले कौरव फौजलाई 'मरिसकेको अतः मारेर पाप नलाग्ने' भन्नु दार्शनिक सत्य मात्र हो । तिनीहरूलाई मार्न बाँकी हुनुले नै त्यो यथार्थ सत्य हैन भन्ने उतिखेरै पुष्टि भैरहेको छ । अतः एउटा जीवित व्यक्तिलाई एक दिन अवश्यै मर्ने सत्य भए पनि 'तिमी मृत हौ' भन्न मिल्दैन यथार्थ जीवनमा, न मृतलाईझैं व्यवहार गर्न मिल्छ । त्यस्तै भोलिदेखि

कथा

अपराधबोध

✍ ललिता दोषी

सधैंझैं आज राम चौधरीका आँखामा निद्रादेवीले बास गर्न सक्दिनन् । ऊ बगरमा फ्याँकिएको माछोझैं छटपटाइरहन्छ । उफ् ! लामो सास फेर्छ चौधरी । सधैं श्रीमतीलाई अङ्कमाल गर्ने उसका हातहरू आज थरथराउँछन् । एउटै ओछ्यानमा सुतेकी श्रीमती पनि उसलाई बिरानोझैं लाग्छ । आफ्नै सुन्दर संसारमा यसरी चट्याङ् पर्ला भन्ने कुरा कुनै क्षण कल्पनासम्म गरेको हुँदैन चौधरीले, गरोस् पनि कसरी ? ऊ आफ्नी सुन्दरी पत्नीलाई आफ्नै मुटुझैं माया गर्थ्यो । कसैले आफ्नी मायालुका बारेमा आ'सम्म गरे पनि ठाडै जाइलाग्थ्यो । आज आफ्नै आँखाले देखेका दृश्यलाई कसरी इन्कार गरोस् चौधरी ! चिचिला बच्चाहरू आमाको छातीमा टाँसिएर निर्धक्क निदाइरहेका छन् । भोलि के होला भन्ने भय तिनमा पटक्कै छैन । चौधरीको आघात आफ्नै ठाउँमा छ ।

चौधरीका कानमा केही समयअगाडि मात्र ईश्वरले भनेको शब्द गुञ्जिरहन्छ– "ओ चौधरीजी ! अलिअलि सम्पत्ति त आफ्नो नाममा पनि राख्नोस् है । आइमाईको जात, मर हुँदैन भन्छन् । मेरी श्रीमतीको ताल देखिहाल्नुभयो, मैले बच्चाबच्चीको बिजोग नगरा, आफ्नै घरमा रड लगाउन आउने त्यस गरिबसंग नजा दुःख पाउलिस्, भनेर लाख सम्झाएँ, मरे मानिन, हाम फालेरै गई । आफूले चोट पाएकोले तपाईलाई सम्झाउँन मात्र खोजेको हुँ । त्यसमाथि भाउजू ज्यादै राम्री हुनुहुन्छ ।" .

ईश्वरले कुरा टुङ्ग्याउन नपाउँदै एकाएक चौधरीको हात ईश्वरको घाँटीमा पुग्छ । चौधरी ईश्वरको घाँटी न्याब्दै– "होइन, तैंले के भन्न खोजेको हँ ? मेरी सीताजस्ती स्वास्नीलाई... ! तँलाई नमारी छोड्दिनँ बुझिस्" भन्छ ।

ईश्वरले जबर्जस्ती चौधरीको हात हटाउँदै– "दाइ, तपाईं त एक्कासी आइ पो लाग्नुभो ! मैले त तपाईंकै भलोका लागि मुखसम्म फोरेको हुँ । त्यो महिन्द्रसंग भाउजूको राम्रै उठबस् छ रे, 'आफू भलो त जगतै भलो' भन्छन् । बाँकी जे सोच्नोस् ।" यति भनेर ईश्वर आफ्नो बाटो लाग्छ ।

चौधरी एक्लै– 'बेश्याको बानले मेरी स्वास्नीलाई आफ्नै स्वास्नीसंग दाँज्यो । गरिखा'को देख्न नसक्ने मान्छेको जात ! कत्ति न त्यसको कुरामा विश्वास गरेर आफ्नो घरगृहस्थी भत्काउँछु भन्ठानेको होला पाजीले । पक्कैस्, त्यसलाई गालीबेइज्जतीको मुद्दामा जेलमा नजाके त मेरो नाम चौधरी होइन !' भन्दै मुर्मुरिँदै घर आउँछ । स्वास्नी-छोराछोरीलाई देखेपछि उसको सम्पूर्ण रिस त्यसै सेलाउँछ । ईश्वरले किन त्यसो भन्यो होला भनेर खोतल्नसम्म मन लाग्दैन चौधरीलाई । ऊ आफ्नै मायालु संसारमा सधैंझैं रमाउँछ । ईश्वरले भनेका शब्दहरू सम्झेर चौधरी आज मनमनै भक्कानिँदै आँसु झार्छ । आफ्नो सोझो व्यवहार र आदर्शको फाइदा उठाएर स्वास्नीले खेल्नेगरेका खेलहरू उसले आफ्नै आँखाले देख्यो । आफ्नै सटर भाडामा लिएर काठको काम गर्ने महिन्द्र एक दिन फुत्त कोठाबाट निस्क्यो । त्यसपछि छरपस्ट भएको कपाल र कपडा मिलाउँदै मैयाँ निस्की । त्यति बेलासम्म पनि चौधरीले कुनै शङ्का गरेन । अर्को दिन फेरि जब बरन्डामै मैयाँलाई तान्दै चुम्बन गरेर महिन्द्र तल झर्दै गरेको पल्लो कोठामा बसेको चौधरीले आफ्नै आँखाले देख्यो, अनि त उसले

जिन्दगीको हिसाब

✍ दामोदर पुडासैनी 'किशोर'

मध्नुअधिसम्म
दूधमा घसलिरहने घ्यू झैं
सधैं जीवनसँगै हिँडिरहेको मृत्यु
प्रकट हुन खोज्यो एक्कासी ।

हिँड्दा हिँड्दैको चक्का पड्कियो
अकस्मात् ढल्यो जिन्दगीको गाडी
एउटा शून्यतामा वहस गरें
जीवन र मृत्युले
आ-आफ्नो जीतको पक्षमा
जिन्दगीले भन्यो मृत्युलाई-
म निस्कने हो भने शरीरबाट
तिमी पो कहाँ अस्तित्वशाली
बनिरहन सक्छौ र सधै
को डराइरहन्छ र क्षण क्षणमा तिमीसँग
राम्रो अवसर मिलेझैं बोल्यो मृत्युले
जिन्दगीसामु-
कहिलेसम्म डराइरहन्छौ, तिमी मसँग
कहिलेसम्म राखिरहन खोज्छौ मलाई अँध्यारोमा
अनेकौ उकाली ओराली पार गर्न सबने तिमी
किन वरण गर्न तम्सदैनौ मलाई ?

यथास्थितिमा अड्डेस लागेर बस्न चाहन्छ जिन्दगी
स्वाद लिन चाहँदैन नवलोकको
नाघेर अन्तरिक्षमा गुरूत्वाकर्षणको रेखा ।

मृत्युको पञ्जाबाट फुत्किएपछि
-पीडा आनन्द लाग्यो
-दुखाइ सञ्चो बन्यो
-रूबाइ हाँसोमा अनुवाद भयो ।

एउटा कोषेदुङ्गामा भर्खर मृत्युलाई छोडेपछि
कुमारी दुखका बिस्कुन सुकाउँदै
क्षण क्षणमा ढल्दै उठ्दै
रौं रौंमा बाँचेको अभिमानको अभिनय गर्दै
आकाश कुल्वँदै
पृथ्वी छाम्दै
ठान्दैछु अघि बढेको ।

कुनै मोडको कोषेदुङ्गामा मृत्यु भेटियो भने
मजासँग लाप्पा खेल्नेछु म ऊसँग
मृत्युको सिन्दुर सिउँदोमा हालेर
कहिलेसम्म डरलाई आनन्दको भ्रम ठान्दै
बाँचिरहने म ।

भ्रमको तुवाँलोमा बाँच्नु
आफैं तुवाँलो हुनु हो
वा, उकुज पल्टेको धाउलाई
बगैंचा मानेर लडिबुडी खेल्नु हो
अहिलेसम्म बलियो मृत्युलाई
जीवन भन्दै भागिरहेका रहेछौं हामी
जीवन, वास्तवमा जीवन हो या मृत्यु
एउटा कोषेदुङ्गामा ।
स्पष्ट हिसाब माग्छु म मृत्युसँग ।

ग्वँगुर्बु, नयाँ बसपार्क

मानिसले न उपन्यास भन्दै कसैको जीवनका सत्य घटना लेख्न थाल्ने सक्छन् न त्यसरी व्यवहारै चल्न सक्छ, आधाबाटोजस्तै अपवादबाहेक ।

हो, यस कृतिमा एउटा सामाजिक, ऐतिहासिक, शिक्षात्मक आदि उपन्यासका तत्व भरमार पाइन्छन् । माथि नै भनियो– यसमा ती सबै कच्चापदार्थ कुटकुट खाँदिएका छन् जुन एउटा उपन्यास बनाउन चाहिन्छ । तर सबैभन्दा मुख्य उपन्यास-तत्व यसमा छैन– कृत्रिमता, अभिव्यञ्जना, कल्पना । ।हो, ऐतिहासिक उपन्यासमा एक हदसम्म कथानक र पात्रहरू सत्यै राख्ने चलन नभएको हैन ।। लेखकको शब्दमा 'यो नग्न लाश हो, खोल नओढाइएको' । यहाँ स्मरणीय छ– उनले नग्नतालाई खोल नओढाइ सकेनन् । यो नै त्यो अकाट्य प्रमाण हो जसले उपन्यास हुन खोल चाहिने, यसमा खोल नहालिएको त्यसैले यो उपन्यास हुन नसकेको ठोकुवा गर्छ ।

उनी आफैंले पनि यसलाई उपन्यास हैन भनेर ठोकुवा गरेका छन्, तर उल्टोपट्टिबाट– 'यसका पात्र, घटना वास्तविक हुन्, काल्पनिकजस्तो लाग्न गए संयोग मात्र मानिनेछ' भन्ने घोषणाद्वारा । तापनि यसलाई उपन्यासै हो भनेर जोड गरिरहनु उनका जीवनको वास्तविकता हो जुन संजीवका अक्षर हुन् भन्ने चिनेर पनि, कुमार दाइका निमित्त चुनावी पर्चा चिन्लेले उनैले लेखेको भने पनि उनले होइनमै अड्ठी कसिरहे ।

तर उनले 'सबै मान्छे'– भगीदेखि गिरिजाप्रसाद कोइरालासम्म 'कठपुतली रहेछन्' भन्ने जुन आध्यात्मिक उद्बोधनको अत्यन्त मार्मिक र वास्तविक प्रसङ्ग उठाएका छन्, त्यो उपन्यासका नायक आत्मविकासको निम्ति माथिल्लो पावन खुड्किलो पुगेको सङ्केत हो जसरी शिक्षात्मक उपन्यासमा हुनेगर्छ ।

यस्तुतः आधाबाटो उनको माथि वर्णित आक्रोश वा विद्रोहको ज्वालाचाहिं हो जुन सलाइका काँटीका टुप्पाको बारुद भएर कागजको बट्टामा वा खोकामित्र सुतिरहने बन्दुकको गोलीझैं अभिव्यञ्जनाको औपन्यासिक खोलमा सुतिरहन मानिरहेको छैन । तर त्यो पर्याप्त दिश पनि छ न भापाली नक्सलवादी वा रोल्पाली माओवादी भएर जथाभावी पड्किँदैमा पार लाग्नेवाला छ न त निरीह कठपुतलीसरि नाचिरहेका तथाकथित वाम/दक्षिण नेता वा सुधारवादी सम्भान्तका हाँस न कुबुराका चालले नै समाजलाई परिवर्तन– आमूल परिवर्तन गर्न सक्छ भन्ने सत्यप्रति । न एउटा चोरलाई "मौकामा उहाँका हात लामा भैदिन्छन्" भन्ने अभिव्यञ्जनाले उनको आक्रोश मत्थर हुनै सक्छ । त्यसलाई उनी नामै नकाढी सक्तैनन् तर उपन्यासका माध्यमबाट, यो उनको बाध्यता नै हो । त्यस उपायहीनताको हुटहुटाउँदो अवस्थामा एउटा कलमबाट हान्न सक्ने कठोरतम क्षेप्यास्त्र हानेका छन् उनले आधाबाटो नामक उपन्यासका माध्यमबाट एक एक पात्रका चीरहरण गरेर ।

साँच्चै यसलाई उपन्यास भन्दिएर उनले "ननिदाए पनि आँखा चिम्लिएर निदाएको बहाना" भन्ने भनाइलाई चरितार्थ पारेका छन् । अब बिउँझाउन पानी नै छत्याउनु वा खाटबाटै लडाउनु पर्ला तर त्यसबाट पनि विवाद पर्ला तर व्यक्ति निदाएको बिएन भन्नेचाहिं कहिल्यै सिद्ध हुँदैन । अतः उनले लेखेका साँचो साँचो कुरासँग प्रतिवाद गर्ने, नाखुस हुने ठाउँ बन्द गरिदिएका छन् उनले यसलाई उपन्यास भनेर । अर्थात् अरूले हतियार झिक्ने नपाई हानिसकेका छन् आफूलेचाहिं । अब उनलाई निराधार मात्र हैन अत्यन्त अमिल्दो, अप्रासाङ्गिक बरु आफै कुण्ठा वा ईर्ष्यालाई सततमा निकालेर पेन्ट चोरीको आरोप लाउने वा बाबुको सासका अगाडि गरिबीले घिचेर संवेदनहीन हुन पुगेको नाबालकलाई दुई सय ऋण कबुल गराउने सम्भान्तलाई उनले हानिसकेका छन् र उनीहरूसँग अब त्यसको प्रतिकारको कुनै उपाय छैन । यही कुरा लागु हुन्छ नेतासम्मका प्रत्येक अन्य त्यस्ता पात्रसँग जहाँ विसङ्गति छ र जसप्रति विद्रोहको तारो हुने स्वाभाविकता छ, जोसँग त्यस्तो क्षेप्यास्त्र पाउने योग्यता छ ।

जे होस्, समयमा यो पङ्क्तिकार, श्री कृष्णले "यदा यदा हि....." भनेर आततायी विरुद्ध चक्र लिएर द्वापरमा अवतार लिएझैं यी कृष्ण उपन्यासनामक यस विशेष ग्रन्थका रूपमा मानवीय उत्पीडन विरुद्ध कलमको चक्र लिएर अवतार लिएका देखिँदैनन् र यी दुईमा त्यो तुल्यता छैन भन्नेमा आफ्नै मनलाई बुझाउन सकिरहेको छैन ।

साधुवाद

× × ×

समीक्षा

दुई कृतिः एक दृष्टि

✍ यादव भट्टराई

१. गोमा

नेपाली समालोचनाका क्षेत्रमा आफ्नो कलम दह्रो गरी उभ्याउनु भएकी सशक्त नारी हस्ताक्षरको नाउं हो - गार्गी शर्मा । त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए. गर्नुभई गार्गी शर्माले काशी हिन्दु विश्वविद्यालय, वाराणसी, भारतबाट साहित्यमै विद्यावारिधि गर्नुभएको छ । विभिन्न साहित्यिक र सामाजिक सङ्घसंस्थामा आबद्ध डा. गार्गी विभिन्न पदक एवम् पुरस्कारबाट सम्मानित हुनुहुन्छ । 'केही समीक्षा' (२०४९) , 'चांदनी शाहको काव्यभूमि' (२०४४), 'केही अनुसन्धानात्मक अभिव्यक्ति' (२०४६), 'बाङ्देलका नारी पात्रहरू' (२०५१), 'सिद्धिचरणका खण्डकाव्यको अध्ययन' (२०५१), 'गोठालेका बालपात्रहरू' (२०५३), 'केही समीक्षात्मक अभिव्यक्ति' (२०५३), 'संतदर्शनभित्र रूद्रराज पाण्डे' (२०५५), 'लक्ष्मीदेवी राजभण्डारीको काव्यसाधना' (२०५७), 'माधव घिमिरेका गीतिनाटकमा मानवतावाद' (२०५७) ,'शारदाका कवितामा विद्रोहात्मक स्वर' (२०५८) नामक समालोचनात्मक कृतिहरू प्रकाशन गरिसक्नुभएकी शर्माले पछिल्लो चरणमा 'गोमा' महाकाव्य (२०६३) नेपाली साहित्य-भण्डारलाई सुम्पनुभएको छ ।

गोमालाई नेपाली साहित्यको विशिष्ट नारीप्रतिभा मानिन्छ । वि.सं. १९८२ मा जन्मेर १९९४ को शारदा पत्रिकामा गोमाको 'जलन' छापिएर प्रकाशन भएको पाइन्छ । राणशासनकालमा नै विद्रोहपूर्ण कविता लेख्ने गोमाले जीवनको अन्तिम समयसम्म विभिन्न राजनीतिक व्यवस्थाको अनुभव गरेका प्रसङ्गहरू विदितै छन् । पुरूषले समेत राम्रोसँग पढ्ने अवसर नपाउने समयमा गोमाले अङ्ग्रेजी शिक्षा प्राप्त गरेको सन्दर्भ होस् वा आमा र छोरी दुवैसँगै स्नातक हुने प्रसङ्ग, साहित्यकार गोमाको जीवनमा यी र यस्ता अनेकौं प्रसङ्गले विशेष महत्त्व राख्दछन् । डा. गार्गी शर्माद्वारा आफ्नी ममतामयी आमाको सम्झनामा लेखिएको 'गोमा' काव्यकृतिले नारी स्रष्टा गोमाको जीवनी, व्यक्तित्व र कृतित्वका अनेकौं पाटाहरूलाई व्यक्त गरेको छ । मूलतः १३ सर्गमा संरचित 'गोमा' काव्यले जन्म, बाल्यकाल, हजुरबा, बिहा, ध्रुवको अवसानको आघात, काठमाडौं प्रस्थान, काठमाडौंमा कसरी पढिन, जागिर, गोमा र साहित्य, छोरीको जिम्मा नातिनीलाई , बहिनीलाई अन्तिम चिट्ठी, प्रयाणजस्ता शीर्षकहरू समेटेको छ । काव्यको अन्त्यमा परिशिष्ट राखिएको छ । लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठजस्ता साहित्यिक व्यक्तित्वहरूसँगको सङ्गतले गोमाको साहित्यिक व्यक्तित्व उज्यालिएको आभास हुन्छ हुन त जीवन पीडा र अभावले ग्रस्त बन्यो । आफू जन्मेको तीन महिना मै आमाको स्नेहबाट बञ्चित गोमाको जीवनको पूर्वार्द्ध कष्टकर रह्यो । सौतेनी आमाहरूको अपमानजन्य व्यवहार सहनु परे पनि स्नेहशील हजुरबाको वात्सल्य र त्यसपछि आठ वर्षको उमेरमा भएको विवाह, विवाहपछि धरतर्फको कठोर व्यवहार, जीवनप्रतिको वितृष्णा, हजुरबाको मृत्युपछि भीरबाट हाम फाल्ने असफल प्रयास, काठमाडौं आगमन र त्यसपछि साहित्यकारहरूसँगको परिचय र सङ्गतले साहित्यमा प्रवृत्त, नौकरी, साहित्य-सिर्जना र त्यसैबाट उचालिएको गोमाको साहित्यिक व्यक्तित्वलाई सुपुत्री गार्गी शर्माले अत्यन्त सरल र मार्मिक ढङ्गमा व्यक्त गर्नुभएको छ । वि.सं. २०३६ सालसम्म

कनिष्ठहरूलाई प्रोत्साहित गर्न हरहमेसा अघि बढ्ने धलेले साहित्यकारहरूलाई फूलमाला तथा खादा लगाइदिएर सन्मान गर्नेगरेको पाइन्छ । साहित्यिक संघ-संस्थामा आर्थिक सहयोग पुऱ्याएर पनि संस्थाको स्थायित्व र त्यसबाट उत्तरोत्तर उन्नति प्रगति गराउन लागिरहेकी देखिन्छिन् सुश्री धले । यस्ती उदारमना धलेले यसरी आफ्नो व्यथा पोखेकी छन् कवितामा "जीवनमा इमान्दार मान्छे पाइदैपाइएन" हो यस्तैछ हाम्रो समाज । यसलाई सुधार गर्न परेकोछ साहित्यिक शुभयात्राबाट । यसै भन्न खोजेजस्तो लाग्छ धलेले ।

कवयत्री धले स्वयम् सुश्री हुन् । वैयक्तिक रूपमा उनका आपफ्ना भन्नेको पीर चिन्ता छैन, तर उनलाई समाजमा देखिएको कुसंस्कार कुप्रवृत्ति र समाजिक कुकर्म बढ्छन् कि भन्ने चिन्ता भएको देखिनआउंछ । त्यसैले उनले "पीर" नाममै एउटा कविता रचेको हुनसक्छ ।

दियोको बत्ती पनि होइन
भूसको आगो पनि होइन
चुरोटको ठुटो पनि होइन
यो चकँघाम जस्तो पनि छैन
क्षति निभाउँदा पनि निभ्दैन
यो सल्किरहन्छ सल्किरहन्छ ।

.....

छाति भित्र पोल्छ भतभत पोल्छ
यो सधैंसधै सल्किरहन्छ सल्किरहन्छ

यस्तै यस्ता उद्गार एवम् चिन्ताका भावना छन् "मन मन्थन" भित्र । साहित्यकार धलेको लामो जीवनका उकाली ओरालीका अनुभूतिहरुले भरिएको छ यो कृति । विभिन्न विषय , स्वाद र रहस्यले सजिएको हुँदा महत्वपूर्ण हुन गएको छ यो कवितासङ्ग्रह । यसको अर्को विशेष कारण पनि छ । त्यो के भने कृतिकार नारी हुन् ।

नारी हाम्री आमा हुन्, दिदी हुन्, बहिनी हुन् र पियारी जीवन सगिनी हुन् । उनीहरुको प्रगतिमा हामी रमाउछौं । उनीहरुको सहभागितामा हामी सफल हुन्छौं । यो ध्रुवसत्य विषयहो । त्यसो हुँदाहुँदै पनि यहाँ नारीशिक्षाको कमी थियो । त्यसैले नेपाली साहित्यमा पनि नारी हस्ताक्षरको कमीले गर्दा हाम्रो साहित्ययात्रानै चाहेअनुसार अघि बढ्न सकेको थिएन । किनभने नारीमनका भावना पुरुषको अन्दाजले लेखेर लेखिँदैनथ्यो । त्यसैले हामीलाई नारी साहित्यकारको कमीले साहै पीलेको थियो । यद्यपि पुरुष साहित्यकार पनि कम भएर सिङ्गो नेपाली साहित्य जगत् छटपटाएको थियो । धेरै पछिमात्र यो फाँट उर्बर हुन खोजेको हो तर पनि नारी साहित्यकार त झन् छैदै थिएनन् । यसले गर्दा नेपाली साहित्य जगत् एकलकाँटे हुने भय थियो । यस्तै बेलामा भद्र धलेजस्ता केही नारीस्रष्टा उदाउनाले हाम्रो साहित्यजगत् सन्तुलित हुन खोजेको हो । नारी मनका भावना अङ्कलका भरमा पुरुष साहित्यकारका कलमले लेखिदा पबकै पनि वास्तविकता झल्कदैन । यस्तो अवस्थामा धलेजस्ता जाँगरिला नारीस्रष्टा उदाउनु सिङ्गो नेपाली साहित्यजगत् कै अहोभाग्य हो भन्न सकिन्छ ।

कवितासङ्ग्रह "मन-मन्थन" एउटा महत्वपूर्ण कृति हुँदै हो, यसलाई सष्टाले "प्रयोग" भनेर अझै तानतुन गर्नुभएकोछ । त्यस्तै मोहन कोइरालाले यो कवितासङ्ग्रहमा "मन-मन्थन र केही चर्चा" भनेर आफ्ना मनका भावनाले सुनटिकी लगाइदिनुभएको छ । उहाँको कथन छ "कवयत्री भद्र धलेले यस सङ्ग्रहबाट एकपल्ट नेपाली साहित्यमा नुतन अभिव्यञ्जना राख्न खोज्नुहुन्छ । यस कार्यले एक कुशल शिल्पीको रुपमा आउनुभएको मैले अनुभव गरेको छु । केही न केही असल कार्य गरिरहनु , केही न केही रचना कार्यमा लागिरहनु , केही न केही रङ्ग संयोजनमा लागिपर्नु उहाँको स्वभावै भइसकेकोछ । ती सब कार्यबाट "मन-मन्थन" उपयोगी ग्रन्थ सिद्ध हुनेमा दृढमत हुनेछैन ।"

यो कवितासङ्ग्रह साच्चै नै नयाँ र नौलोखालको देखिएको छ । स्तरीय कागजमा स्तरीय छपाइ भएको "मन-मन्थन" लेख्ने कबयत्री सुश्री भद्रकुमारी धलेलाई हार्दिक बधाइ एवम् धन्यवाद ।

समीक्षा

घलेजीको मन-मन्थन

✍ मुक्तिनाथ शर्मा

साहित्यभन्ने विषय वास्तवमा अनौठाको विषय हो। मानवमनका कल्पनासँग हररर उड्ने खेल्ने विषयहो साहित्य। विभिन्न विषयको स्वाद चाख्ने र रुप हेर्ने विषय हो साहित्य। त्यसैले मानवमन साहित्य सिर्जना गर्न रुचाउँछ। जति सिर्जना गर्छ, स्वयं आनन्दानुभव गर्छ र पुनःपुनः त्यो मार्गमा लागिरहन्छ। कहिले कुनै रस चाख्न पुग्छ त कहिले कुनै रसबाट तर्सन पनि नपुग्ने होइन। गुलियो मीठो होस् वा पीरो टर्रो पनि किन नहोस् साहित्यको रसपान गरिरहेकै हुन्छ मान्छे। त्यसैले उ साहित्यलाई कल्पनासँग मिसाउछ, सुन्दरतम भाषाको माध्यमबाट सौन्दर्य खोज्छ, सिँगार्छ । अनि त त्यहाँ रस कल्कलाउँछ, भाव विकसित हुन्छ र स्वयं धन्य धन्य भएको महसुस गर्छ साहित्यकार। सायद विधाताले नै मानवलाई साहित्य सिर्जना गर्नमा लाग्ने मन दिएका हुन्। यस्तै मन भएकी एउटी बिदुषी साहित्यसेवी व्यक्तित्व नेपाली साहित्य समाजले पाएकोछ, जन्माएकी छन् नेपाल आमाले। ती साहित्यकारको नाम हो- सुश्री भद्रकुमारी घले।

भद्रकुमारी घलेलाई नवोदित साहित्यकार भनिदैन। भनियो भने भन्नेको र लेख्नियो भने लेख्नेको दोष हुन्छ। किनभने भद्रकुमारी घले नेपालको राजनैतिक इतिहासमा होस् अथवा सामाजिक इतिहासमा वा साहित्यिक क्षेत्रमा होस् पुरानै नाम हो। परिपक्व राजनेता, समाजसेवी र साहित्यकार हुन् भद्र घले। साहित्यतिरको मात्र कुरा गर्दा भन्नैपर्दछ सुश्री भद्र घले कथाकार हुन्, कवि हुन् निबन्धकार हुन्, चित्रकार हुन्,काव्यकार हुन् र संस्कृतिकर्मी पनि हुन्। उनको पहुँच तथा पहिचान यी सबै क्षेत्रमा छ। सबै क्षेत्रका विज्ञहरु चिन्दछन् भद्र घलेलाई र सम्मान गर्दछन्। यहाँ अहिले उनको साहित्यिक यात्राको एउटा कवितासङ्ग्रहका विषयमा कुरा गर्न खोजिएको छ। त्यो कवितासग्रहको नाम हो "मन-मन्थन"

चौहत्तरबर्षीया सुश्री घलेको मन-मन्थन मा पहिलो कविताको रुपमा रहेकोछ "व्रत" र अन्तिम कविताका रुपमा छ "देशको कथा र व्यथा" यो एकसय आठौं कविता हो।

यसरी हेर्दा के भन्न मन लाग्छ भने यो कृति अथवा कवितासङ्ग्रहमा एकसय आठ कविता कुसुम उनिएका छन्। यो एउटा सुन्दरतम् पुष्पहार हो। यो पुष्पहार अथवा माला नेपालआमाका गलामा पहिराएकी हुन् कवयत्रीले।

चौहत्तरबर्षीया कवयत्री घलेको यो कवितासङ्ग्रहमा यस्ता यस्ता कविताहरु रहेकाछन् ती कविताबाट धेरै रुप र स्वादको रसपान गर्न सकिन्छ। लामो जीवन भोगाइबाट अनुभव गरिएका विषयहरुलाई कवितामा ढालेकी छन् कवयत्रीले। नमुनाका निमित्त "पाइन" कवितामा उल्लेख गरिएको छ :-

जीवनमा मैले खोजें मान्छे भेट्टाइन
जीवनमा इमान्दार मान्छे पाउदै पाइन।

यही कविताका अन्तिम दुई पङ्क्ति यस्ता छन्:-

सबै मबाट चाहन्छन् मात्र
मलाई बुझ्ने भेटिएन एउटा पनि पात्र।

धेरैजसो साहित्यिक कार्यक्रमहरुमा टुप्लुक्क उदाएर बरिष्ठ साहित्यकारलाई सम्मान दिन र

गोमाका कृतिहरूले प्रकाशनको सङ्घार टेक्न पाएका थिएनन्। क्रमशः २०३७ सालपछि दर्जनौं कृति प्रकाशित भएको पाइन्छ। प्रस्तुत काव्यकृतिमा अनुष्टुप, शालिनी, स्रग्विणी, उपजाति, बसन्ततिलका, समोहिता, मणीमध्य, नेपाली लोकलय, हिन्दीको चौपाई, भुजङ्गप्रयात, मात्रिक र बन्धमुक्त लयलगायतका छन्दहरूको सफल प्रयोग गरिएको छ। सर्जक गार्गी शर्माले गोमाको जीवनका कष्टकर क्षण र सिर्जनाका क्षण दुबैलाई मर्मस्पर्शी एवम् व्यापकरूपमा प्रस्तुत गर्नभएको छ। समीक्षा-समालोचनाका क्षेत्रमा कलम चलाइरहनु भएकी डा. गार्गीले काव्यका क्षेत्रमा समेत 'गोमा' काव्यमार्फत् आफ्नो काव्यसिर्जनाको विशिष्ट पहिचान गराउनु भएको छ। घटना र अवस्थाको चित्रणमा प्रयुक्त गाम्भीर्य, प्रस्तुतिमा सरलता र स्पष्टताले काव्यको महत्त्वलाई माथि उठाएको छ। कृतिभित्रको वेदना र प्रेरणाका अनगिन्ती प्रभावलाई सजिलै अनुभव गर्न सकिन्छ। देवकोटा र सिद्धिचरण श्रेष्ठसँग गोमाका प्रसङ्गले गोमाको जीवनको महत्त्वपूर्ण मोड्लाई चित्रण गर्दछ। यति मात्र होइन प्रस्तुत काव्यले गोमाको समग्र जीवन-क्षणलाई पाठकसँग परिचित हुने अवसर त दिन्छ नै, त्यसको साथै गोमाले बाँचेको समय र समाजका सङ्गत र बिसङ्गत पक्षलाई समेत चिनारी गराउन सकेको छ। डा. गार्गीको कलमले कतिपय सूक्तिमय श्लोकको समेत रचना गरेको छ। समसामयिक समाजले भोगेका अनन्त असहज परिस्थितिहरूबाट मुक्तिको कामना एवम् शान्तिको स्थापनानिम्ति सष्टाको कलमले याचना गरेको छ। सललित काव्यप्रवाह, सम्वेदनाको सफल प्रस्तुति, युगसापेक्ष चेतनप्रवाह, मातृस्नेह र मातृभक्तिको ज्वलन्त अभिव्यक्तिलगायतका विशिष्ट गुणले काव्य युक्त छ। काव्यले जीवनसङ्घर्षका अनेकन उकाला र उदेकलाग्दा पहाराहरूबाट गुढिएर पनि सिर्जना र साधनाले जीवनलाई उजिल्याई महत्तम उपलब्धि हासिल गर्नु भएकी गोमाको बिशिष्ट जीवन यथार्थलाई प्रस्तुत गरेको छ।

न्हूजः गठी, काठमाडौंद्वारा प्रकाशित प्रस्तुत काव्यमा राष्ट्रकवि माधव घिमिरे र प्रसिद्ध साहित्यकार मोदनाथ प्रश्रितका भूमिका समावेश गरिएका छन्। समग्रमा 'गोमा' महाकाव्य नेपाली साहित्य-फाँटलाई प्राप्त एक अमूल्य उपहार हो। काव्यका सन्दर्भमा मोदनाथ प्राश्रित लेख्नुहुन्छ - "नेपाली साहित्य क्षेत्रकी नारी नेतृत्वले नायकत्व पाएको आमाको उत्कृष्ट माहात्म्य उद्भाषित गर्ने र सिहै नारी जातिको गौरव-गरिमा बढाउने यस कृतिले महाकाव्यको उचाइ आर्जन गरेको कुरा टाढा-नजिक जताबाट हेरे पनि देख्न सकिन्छ।" नेपाली साहित्यमा आफ्नो विशिष्ट उपस्थिति जनाउनु भएकी सशक्त नारी हस्ताक्षर गोमाको नायकत्वमा एक उत्कृष्ट काव्यकृतिको सिर्जना गर्न सफल भएकी कवयित्री गार्गी शर्माको उज्ज्वल काव्यिक जीवनको शुभकामनासहित !

२. अनेक स्रष्टा अनेक प्रसङ्ग

हरि मञ्जुश्री नेपाली साहित्यसिर्जना, सम्पादन र अन्वेषणका क्षेत्रमा परिचित नाउँ हो। लामो समयदेखि साहित्य-कर्ममा संलग्न हुनुभएका हरि मञ्जुश्री पछिल्लो पटक 'अनेक स्रष्टा अनेक प्रसङ्ग' नामक नेपाली साहित्यमा बिशिष्ट स्थान बनाई दिवङ्गत ५३ जना साहित्यकारहरूका विविध घटना-प्रसङ्गलाई समेटेर तयार पारिएको कृति लिएर पुनः सार्वजनिक हुनु भएको छ। प्रस्तुत कृतिमा ती स्रष्टाहरूका साहित्यिक वा असाहित्यिक घटना-सन्दर्भहरूले महत्त्व पाएका छन्। अत्यन्त रोमाञ्चक शैलीमा लेखिएका स्रष्टाहरूसँगका घटनाहरू कुनै रोचक छन् त कुनै मर्मस्पर्शी छन्। कृतिभित्र भानुभक्त आचार्यदेखि जीवन आचार्यसम्मका दिवङ्गत ५३ स्रष्टाका प्रसङ्ग कोट्याउने चेष्टा गरिएको छ। भानुभक्त आचार्यले गजाधर सोतीका घरमा बास मागन जाँदा सोतीकी श्रीमतीले साँझका बेला बास नदिएको प्रसङ्ग रोचक छ। 'मोतीराम भट्टकी मुसलमान प्रेमिका, कुलचन्द्र गौतमको संस्कृत-ज्ञान, पहलमानसिंह स्वाँरको दुःख, लेखनाथ

पौड्यालको शृङ्खलाबद्ध चाकरीकला, प्रथम साहित्यिक सहिद कृष्णलाल अधिकारी, आफ्नै मान्छेबाट अपरिचित बाबुराम आचार्य, शम्भुप्रसाद ढुङ्गेले आसुकविको उपाधि प्राप्त गरेको सन्दर्भ, धरणीधर कोइरालाको सिंगानको मूल्य, काङ्ग्रेसका संस्थापक महानन्द सापकोटा, बोर भरि कथा-रचना राखेर 'शारदा' मा छाप्न पठाउने झपटबहादुर राणा, मिठाइ खानका निम्ति खुट्टो भाँप्न खोज्ने ऋद्धिबहादुर मल्ल, सङ्क्षिप्तरूपमा मन्तव्य राख्न अनुरोध गर्दा एक वाक्य बोलेर बस्ने प्रमुख अतिथि पारसमणि प्रधान, निधनको धेरै दिन पछि मात्र अरूले त्यसको जानकारी पाएको प्रसङ्गमा गुरूप्रसाद मैनाली, हेलाको फेला परेका नीलहरि ढकाल, लक्ष्मीनन्दन घालिसेको हत्या गर्न सघाएको अभियोग लागेका बालकृष्ण सम, माधवप्रसाद देवकोटाको शौचालय-प्रसङ्ग, चित्तधर हृदयबाट कविताको किरिया, युद्धप्रसाद मिश्रको डरलाग्दो दिन, कवितामा भाषण गर्ने लक्ष्मीप्रसाद देवकोटा, घाँस खाने योगी नरहरिनाथ, नेपाली विषयको परीक्षामा अनुत्तीर्ण भीमनिधि तिवारी, खाना खान बोलाएको बिर्सेर कविता सुनाएरै पाहुना फर्काउने सिद्धिचरण श्रेष्ठ, गोपाल पाँडे असीमको साढे ६ मिनेट, नयराज पन्तको रकेट अभियान, स्वीलम्पट भवानी भिक्षु, बि.पि. कोइरालाको घाउको अप्रेसन, केदारमान व्यथितको त्रिशुलीयात्रा, केशवराज पिंडालीको टाँकको करामत, गुणराज उपाध्यायको भगवान्प्रतिको भक्तिभाव, सपनाको फल चाख्न नपाएका गोपालप्रसाद रिमाल, छोरीसाई कापी दाइजो दिने चूडानाथ भट्टराय, कथामाथि बयान गर्ने जनकलाल शर्मा, फकीद्वारा पिसाब खान दिइएका पूर्णप्रसाद ब्राम्मण, एउटै पुस्तक तयार पार्न २७ वर्ष लगाउने अम्बिकाप्रसाद अधिकारी, लैनसिंह बाढेलको घाइते खुट्टो, विजय मल्लसाई भाण्डै मारेको कट्टले' जस्ता अत्यन्त रोचक र मर्मस्पर्शी घटनाका प्रसङ्गहरू प्रस्तुत कृतिमा समावेश गरिएका छन् । नेपाली साहित्यमा ख्याति कमाएका विशिष्ट व्यक्तित्वहरूका यस कृतिका प्रसङ्गहरू कुनै गौरव गर्नु पर्ने, कुनैले रिस उठाउने, कुनै दुःखी तुल्याउने, कुनैले सङ्घर्षका निम्ति प्रेरणा दिने, कुनै संवेदनशीलतामा पुऱ्याउने रहेका छन् । अत्यन्त सरल ढङ्गबाट एक स्रष्टाका एक प्रसङ्गलाई सङ्क्षिप्त शैलीमा प्रस्तुत गर्नसक्नु स्रस्टा हरि मञ्जुश्रीको सक्षमताको नमूना हो । कृतिमा गोमाको बिरालो मोह, चुनाव हारेर छक्क परेका भरतराज मन्थलीय, दौलत विक्रम विष्टको पहिलो बिवाह, कुलचन्द्र कोइरालाका कथाहरूमाथि ढलान, आफ्नै पैसा चोरेको चोरलाई पुरस्कार दिने शङ्कर कोइराला, उज्यालो चोरेर पढ्ने गोकुल जोशी, डा. गणेश भण्डारीले खुवाएको कथा-कविताको भोज, हरिभक्त कटुवाल र भट्टी, पैसा, कविता, आमा टोकुवाको आरोप लागेका भूपि शेरचन, सिद्धिचरणको गीत सुनेर आत्महत्या गर्नबाट रोकिएका बासु शशी, अभूतपूर्व सम्मान पाएकी पारिजात, विष्णु नवीनको सुरा, सारी र सर्प, उत्तम कुँवर रोएको साँझ, इष्टाभट्टाका मजदुर कुमुद देवकोटा, वेश्यालयमा धुनिएका श्रीविक्रम राणा, कौडाको जवाफ फूलले दिने जीवन आचार्यजस्ता प्रसङ्गहरू पनि आएका छन् ।

निबन्धको बान्कीमा संरचित यी रचनाहरूले दिवङ्गत स्रष्टाले भोगेका र प्रकाशमा आउने सम्भावना त्यत्ति नभएका यस किसिमका प्रसङ्गहरूलाई व्यक्त गर्न खोजेका छन् । साहित्यकार हरि मञ्जुश्रीले परिश्रमपूर्वक अन्वेषण र अध्ययन गरी संवेदनाको गहिराइ, कल्पनाको तीव्रता, कलात्मक प्रस्तुति र हास्यव्यङ्ग्यात्मक अभिव्यक्ति कुशलताका साथ 'अनेक स्रष्टा अनेक प्रसङ्ग' जस्तो महत्त्वपूर्ण कृति सार्वजनिक गर्नुभएको छ ।

भानुप्रकाशनद्वारा प्रकाशित प्रस्तुत कृतिमा श्याम भट्टराई, शिशिर शर्मा र भवानी घिमिरे लगायतका व्यक्तित्वहरूको कृतिबारेको भनाइ समावेश गरिएको छ । समग्रमा कुशलता र निर्भयसाथ प्रस्तुत गरिएको यस कृतिले नेपाली साहित्यमा नवीन एवम् विशेष महत्त्व राख्नेछ भन्ने कुरामा विश्वस्त हुँदै स्रष्टा मञ्जुश्रीलाई साधुवाद ।

भैरहवा

(हाल -नयाँबानेश्वर, काठमाडौं)

केही ताङ्काहरू

✍ मोहनबहादुर कायस्थ

१
दुर्गादेवीको
सिउँदोमा सिन्दुर
पोतिएको छ
सम्बन्धविच्छेदले
बाटो सफा भएछ ।

२.
काली मन्दिर
तुलुङकोट अग्लो
भव्य भवन
भग्नावशेष चित्र
बलिको मनभित्र ।

३.
राम्रो म लेख
निहुरने म हैन
मजस्तो हो म
न त तिमीजस्तै हो
मागेको कालो भाँडो ।

४.
मृत्युदण्डको
अदालती फैसला
कातर बन्छ
राजनीति-खेलमा
मानिस नै रेटिन्छ ।

५.
संविधानमा
कालचक्र घुसेछ
निर्मांता मित्र
पद्मचक्र भिर्दैमा
तमासा बेहोर्दै छ ।

६.
द्वेष बोक्नेले
रागसँगै लैजान्छ
द्वेष र राग
द्वेष चाँडै निखिन्छ
राग बोक्ने तड्पिन्छ ।

७.
रक्तकुण्डमा
दरबार बोल्ने भो
प्रत्यक्षदर्शी
खोज-तलास गर्दै
सूर्यास्त गन्दै चोर्दै ।

८.
विश्वमानव
आपत्कालभित्रमा
स्वतन्त्र बस्छ
आवाजमाथि गोली
कानुनमा बम छर्छ ।

९.
कुरो चपाई
संस्थागत भ्रष्टता
दलदलमा
हिलो छ्याप्दै हिंड्छौं
मयलपोस घुँदै ।

१०.
साझा बोलीमा
सोझाहरू ठगिन्छन्
गरिमा उड्छ
प्रकाशन अल्झिन्छ
धुवले मोज गर्छ ।

गतिविधि बरोबर नियाल्दै रहेछ। बुटवल आइपुग्नै लाग्दा उनले मलाई एक्कासि एउटा प्रश्न गऱ्यो,– दाइ ! तपाईंको साथमा केही हतियार छ ? प्रश्न मेरो गतिविधिसँग सान्दर्भिक थियो । र पनि, यसले मलाई रोमाञ्चित गरायो । नहड्बडाइकन मैले पनि सहज उत्तर दिएँ,– छ, मसँग ठूलै हतियार छ । हेर्नुहुन्छ भने हेर्नुस् भनेर मोबाइलसँगैको आफ्नो कलम झिकेर देखाईदिएँ । उसले अन्यमनस्क भावले मलाई ट्वाल्ट्वालती हेरिरह्यो, केही भन्न सकेन । ऊ नबोल्दै मैले फेरि थपिदिएँ,– यसले विचारको गोली प्रस्फुटन गर्छ । यसको असर जापानको नागासाकी र हिरोसिमामा खसेको अणुबमकोभन्दा बढी चोटिलो हुन्छ । त्यसैले, जो कोही पनि यो कलमरूपी हतियारसँग बढी डराउँछन् ।

मैले मुस्कुराउँदै भनेका यी कुरा सुनेपछि उसले विनम्रतापूर्वक भन्यो,– प्लिज, यसलाई अन्यथा नलिईदिनु होला । उसको यो भनाइलाई मैले हाँसेर टारिदिएँ । र, केही क्षणमै बुटवल झरेर आफ्नो बाटो लागें । ऊ हात ठड्याएर प्रशन्न मुद्रामा अझै मलाई अभिवादन गर्दै थियो ।

उसले मेरो जवाफलाई कुन रूपमा लियो वा त्यसप्रति उसको धारणा के बन्यो मलाई थाहा भएन । तर, मलाई भने यसले बढी खसखस गराइरह्यो । काठमाडौं फर्केलगतै कलमरूपी हतियारका कारण कारवाहीमा परी बारामा मारिएका पत्रकार वीरेन्द्र साहको शवसँगै भेटिएको उनको कलम आफ्ना लागि अमूल्य हुने भनी दस हजार रूपैयामा खरिद गर्ने र लिलाम बढाबढ भए अझै बढी मूल्य तिर्ने अधिवक्ता विष्णु भण्डारीको सम्मानजक उद्घोष र त्यो कलम बिक्री नगरी संस्थागत रूपमा सुरक्षित राख्ने पत्रकार मित्रहरूको चाहना सुनेपछि भने यात्रामा भेटिएका ती अपरिचित मित्र समक्ष कलमलाई ठूलो हतियारका रूपमा प्रदर्शन गरेको आफ्नो कार्यप्रति म सन्तुष्ट बनें । संयोगवश ती अपरिचित मित्र यात्राका अवसरमा कतै भेटिए भने म यो कुरा फेरि सम्झाउनेछु ।

र, यतिखेरै अरू सामु विनम्रतापूर्वक म के कामना गर्छु भने सम्पूर्ण मुलुक यस्तै शान्त बनोस्, जति मेरो यात्रामार्ग थियो । यसका लागि ठूलो कसरतको आवश्यकता पर्दैन, कलमरूपी हतियारमा विश्वास नै त्यसका लागि पर्याप्त छ । हामी त्यतै लागौं । त्यसो गरे कसो होला ? अस्तु ।

× × ×

आगो

✍ धुस्वाँ सायमि

आगो
जङ्गलमा लागेको छ
तर
आगो जङ्गली बन्दैन
किनभने
यो त आगो हो
जुन
मान्छेको जङ्गलमा लागेको छ ।

फेरि
मान्छेहरू सधैं
एकार्कोको विरोधी जमातमा बाँच्दछन्
र, भडकिएको आगोमा
मान्छेहरू स्वयम् जलेर
खरानी बनिरहेका छन्

अहिले
सारा संबाद नै
एउटा छलको
एउटा मृत्युको भैरहेका छन् ।

एक आगोको होली
बेमौसम सर्वत्र खेलिइरहेको छ

अहिले
विकल्पहीनतामा
मान्छेहरू आफैं फत्फताइरहेका छन् ।

लेख/निबन्ध

नाटकमा नाट्यसौन्दर्य

✍ गणराज काफ्ले

हाम्रा आर्य-ग्रन्थहरू अध्ययन गर्दा न ट्य-शास्त्रका प्रवर्तक श्री भरतमुनि हुन् भन्ने प्रष्ट हुन्छ । उनकै एक श्लोक छ

दुःखार्तानां श्रमार्तानां शोकार्तानां तपस्विनाम् ।
विश्राम जनन लोके नाट्यमेतद् भविष्यति ॥

अर्थ हुन्छ - "दुखित भएका थाकेका शोकमा परेका जप-तप गर्ने जनहरूलाई समेत आनन्दको ज्ञान पनि पढ्ने र हेर्ने देख्नेलाई हुन्छ तर तेस्को मुख्य प्रयोजन हो ।" नाटकबाट यत्र तत्र गरिएका पुरूषार्थहरू र अनेकतरहका कलाकारहरूको ज्ञान पनि पढ्ने र हेर्ने देख्नेलाई हुन्छ, तर त्यसको प्रयोजन हुन भने सक्तैन । पुरूषार्थहरू र कलाकारहरूको ज्ञान इतिहास, पुराण आदि अध्यनबाट राम्रो हुन्छ, तर दुःखार्त, श्रमार्त तथा शोकार्त जस्ता रम्यम्' यो भनाइले 'काव्यमा पनि नाटक चाहि रमाइलो हुन्छ' भन्ने बुझिन्छ । तैसैले पनि यही नै मुख्य प्रयोजन हो भन्न सकिन्छ ।

नाट्य वाङमयको जुन मुख्य आरुनु विशेषता हो तैसैकारण तेस्मा दुःखार्त, शोकार्त र श्रमार्त जस्ता भित्री मनमा आनन्दको झरना झारिरहने सामर्थ्य आउँछ । नाटकको यही अनौठो विशेषताका कारणले नै अनादि कालदेखि सबै प्रकार र वर्गका जनसमूह नाट्य-मन्दिरहरू (नाचघरहरू) मा जमघट भै समूहगत संगै व्यक्तिगत खुसी र आनन्दको अनुभव गर्दै आएका छन् र अझ पछिसम्म पनि अनुभव गरी नै रहनेछन् ।

"नाट्य भिन्न रूचेर्जनस्य बहुधाप्येकं समयराधनम्" यो संस्कृत उक्ति महाकवि कालीदासको नाटक विषयमा प्रशंसोद्गार निरापवाद सहय छ । बेग्लाबेग्लै रूचि लिने मानिसहरूलाई एकै चोटीमा खुसी र आनन्दविभोर गराउनु नै नाटकको काम हो । यस्ता नाटकहरूमा कालिदासको-शकुन्तला, लक्ष्मीप्रसाद देवकोटाको-मुनामदन, बालकृष्ण समको-मुकुन्द इन्दिरा, म, भीमनिधि तिवारीको - सहनशीला सुशीला, गोपालप्रसाद रिमालको - मसान र अरू नाटक माधवप्रसाद घिमिरेको - मालती मङ्गलेहरू जस्ता नाटकाकहरूका विभिन्न नाटकहरू पर्दछन् । झन् हिजो आज त नाटकमा बिभिन्न हाँगा बिंगा पलाएका देखिन्छन् । लघुनाटक, नाटिका, रेडियोनाटक विद्युतीयनाटक, टेलिनाटक, गीतिनाटक, सडकनाटक आदि इत्यादि । अझ ठूलो पर्दामा देखाइने सिनेमा आदि पनि नाटक वर्गमा पर्दछ । यी नानाविधि नाटकका हाँगाबिंगा पलाएका विभिन्न प्रवृत्तिका प्रवेशले नकरात्मक र सकरात्मक मानवीय विचारमा प्रभाव परेको देखिन थालेकोमा आँखा चिम्लन सकिँदैन । नाटकीय सान्दर्यसँगै आनन्दविभोरको बाटाबाट ओरालो लाग्छ कि भन्ने 'डर' उत्पन्न भएको छ । हुन त साना ठूला नाटक अनेकन छन् तर पनि कुनै कता कता गएर ढल्लो लाग्ने हुन्छ, त कतै कती चर्को लाग्ने हुन्छ । नाटकमा रसवत्ताको निर्माण गर्न जुन तत्त्वहरू आवश्यकता नाट्य-शास्त्रमा मानिएको छ । ती सबै शास्त्रोक्त तत्त्वहरू शकुन्तला, मुनामदन, प्रेमपिण्ड, गङ्गालालको चिता, जिउँदो लासहरूमा अत्यधिक मात्रामा विद्यमान छन् । त्यही नाटकीय तत्त्वहरूका कारणबाट बालकदेखि बुढोसम्म मूर्खदेखि महापण्डितसम्म, निरक्षरदेखि अत्यधिक साक्षर ज्ञातासम्म तथा प्राज्ञदेखि

विषेशज्ञसम्म सबै तहका सबै प्रकारका सामान्य मानिसहरूमा अनादिकालदेखि विषेश रूचिकर हुँदै आएका छन् । र, पछि पनि अनन्त कालसम्म झन् परिष्कृत नाटकहरूका सृजनाले झन् रूचिकर बढ्दै जाने तर्फ नकार्न सकिँदैन ।

उच्चस्तरका नाटकहरूमा आनन्द साधवत र सनप्तनछ । त्यस आनन्दमयताको रहस्य त्यसको नाट्यात्मकतामा नै छ अर्थात् भनौं नाटय सौन्दंयमा अवलम्बन रहेको छ । त्यस नाट्यात्मकता नाटकमा सौन्दर्यलाई पनि नाटकले आनन्द दिलाउने बिभोर गराउने गरेको छ ।

नाट्यशास्त्रमा नाट्य बाङ्मयको वस्तु नेता र रस यिनै ३ तत्त्वहरूमा विभाजन गर्दा विविध प्रकारका रूपकहरूमा आनन्ददायकता विकसित गर्ने दृष्टिले विधि निषेधात्मक मार्गदर्शन गरिएको छ । त्यस मार्गनिर्देशनको पालन जुनजुन साहित्यकारहरूले अनुशीलन गर्ने गरेका छन् त्यस त्यसका नाटक सर्वत्र सहृदयसहित सामाजिक अङ्गहरूमा निरन्तर मान्य भएका छन् । जसका कलाकृतिहरूमा त्यस मार्गनिर्देशनको उलङ्घन भएको छ त्यस्ता कृतिहरू सहृदय भएकाहरूका भित्रि मनमा घुस्ने र ठाउँ पाउने कुरै छैन र त्यस्ता रचना आफैं चाउरिएर बस्छ ।

कुनै पनि नाट्य कृतिको रमाइलोपना र सौन्दर्य त्यसको कथा वस्तुमा प्रमुख हैसियतले निर्भर रहन्छ । चतुर्विध अभिनयकला तथा सङ्गीत नृत्यादिका विशेषज्ञहरूलाई छाडेर प्रायः सबै साधारण दर्शकवर्गहरू नाटकको कथावस्तुमय नै ज्यादै तन्मय हुन्छन् । नाटकमा नाट्य प्रयोग र नाट्य सौन्दर्य हेरेपछि सबै दर्शकहरू आपसमा कथावस्तुकै चर्चा परिचर्चा गर्ने गर्दछन् । अरूहरू चिनेजानेहरूसँग पनि नाटकका विषय कथन वारे कुरा गर्दा कथावस्तुकै बिबेचना गर्दछन् । नाटकको कथावस्तु कस्तो प्रासङ्गिक हुने रहेछ विचार गरौं -

खास गरेर नाटकको कथावस्तु २ भागमा बाँडन आवश्यक होला (१) आधिकारिक कथावस्तु र (२) प्रासङ्गिक कथावस्तु । आधिकारिक कथावस्तु - नाट्यको जीवन प्रवाहसँग सोझै सम्बन्ध रहन्छ, त्यसै कारण त्यो मुख्य हुन्छ र प्रासङ्गिक कथावस्तु - त्यसभन्दा दूरान्वयबाट सम्बन्ध रहन्छ । अतः त्यो गौण हुन्छ । अर्थात् आधिकारिक कथावस्तु भिन्न खालीनाटकसंग सोझै घटेका घटनाहरू र प्रासङ्गिक कथावस्तुमा नाटकसंग घटेका घटनाका प्रसङ्गमा नाटकमा रोचकता ल्याउन तीठामीठा कुराहरू समावेस गरिएका हुन्छन् जुन कुरा नायकसंग सम्बन्धित हुने गर्छ ।

नाट्य शास्त्रमा प्रासङ्गिक कथावस्तुका २ वटा हाँगा पनि भेटिन्छन् ती हुन् १) पताकार र २) प्रकरी । यीनै दुईका लक्षण हुन् - "सानुबन्ध पताकरव्य प्रकरी च प्रदेशभाक्" एक ठाउँमा र "दुई मदनुवर्तते प्रासङ्गिक सा पताका पदन्य सा प्रकरी" भन्ने ठाउँमा भेटिन्छ त्यस्को अर्थ हो - जुन प्रासांङ्गीग कथावस्तु रूपक या नाटकमा ठाडासम्म चलिरहन्छ त्यसलाई पताका र जुन एकै ठाउँमा नै सीमित रहन्छ भने त्यसलाई प्रकरी भनिन्छ । नाट्यशास्त्र विषयको ग्रन्थ 'दशरूपक' मा यस विषयमा निकै नै वर्णन गरिएको भेटिन्छ जुन मनन योग्य छ ।

यसै प्रकार आधिकारिक तथा प्रासङ्गिक कथावस्तुमा १) प्रख्यात २) उत्पाय र ३) मिश्र अंश भएर नै तेसमा १) दिव्य २) मत्यं ३) दिव्यादिव्य व्यक्तित्वको चित्रण हुनाले नाटकमा ज्यादै रोचकता बढ्ने कुरा निर्विवाद छ । यसैले सौन्दर्यता बढ्छ पनि ।

रूपकको पनि या नाटकको पनि कथावस्तुमा खाली रोचकता भएर पनि यदि विशेष प्रयोजन भएन भने त्यो कथावस्तु कुनै फलदायी हुँदैन । यसै कारण त नाट्यशास्त्रमा शास्त्रकारहरूले कार्य त्रिवर्ग अर्थात् नाटकको कथावस्तु कार्य प्रयोजन फल (धर्म, अर्थ र कामरूपी) 'त्रिवर्ग' हो भनी वर्णन गरेको देखिन्छ । कथावस्तुको प्रयोजन सिद्ध गर्न जुन कुराको आवश्यकता हुन्छ त्यसैलाई नाट्य

तिनको रक्षा गर्नसक्ने छैनन् र तिनले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका मनुष्यरूपी प्राणीका जिभ्रोमा चढेर आफ्नो इतिहास बिसर्जन गर्नुपर्नेछ ।

म धेरै अघिदेखि चन्द्रीटालाई मनमा राखेर बरोबर दायाँबायाँ आँखा तन्काइरहेको थिएँ । बिस्तारै प्रगतिउन्मुख भइरहेको कपिलवस्तुको चन्द्रीटा बजार झण्डै दुई महिनाअघि ठूलो मानवीय क्षतिसहित ध्वस्त भएको थियो । त्यो समाचारले मलाई अझै पनि पोलिरहेको थियो । यसैले मेरो ध्यान त्यसतर्फ बढी केन्द्रित थियो । बेलाबेलामा चन्द्रीटाबासीको आर्तनाद समाचारमा आइरहन्थ्यो । कहिले सरकार बा अरू कोही गएर कोट्याएका बेला र वाहिलयकी उनीहरू आफै उकुस्मुकुस भएका बेला । यहाँको घटनाले निकै नराम्रो सङ्केत दिएको थियो । नहुनु पर्ने साहै नराम्रो घटना यसले व्यहोर्नुपरेको थियो । हरेकहिँ प्रतीक्षामा रहेको यो ध्वस्त बजार टुप्लुक्क आइपुग्यो । सडक छेउछाउ धुप्रिएका डढेका घरका अवशेष र बस, ट्रक आदिका कङ्काल देख्दा मेरो मन फेरि रोयो । हरे ! यहाँका बासिन्दाले कति कष्ट व्यहोर्नु पर्‍यो होला ? कस्तो वियोग सहनुपर्‍यो होला ! मान्छेमा मानवता हराएपछिको उसको कुकृत्य कसले आकलन गर्न सब्दोरहेछ र ! कठै ! सभ्यतामाथि यस्तो प्रहार !! ईश्वर तिमी छौ भने मानवताहीन मान्छे अब कदापि नबनाऊ । मैले अनायास यस्तै निवेदन गरें,– अदृश्य परमेश्वरसंग ।

धडीले दिनको बाह्र नघाइसकेको थियो । एक्कासि एउटा रसेटोतिर गएर गाडी रोकियो । लौ खाना खाने ठाउँ आइपुग्यो । छिटोछिटो खाना खाऊँ, गाडी धेरै रोकिँदैन । चालक दलले सबैलाई एकसाथ खीप जारी गरे । यात्रुहरूलाई विकल्पको अवसर त्यहाँ थिएन । भातभान्साको रसेटो एउटै मात्र थियो । त्यो ठाउँ कपिलवस्तुको इमिलिया थियो । र, त्यो बुटवलपट्टि नजिकिएको ठाउँ थियो ।

गाडी रोकिनेबित्तिकै भातकी अधिपति एउटी महिला ठूलो डेक्सी अगाडि राखेर धमाधम नाङ्गा हातले भातका डल्ला फुटाउन थालिन् । यात्रुहरू निरीह बनेर टुलुटुलु हेर्न थाले । हेराइको भाव बुझेर साहूनी आफै खुल्न थालिन्,– दिनको बाहबजे कहाँ पाइन्छ तातो साजी भात ? साहुनीको भनाइले भात चिसो मात्र नभएर बासी नै हो भन्ने पुष्टि गरिरहेको थियो । साहुजी भनाउदा भित्तातिर फर्किएर मुसुमुसु हाँसिरहेका थिए । सायद, उनी मनमनै भनिरहेका थिए,– तातो साजी भात खाने तिमीहरूको अधिकार छैन । हामी जे दिन्छौं त्यसैमा सन्तुष्ट हुनुपर्छ तिमीहरूले,– किलामा बाँधिएका राँगा र गोरूझैं । नभन्दै भटाभट बासी भातसहितका चौरासी व्यञ्जन आइपुगे टेबुलटेबुलमा । 'भोक मीठो कि भोजन मीठो' भनेर खुट्टाउने होश अघि नै उडिसकेको थियो । सबै यात्रु एउटा एउटा थाल समाएर जिउनारमा व्यस्त भए । म पनि बहुमततिरै लागें । संयोग ! बाँदाबाँदै पुरानो भात सकिएर पाक्दै गरेको ताजा भात बर्पिन आयो । सबैले अलिअलि थपे । म यतिखेर होटल र मेरो पेट तुलना गर्न थालें । निचोड्मा मेरो पेट र होटेलमा कुनै भिन्नता पाइन,– तलतल बासी भात, माथिमाथि साजी भात ।

जे भए पनि मसहित सबै यात्रुहरू तस परिसकेका थियौं । हातमुख धोइसकेर मैले सोधें,– साहुनी, जरिवाना कति लाग्यो ? साहुनी मुसुक्क हाँसिन्, पैसा पनि दोब्बरभन्दा बढी लिइनन् । यतिखेर अर्जन गैरे, राजु परियार र विष्णु माझीले गाएको साहै मीठो एउटा लोकगीतको सानो अंश झट्ट सम्झें – "गर्नु गर्‍यौ सुन्तली साहुनी बनेर लिन्छयौं पैसा गनेर बासी भातलाई साजी भनेर ।"

+++

खाना खाइसकेर मन अमिल्याउँदै म फेरि गाडीमा चढें । गाडी अब बुटवलको नजिकनजिक धकेलिँदै थियो । म बेलाबेलामा पायन्टको देब्रे खल्ती छामिरहेको हुन्थें । यो क्रम यात्राको सुरूदेखि नै चलिरहेको थियो । 'चरीको धन चुच्चो' भनेझैं म आफ्नो मोबाइल सेट खस्छ कि भनेर यसो गरिरहेको हुन्थें । मसँगैको सिटमा बुटवल छेउछाउ घर बताउने एकजना युवक यात्रु थियो । उसको जानकारी मलाई यत्तिमात्र थियो । लामो परिचय र भलाकुसारी गरेको थिइन । म आफ्नै धुनमा प्रकृति र बाहिरी वातावरणसँग खेलिरहेको हुन्थें । तर उसले मेरो

सक्ने क्षमता बोकेको बर्दियालाई अरू कुनै खोट लाउनुपर्ने अवस्था देखिएन ।

अर्को दिन बिहानै नेपालगञ्जहुँदै बुटवलका लागि पाइला अघि बढाएँ । प्रस्थानपछिको झण्डै आधा घण्टा भुइंमा उज्यालो झर्न सकेन । तैपनि, सडकका दृश्यहरूलाई बसको बत्तीले देखाउन कञ्जुस्याई

गरेन । देखायो । यो देखाइमा मान्छेको निरङ्कुशता र स्वेच्छाचारिताको हद कस्तो हुन्छ भन्ने प्रष्ट देखिन्थ्यो । शिवजी र यमराजका वाहनरूपी प्राणीहरू मान्छेले लादिदिएका धानसहितका गाडा कतै पक्की र कतै कच्ची बाटोमा सकीनसकी निरूत्तर तानिरहेका देखिन्थे । स्वतन्त्रताप्रेमी मान्छेले यी अबोध प्राणीमाथि गरेको यो अत्याचारी व्यवहारले मान्छेको मानसिकताको परिचय दिइरहेको देखिन्थ्यो । श्रम शोषणका विरूद्ध नारा चर्काउने सर्वश्रेष्ठ र बुद्धिमान् घोषित एउटा प्राणीले अबोध अर्को प्राणीमाथि गर्ने व्यवहार यस्तै हुन्छ ? अरू वादीहरू त यस्ता कुरामा पक्कै बोल्दैनन्, तर पशु अधिकारवादीहरूले पनि यस्ता कुरामा बोल्न मिल्दैन ?

गाडी नेपालगञ्ज छिचोलेर कोहलपुरहुँदै बुटवलतर्फ लम्कियो । अनेकन् झुक्याहटमा यात्रुहरू थर्पिँदै गए । कुर्सीका लागि त्यहाँ पनि पटकपटक वादविवाद परे । शक्ति सङ्घर्षका खेल त्यहाँ पनि देखियो । आखिर, साँठगाँठ गर्ने र झुक्याउनेले नै कुर्सी पायो । र, हाँक्नेले एकनास हाँकिरह्यो ।

यही मार्ग हो, २०५८ मा यात्रा तय गरिएको । यात्राको त्यतिखेरको सन्त्रासयुक्त सम्झना र बाताबरणसँग अहिलेको परिस्थितिलाई तुलना गर्दा वास्तवमै म हर्षविभोर भएँ । वन, जङ्गल, पाखा, पखेरा सब हुक्क थिए । निश्चिन्त थिए । आनन्दसँग सुसाइरहेका थिए । मध्यान्हको घामलाई पनि उनीहरू जितिरहेका देखिन्थे । न त त्यहाँ सिपाहीहरूले पाइला-पाइलामा जाँचपड्ताल गरिरहेका दृश्य भेटिन्थ्यो, न त बसबाट ओर्लिएर काखेनानी र झोलाझाम्टा घिसारिरहेका निरीह बटुवाहरूको लस्कर नै देख्न पाइन्थ्यो । यति मात्र होइन कुन कुनाबाट को निस्किन्छ र कसलाई के दुर्गतिमा पुऱ्याउँछ भन्ने चिन्ता पनि कोही कुनै यात्रुमा देखिँदैनथ्यो । सबै देवलोकको यात्राको अनुभूति गरिरहेका देखिन्थे ।

सडकहरू निर्धक्कसँग यात्रुहरूलाई स्वागत गर्दै ढाउस दिइरहेका देखिन्थे । त्यहाँ उनीहरूले यस्तो भनिरहेको अनुभूति हुन्थ्यो,– 'आउनुस्, डुक्कसँग यात्रा गर्नुस् । हाम्रो गर्भमा अब बारूद सकिएको छ । यतिखेर हामी एम्बुस थापेर बसिरहेका छैनौं । विश्वास गर्नुस्, हामी अब तपाईंहरूलाई धरापमा पार्दैनौं । हामी चोखिएका छौं । आउनुस्, डुक्कसँग यात्रा गर्नुस् ।

शरद् ऋतुको यौवनावस्था । मान्छेका गाउँबस्ती आउँदैगरेको झलक अलग्गै पाइन्थ्यो । सयपत्रीका सुन्दर बगैंचाहरू मखमलीलाई कस्सी ज्यापेर स्वयंबरका लागि कस्सिएजस्ता देखिने दृश्यहरूले यात्रुहरूलाई यस्तै आभास दिन्थ्यो । लाग्थ्यो,– यतिखेर कवि शिरोमणि लेखनाथ भइदिएका भए कति रमाउँथे होलान्, महाकवि देवकोटा भइदिएका भए कुन तरङ्गमा कति उड्थे होलान् । बिडम्बना, म बधुरो भने यतिखेर रमाउँदै, यतै कतै हराइरहेको छु । हिँड्दैछ पाइला मेट्दैछ भनेझैं म केही गर्न सकिरहेको छैन । तर पनि कुन्नि किन हो ! त्यसैत्यसै प्रफुल्लित भने भइरहेछु म,– यतिखेर ।

सडक दायाँबायाँका रूख बिरूवाहरू चित्ला पातमा आफूलाई टल्काएर रसिकभावमा यात्रुहरूलाई अभिवादन गर्दै हल्लिरहेका दृश्य यत्रतत्र सर्वत्र देखिन्थे । ठाउँठाउँमा आफ्नो गुजारा र यात्रुहरूको सुविस्ताका लागि भातभान्सा र चियाखाजाको पर्याप्त व्यवस्था देखिन्थ्यो । आउनुस् दाजु खाना खानुस् । आउनुस् दिदी खाजा खानुस् । यात्रुहरूको उमेर, लिङ्ग र वेशभूषा हेरेर आफन्तजस्तै उपयुक्त साइनोमा उनीहरू ऊराइरहेका देखिन्थे । तर पनि चालकसँग नाता नजोडिएका स्थानमा गाडी रोकिँदैनथ्यो ।

यत्तिकैमा, यात्रु टिप्दै गर्दा एउटा ट्रक फुत्त अगाडि लाग्यो । त्यसमा बिहान मात्र बर्दिया नेपालगञ्ज खण्डमा देखिएका यमराजका बाहनरूपी प्राणीका बूढा पुस्ताहरूलाई खाँदाखाँद गरेर लादिएको रहेछ, फिटिक्क चल्न नपाउने गरी । झट्ट सम्झेँ, यी निर्दोष र निरीह प्राणीहरू पशुपतिनाथको उपत्यकातर्फ मृत्युबरणका लागि सकसपूर्ण यात्रामा छन् । त्यहाँ, पशुपतिनाथले पनि

शास्त्रमा अर्थ प्रकृति संज्ञा दिइएको छ । भनूँ अर्थ प्रयोजन प्रकृति मूलकारण । यस अर्थ प्रकृतिको सिद्धिका लागि १) बीज २) बिन्दु ३) पताका ४) प्रकरी ५) कार्य नामक पाँच किसिमका अर्थ प्रकृतिहरूको अवलम्बन कथा (नाटक) का रचनामा हुनुपर्दछ । यसप्रकारले नाटकीय कथावस्तुमा हृदयतायाः आनन्ददायकता निर्माण गर्न जुन पाँच तत्त्वहरूको आवश्यकता नाट्यशास्त्रले प्रतिपादन गरिएका ती सबै उत्कृष्ट रूपमा हामी उच्चस्तरीय नाटकहरूमा सौन्दर्यको कसि पाउँछौं ।

नाटक (कथा) को मुख्य प्रयोजन सिद्ध गर्ने पाँच अर्थ प्रकृतिहरू जुन किसिमले उपादेय हुन्छन् त्यसै किसिमका साथ नै मुख्य प्रयोजनको सिद्धि पाँच अवस्थाहरूमा वर्णन गरिएमा ज्यादै रोचकता हुने हुन्छ र सुन्दरतामा निरबार आउँछ पनि १) आरम्भ २) यत्न ३) प्राप्त्याशा ४) नियतापि ५) फलागम - यी पाँच अवस्थालाई पन्साएर सहसा कुनै अचम्म उपायले फल प्राप्ति या मुख्य प्रयोजनको सिद्धि नाटकमा वर्णन गरेर कथावस्तुको रोचकता तत्कालै खतम (समाप्त) भै सिद्धिन पुग्छ । प्रायः स हिजोआजका नाटक रूपकहरू माथि उल्लेखित पाँच अवस्था विपरीत कताकता गएर खल्ला हुन पुगेको देखिन्छन् ।

माथि उल्लेखित गरिएका पाँच अर्थ प्रकृतिहरू पाँच अवस्थाहरू यथाक्रम समन्वयले प्रसन्न १) मुख २) प्रतिमुख ३) गर्भ ४) अवमर्श र ५) उपसंहार नामक पाँच सन्धिहरूमा कथावस्तुको अवस्था नाटयशास्त्रमा आवश्यक मानिएको छ । रूपकहरूमा दश प्रकारमा नाटक तथा प्रकरण नामक दुई किसिम चाहिं श्रेष्ठ मानिएका छन् । जसमा पाँचै सन्धिहरू हुन्छन् । यस अतिरिक्त भाण-व्यायोगादि गौण रूपक प्रकारहरू घटीभन्दा घटी एक र बढीभन्दा बढी चार संधिहरू हुन्छन् । यस्तै क्रमबद्धले रचिएका नाटकहरू सुरूदेखि अन्त्यसम्म आनन्दै आनन्दले ओतप्रोत हुन्छन् । यसैमा नाटकले आफ्नो सौन्दर्यको परख देखाउँछ ।

× × ×

चुँडिएको चङ्गा हुँ म

✍ मुकुन्द पथिक

चुँडिएको चङ्गा हुँ म, जहाँ पनि खस्न सक्छु
डर भन्ने छैदै छैन, जहाँ पनि बस्न सक्छु ।

लत्रिएको धागोसँग, सहकार्य हुँदै हुन्न
लट्टाइसँग जिन्दगीमा, भेट अब कैल्यै हुन्न
चल्नसम्म हुरी चल्छ, उड्ने आस छैदै छैन
च्यातिएको चङ्गा हुँ म, माया पाउने आसै छैन ।

आकाशमा कावा खाँदै, उड्नसम्म उडिसके
दिनसम्म धेरैलाई , हाँसो खुसी दिइसके
चङ्गा खेल्ने मान्छे पनि, धेरै टाढा गइसके
आज किन आफ्नो मान्छे, बिरानोझैं भइसके ।

चुँडिएको चङ्गा हुँ म, जहाँ पनि खस्न सक्छु
डर भन्ने छैदै छैन, जहाँ पनि बस्न सक्छु ।

ooo

गजल

✍ रासा

एक थुँगा फूल चढाउनु मेरो लाशमाथि
जे-छन् सबै कुरा उढाउनु मेरो लाशमाथि ।

बिते सारा क्षण महलको कल्पनामा डुबी
झुप्रो पनि अब लढाउनु मेरो लाशमाथि ।

नयाँ नाता जोडी अन्तै गए आफ्नै मान्छे पनि
एक्लो ज्यानलाई सढाउनु मेरो लाशमाथि ।

कति पढाउँछयौं प्रेम-कथा आँसु बगाएर
मैरै मृत्यु-कथा पढाउनु मेरो लाशमाथि ।

जे-जे थियो हिजो 'रासा' सित तिनै बेचिदियौ
मागेर नि जेथा बढाउनु मेरो लाशमाथि ।

यात्रा सन्दर्भ

दाइ, तपाईंको साथमा केही हतियार छ ?

✍ वासुदेव गुरागाईं

२०५८ सालको कुरा हो । चैत्र महिनाको पहिलो हप्ता । ऋतुराज बसन्तको आगमनको प्रारम्भिक पहर । म काठमाडौंबाट नेपालगञ्जहुँदै दाङको यात्रामा थिएँ । काठमाडौं–नेपालगञ्जको हवाई यात्रापछि त्यस दिन नेपालगञ्जमा नै बस्ने मेसो मिलाएँ ।

भोलिपल्ट लमहीहुँदै दाङको घोराही र त्यसपछि बेलझुण्डी पुग्नुथियो । माओवादी जनयुद्ध उत्कर्षतिर उन्मुख भइरहेको बेला । यसरी जथाभावी नहिँड्न धेरैको सल्लाह थियो । राप्ती अञ्चलको रमणीय दाङ उपत्यका । म त्यस समयको बीस वर्षअघि दुई महिना बसेको ठाउँ । त्यतिखेर कति आनन्दित थियो त्यो ठाउँ । अहिले त्यही ठाउँमा जान म हिच्किचाइरहेछु । जाऊँ कि नजाऊँ? दोमन गरिरहेछु । म एकदमै निरपराध व्यक्ति, मलाई त्यसरी हिँड्न केको डर ! मनमनै सोचेर म आफ्नो यात्राको लागि कस्सिएँ । तर, मलाई डराउन दिनेहरू त्यो कुरा स्वीकार गर्दैनथे । उनीहरू भन्थे,– परिवन्दमा परिन्छ, मुठभेडमा परिन्छ, सांढिको जुधाइ बाच्छाको मिचाइ हुन्छ । यतिखेर भने उनीहरूको तर्क मलाई ठीक लाग्थ्यो । किनकि, मैले सानै उमेरदेखि यस्तै सन्दर्भसंग मिल्ने एउटा उद्यान वरोवर सुन्दै आएको थिएँ,– 'हूलमूलमा जीउ जोगाउनू, अतिकालमा बीउ जोगाउनू ।'

नेपालगञ्जबाट सोझै दाङको घोराही जाने बस नमिलेर वा कुनि के कारणले हो म पूर्व जाने कुनै बस चढेर लमहीमा उतिएँ । लमहीबाट घोराही जाने मिनिबस समातेर मध्यान्ततिर घोराही पुगें । बागलुङको रातामाटाबाट चिप्लिएर दाङ घोराहीको बासिन्दा हुन पुगेका मेरा मित्र सूर्यनाथ सापकोटा तातो भातका साथ मेरो प्रतीक्षामा रहेछन् । दुवैले बडो प्रेमपूर्वक दुःखको मानो उदरस्त गऱ्यौं । भलाई सत्कार गर्न पाएर मित्र सापकोटाजी निकै प्रफुल्ल हुनुभयो । मैले बिनम्रतापूर्वक कृतज्ञता जनाएँ ।

दुःखको मानोलाई आफूमा विलय गरिसकेपछि म अर्का मित्र शेषराज गौतमलाई साथमा लिएर बेलझुण्डी पुगें । बुढेसकालमा साथीभाइले दिएको बूढो विद्यार्थीको विशेषणलाई सहर्ष स्वीकार्दै एक वर्षको अध्ययनपछि प्राप्त हुन लागेको शिक्षाशास्त्री एकवर्षे डिग्रीको प्रमाणपत्रका लागि म त्यहाँ पुगेको थिएँ । संयोग भनूँ वा मेरो सौभाग्य, त्यसै दिन मात्र अन्तिम नतीजा प्रकाशित भएको रहेछ । त्यसमाथि प्रथम श्रेणीमा नतीजा पाउँदा म झनै दङ्ग परें । त्यसैका लागि मेरो बुढेसकालीन प्रयास थियो । आफ्नो विवशताहरू दर्शाएर निवेदन गरेपछि मैले पाउनुपर्ने सबै प्रमाणपत्र त्यसै दिन पाएँ । सेवाग्राहीको समस्यालाई आत्मसात् गरी सहयोग गरिदिने सबैप्रति कृतज्ञता प्रकट गर्दै म रात्रिबासका लागि पुनः घोराही फर्किएँ, मित्र शेषराजजीका साथ ।

त्यसको भोलिपल्ट बिहान म सोझै नेपालगञ्ज जाने बस चढेर बाटो लागें । मैले यात्रा गर्दैगरेको बस लमहीबाट पार गरेको केही समयपछि घोराहीबाट लमही नपुग्दै, लमही नजिकैको स्थानमा माओवादी र अन्य पक्षबीच मुठभेड भएछ । त्यस घटनामा कति जना मरे वा घाइते मात्र भए, त्यस कुराको सम्झना मलाई अहिले रहेन । घटनाको हल्ला चलेपछि घोराहीमा रहेका मेरा मित्रहरू अताल्लिएर मेरो खोजखबर गर्न थालेछन् । खोजखबरका क्रममा म चढेको वसले घटना भएको भनिएको स्थान पार गरिसकेपछि त्यस्तो घटना भएको जानकारी पाएर उनीहरू डुबक भएछन् । तैपनि, नेपालगञ्ज पुगेपछि फोन सम्पर्क गर्न मलाई खबर

छोडिएछ । यस घटनाका विषयमा मलाई नेपालगञ्ज पुगेपछि मात्र थाहा भयो । मित्रहरूको शुभेच्छाले आफू सकुशल रहेको जनाउ दिएँ,– धन्यवादसहित फोनबाट ।

यस आलेखको ध्येय मेरो यात्रा वर्णन मात्र होइन । त्यतिखेरको भयावह परिस्थितिको सामान्य झलक उतार्नु पनि हो,– साइतिक रूपमा । यात्रावधि साहै छोटो थियो र यात्राको दूरी पनि त्यत्तिकै छोटो । तैपनि, यो दुई दिनको यात्रा मेरा लागि दुई वर्षजस्तो भयो । देखिने रूपमा बाटाभरि ठाउँठाउँमा नेपाली सेनाका सिपाहीहरू यात्रुहरूलाई कहिले बसबाट ओरालेर हिँडाउँथे, कहिले झोला छ्यमछ्याम–छुमछुम पार्थे, कहिले यता नयुक्त भन्थे, कहिले उता नहिँड्न भन्थे । कहिले शीचालयमा निगरानी, कहिले चिया पसलमा । कहिले यता कहिले कता के के हो के के । सजिलो उनीहरूलाई पनि थिएन । सबैतिर शङ्कैशङ्का । बाटाघाटा, रूख बिरूवा सबै त्रसित देखिन्थे, सशङ्कित देखिन्थे । उतातिर नदेखिने रूपमा रहेका माओवादी छ्यपामारहरू यात्रा मार्गमा थिए थिएनन्, त्यो थाहा भएन । तर, उनीहरूका कारण सिर्जित त्रास भने यत्रतत्र सर्वत्र फैलिएको थियो,– तन, मन, जमिन सबैतिर । सुबिस्ता त माओवादीहरूलाई पनि पक्कै थिएन होला, तर त्यो भन्दा बढी असुबिस्ता अरू सर्वसाधारण र सरकारी पक्षमा देखिन्थ्यो । यति छोटो यात्रा र दूरीमा त यतिबिघ्न सन्त्रास थियो भने यो भन्दा लामो यात्रा, दूरी र भौगोलिक बसाइको हालत कस्तो थियो होला, भोग्नेले जाने कुरा हो । बुढापाकाहरू त्यसै भन्दैनन्,– 'खुकुरीको मार अघानीलाई मात्र थाहा हुन्छ ।'

+++

करिब साढे पांच वर्षपछिको कुरा । शरद् ऋतु यौवनावस्थामा झुलिरहेको बेला । कार्तिक, २०६४ । म यसै क्षेत्रको यात्रामा प्रसङ्गवश फेरि निस्किएँ । मेरी अञ्चलको बर्दियादेखि लुम्बिनी अञ्चलको बुटवलसम्म र चितवनको नारायणगढहुँदै काठमाडौं फर्कने योजना बोकेर यात्राको लागि मैले साइत सारें । काठमाडौं-नेपालगञ्ज हवाईमार्ग र बाँकी सबै यात्रासतह मार्गबाट गर्ने योजना बन्यो । यात्रा त्यसैगरी सुरू भयो,– काठमाडौं-नेपालगञ्ज बुद्धएयरको हवाई उडानबाट । नेपालगञ्ज उत्रिंदासम्म मैले दायाँबायाँ केही सोचिनछु । केही सोचेको थिएँ भने म हवाईमार्गबाट नेपालगञ्ज पुग्दैछु भन्ने मात्र सोचें हुला । तर नेपालगञ्ज उत्रने वित्तिकै मेरो मन डबक फुल्यो । अहो ! म त बर्दिया पो जाँदैछु, त्यो पनि सतह मार्गबाट ।

माओवादी जनयुद्धका बेला बर्दियाका विषयमा समाचारपत्रहरूले पटकपटक थुप्रै लेखेका थिए । सञ्चारका अरू माध्यम विभिन्न एफएम, रेडियो र टेलिभिजनले त्यतिकै फुकेका थिए । प्रिय समाचार भए सायद त्यति वास्ता गरिँदैनथ्यो होला, तर अप्रिय समाचारका कारण तिनले अझै डेरा छाड्न मानेका छैनन् । ती त्रासहरूको डेरा यथावत् छ, सबै नेपालीका हृदयमा । नेपालगञ्ज बर्दिया सडकका बीचबीचमा भएका विगतका घटना, दुर्घटना र बर्दिया आँधिभित्रका अनेकन् सन्त्रासले मन डबक फुल्यो । अहिलेको परिस्थिति त्यस्तो छैन भन्ने जान्दाजान्दै पनि बाह्रवर्षे जनयुद्धको परिणतिका कारण मनभित्र यति कुरा उब्जिनुलाई मैले स्वाभाविक ठानें । 'अगुन्टोले हानेको कुकुर बिजुली चम्किँदा तर्सिन्छ' भनेझैं यस किसिमको तर्साइ नेपाली मानसपटलमा अझै दशकौं रहन सक्छ, मेरो विचारमा । यदि मेरो सोच यतिखेर पूर्वाग्रही बनेर नव्यक्तिएको भए ।

+++

अनेकन् सोच मनमा उब्जिए पनि डुबकका साथ म नेपालगञ्जबाट बर्दियाको लागि प्रस्थान गरें । किसानहरूले असारको दुःख भित्र्याएर वर्षभरि हाँस्ने बेला रहेछ । सुनौलो रूपमा लटरम्म फलेका धान कोही कुनिउँमा गएर बास बसिसकेका देखिन्थे भने कोही अझै उभिएर बटुवाहरूसँग बात मारिरहेका भेटिन्थे । यस्तो रमणीय दृश्यहरूका साथ सडकका दायाँबायाँ हाँसिरहेका हरिया रूखका रेखाचित्र पछ्याउँदै म सूर्य बास बस्नुअघि नै बर्दियाको सदरमुकाम गुलरिया पुगें । गुलरियाका विषयमा मलाई अरूले जे घुसाएका थिए, वास्तवमा त्यस्तो रहेनछ गुलरिया । असाध्यै रमणीय साथ्यो, यो मातृभूमिभित्रको एउटा भाग । सानो हरियाली बजार, सुन्दर बस्ती र शान्त वातावरण । अहा ! कति राम्रो ! पूर्व-पश्चिम राजमार्गको धुलोबाट भने अलिक पर पर्दोरहेछ, गुलरिया र अधिकांश बर्दिया । यत्ति मात्र हो, होइन भने आफ्ना सन्ततिलाई पुग्दो अन्न उब्जाउन